# राष्ट्रिय शिक्षा पद्धति
# २०२८–२०३२ सम्मको योजना

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
२०२८

श्री ५ महाराजधिराजबाट हुकुम बक्सेबमोजिम निर्दलिय प्रजातान्त्रिक पञ्चायती व्यवस्था र योजनाबद्ध राष्ट्रिय पुनर्निर्माणको आबश्यक्ता अनुकूल श्री ५ को सरकारद्वारा तयार गरी लागू गरिएको राष्ट्रिय शिक्षा पद्धतिको  योजना।

# भूमिका

नेपालमा भइरहेको तीव्र, निरुद्देश्य एवं असन्तुलित शिक्षाको प्रसारले शिक्षा पद्धतिलाई राष्ट्रको सामाजिक र आर्थिक वास्तविकताबाट पृथक तुल्याइरहेको कुरा श्री ५ को सरकारले धेरै अघिदेखि अनुभव गरिरहेको थियो। यसैले नै सन् १९५४ मा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग र सन् १९६१ मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो। यस बाहेक सन् १९६२ मा युनेस्कोको एक टोलीलाई निम्त्याइनु परम्परागत शिक्षा पद्धतिमा सुधार ल्याउने दृष्टिकोणले शिक्षाविद् एवं अन्य विशेषज्ञहरुले श्री ५ को सरकारलाई दिएको सुझाउ र सन् १९६८ मा राष्ट्रिय शिक्षा सल्लाहाकार समितिको गठन हुनुले पनि उक्त कुराको पुष्टि गर्दछ।
सन् १९६० मा निर्दलीय पञ्चायती व्यवस्था लागू भएपछि देशको आवश्यक्ता अनुरुपको शिक्षा पद्धतिको खाँचो अत्यधिक रुपमा अनुभव गरियो। शोषणरहित समाज स्थापना गर्ने पञ्चायती व्यवस्थाको लक्ष्य प्राप्ति गर्न आवश्यक वातावरण सृजना गर्न सक्ने शिक्षा पद्धति विकसित नभई नहुने अनुभव गरियो र यसैलाई योजनाको संक्षिप्त पृष्ठभूमि मान्न सकिन्छ। शिक्षा योजनाको प्रमुख उद्देश्य राष्ट्रलाई उत्पादन एवम् समानताको सिद्धान्तमा डोऱ्याउनु हो, देशमा प्रचलित असंगत र असंगठित शिक्षाका समस्याहरु समाधान गर्नु हो। यस योजनाले शिक्षालाई उत्पादनशील रुपमा एकीकरण गरी देशको आवश्यक्ता र आकांक्षालाई पूर्ति गर्ने लक्ष्य राखेको छ। जागीर खुवाउने माध्यम हुनको सट्टा शिक्षालाई राष्ट्रिय विकासको निमित्त अत्यावश्यक जनस्रोतको क्षेत्रमा लगानी स्वरुप उपयोग गर्ने सिद्धान्त यस योजनाले अपनाएको छ।

# विषय-सूची


परिचय ______ 1
नेपालमा शिक्षाः एक विवेचना ______ 3
राष्ट्रिय विकासका लागि शिक्षानीति ______ 8
शिक्षाको राष्ट्रिय उद्देश्य ______ 10
शिक्षाको संगठन ______ 11
पाठ्यक्रम ______ 25
शिक्षण पद्धति ______ 32
शिक्षण सामग्री ______ 33
शिक्षक तालिम ______ 38
शिक्षकहरुको सेवामा सुधार ______ 40
परीक्षा पद्धति ______ 43
शिक्षा प्रशासन ______ 45
निरीक्षण व्यवस्था ______ 53
आर्थिक अनुदान ______ 55
अतिरिक्त कार्यकलाप ______ 57
विद्यालयका लागि भौतिक साधनहरु ______ 59
प्रौढ शिक्षा ______ 61
राष्ट्रिय विकास सेवा ______ 62
छात्रवृत्ति ______ 64
अपाङ्गहरुको निमित्त शिक्षाको व्यवस्था ______ 66
सह–शिक्षाको व्यवस्था ______ 67
विभिन्न तहका अनुमानित विद्यार्थी तथा शिक्षक संख्या ______ 68
आगामी पाँच वर्षका लागि चाहिने विभिन्न तहको जनशक्तिको अनुमान ______ 79
योजना लागू गर्ने कार्यक्रम ______ 81
नयाँ शिक्षा योजना संक्षिप्तमा ______ 85

# परिचय

१.१ राष्ट्रनिर्माण एउटा जटिल तथा चुनौतिपूर्ण कार्य हो। यो कार्य जति उत्तेजनापूर्ण छ यति नै कठिन पनि छ। तर वास्तवमा यो कार्य केहीका लागि उत्तेजनापूर्ण छ भने धेरैका लागि कठोर छ। भविष्यको आशाले प्रेरित मुठीभर आधुनिक शिक्षित व्यक्तिहरु र यथावत स्थितिलाई रुचाउने बहुसंख्यक सुषुप्त व्यक्तिहरुको असङ्गत अनुपातले देशको प्रगतिलाई नै मन्द पारिरहेको छ। यस किसिमको स्थितिको परिवर्तन सम्पूर्ण जनशक्तिको व्यापक र प्रभावकारी परिचालनबाट मात्र सम्भव हुन सक्दछ। हामीले जीवन निर्वाह मात्रको अर्थ व्यवस्था र युगानुयुग पुरानो अज्ञान, दरिद्रता र अविकसिततासंग युद्ध गर्नु परेकोछ, देशको जनशक्तिलाई अनुशासित र सुवव्यस्थित तुल्याउनु परेको छ। हामीले अल्पकालिन प्राप्ति र दीर्घकालीन विकास, यस्तै सङ्कुचित स्वार्थ र राष्ट्रिय लक्ष्यको बीचमा विवेकपूर्ण छनोट गर्नु परेको छ।

१२ तर अन्य युद्धझै गरीवी तथा दरिद्रताको विरुद्ध गरिने युद्धमा सफल हुन पनि कठोर शारीरिक तथा मानसिक अनुशासनको आवश्यकता हुन्छ ।यस युद्धमा विजय प्राप्त गर्न नयाँ तरिका, उपयुक्त दक्षता र साहसिलो रणकौशल अपनाउने प्रतिभाको आवश्यकता पर्दछ ।यसका लागि सम्पूर्ण नेपाली जनताले आफूमा विकास कार्यका लागि आवश्यक दक्षता र प्रवृत्तिको अभिवृद्धि गर्नु परेको छ ।चिन्ह, विज्ञप्ति, परिपत्र र अरु आमसञ्चार प्रणालीद्वारा तिनीहरुलाई बढ्ता सुगम र सञ्चारयोग्य तुल्याउनु परेको छ ।राजनैतिक समुदायको विकास एवं अर्थ व्यवस्थाको आधुनिकीकरण गर्नका लागि उपर्युक्त कुराहरु अपरिहार्य छन् ।

१.३ प्रजातन्त्र जस्तै विकास पनि एउटा मानसिक प्रवृत्ति र जीवनको पद्धति हो। यो स्वयम् विकसित हुँदैन।यसलाई विकास गर्न निरन्तर प्रयास भैरहनुपर्छ। नेपाली समाजको विकासको सन्दर्भमा यो अझ बढी आवश्यक छ ।किनभने यसले राजनैतिक र आर्थिक विकासको दीर्घकालिन प्रकृयालाई निकै छिटो पार्ने अठोट गरेको छ ।जेहोस, यसका लागि नयाँ सीपहरु र नयाँ भूमिकाहरुको विकास गर्नु आवश्यक छ ।सिचाइका कुलाहरु स्वयम् खेतमा पुग्दैनन्, उन्नत बीजहरु आफै उम्रदैनन् , रासायनिक मलहरुको जथाभावी प्रयोगबाट सन्तोषजनक फल निस्कँदैन।ट्याक्टर र भारी यन्त्रहरु स्वयम् सञ्चालित हुदैनन्, नत यी आफै स्याहार सम्भार गर्छन्। कुनै प्राकृतिक घटनाबाट सडक र गोरेटाहरुको निर्माण हुदैन, नत विना प्रयासनै सङ्कुचित भावना, सामाजिक मतभिन्नताहरुको समाधान गर्न सकिन्छ ।मानिस नै विकासको प्रमुख चालक हो। उसलाई राज्यले प्राकृतिक तथा भौतिक स्रोतहरुको परिचालनमा प्रभावकारी ढङ्गले गतिशील पार्न सकेमा मात्र विकासको गति तीव्रतर हुन सक्तछ ।जवसम्म मानिसमा आधुनिकीकरणका लागि सहायक हुने भावना र कार्यक्षमताको

विकास हुँदैन तवसम्म पर्याप्तमात्रामा भौतिक विकासलाई गतिशील तथा स्वचालित बनाउन सकिँदैन । साथै यसको असर पनि राज्य प्रशासन व्यवस्थाका निमित्त कल्याणकारी हुन सक्तैन ।

१.४ वास्तवमा उपर्युक्त वास्तविकताको ज्ञानबाट नै पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएको छ ।प्रजातन्त्रलाई झै विकासलाई पनि स्वचालित तुल्याउनका लागि नेतृत्व र जिम्मेवारीको भावनालाई स्थानीय जनसमुदाय सम्म फिजाउनु परेको छ ।तर बहुजातीय तथा रुढीवादी समाज भएको नेपाल जस्तो देशको राजनैतिककरण गर्नु राष्ट्रिय एकता र एक स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न अक्षुण्ण राष्ट्रियताको विकासका लागि तवसम्म लाभदायक हुँदैन, जवसम्म सुनियोजित र केन्द्र निर्देशित सामाजिकीकरणको प्रकृया पहिले लागू हुँदैन। पञ्चायती व्यवस्थाले बिभिन्न आर्थिक र सामाजिक स्वार्थहरुको बीच सामञ्जस्य ल्याई, बहुभाषीय परम्पराहरुलाई व्यापक राष्ट्रियता सँग आवद्ध गराई, आर्थिक, सामाजिक गतिशीलतालाई अझ बढी प्रोत्साहित गरी, नेपालको भूराजनैतिक एकाइलाई सकारात्मक भावनात्मक अखण्डतामा परिणत गराई, देश र राजमुकुट प्रति भक्ति र वफादारीको भावनालाई प्रभावकारी बनाउने लक्ष्य राखेकोले यो झन महत्वपूर्ण हुन आएको छ ।उपर्युक्त व्यवस्थाको लक्ष्य हासिल गर्ने काम सम्पूर्ण जनसंख्यालाई परिचालन गरी देश विकासको महान कार्यमा सबैले सक्रिय भाग लिनु पर्दछ भन्ने कुरा बोध गराउनमा भर पर्दछ ।नेपाली जनताको सामाजिकीकरण अथवा वर्तमान राज्य व्यवस्थाले जनतालाई दिएको नयाँ जिम्मेवारी र भूमिका अनुसार काम हुन तब मात्र सम्भव छ, जब शिक्षा र राज्य व्यवस्थामा घनिष्ठ सम्बन्ध कायम गर्न सकिन्छ ।शिक्षाको उत्पादनलाई राज्य र विकासका लागि चाहिने लगानीका रुपमा प्रयोग गर्न सकेमात्र उपर्युक्त उद्देश्य पूर्ति हुनसक्दछ । वास्तवमा प्रस्तावित शिक्षा नीति यिनै तथ्यहरुबाट प्रेरित छ ।

# नेपालमा शिक्षाः एक विवेचना

२.१ गत दुई दशकमा, विशेष गरी २०१७ सालपछि नेपालले शिक्षाको क्षेत्रमा गरेको प्रगति तलको तालिकाबाट स्पष्ट हुन्छः–

तालिका .क॰

शिक्षाको विकास वि.सं. २००७–२०२७

| शिक्षाको स्तर | संस्थाहरुको संख्या | | | विद्यार्थी संख्या | | | शिक्षक संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २००७ | २०१८ | २०२७ | २००७ | २०१८ | २०२७ | २००७ | २०१८ | २०२७ |
| प्राथमिक | ३२१ | ४००१ | ७२५६ | ८५०५ | १८२५३३ | ४४९१४१ | – | – | १८२५० |
| माध्यमिक | ११ | १५६ | १०६५ | १६८० | २१११५ | १०२७०४ | – | – | ५४०७ |
| उच्च | २ | ३३ | ४९ | २५० | ५१४३ | १७२०० | – | ४१७ | १०७० |

तालिका .ख॰

शिक्षण संस्थाहरुमा विद्यार्थी संख्या

| वर्ष | प्राथमिक | निम्नमाध्यमिक | माध्यमिक |
|---|---|---|---|
| | ६ वर्षदेखि १० वर्षसम्मका केटाकेटीहरुको प्रतिशत | प्राथमिक विद्यालयमा पढ्ने विद्यार्थीहरुको अनुपातमा प्रतिशत | निम्नमाध्यामिक विद्यालयमा पढ्ने विद्यार्थीको अनुपातमा प्रतिशत |
| २००७ | ०.९ | १९.० | २०.५ |
| २०१८ | १५.८ | १२.० | २४.४ |
| २०२७ | ३२.० | २३.० | १६.० |

२.२ शिक्षाको प्रसार तीब्रतर तर लक्ष्यरहित भएकोले समस्याहरु उत्पन्न गराई दिएको छ, जसले गर्दा शिक्षा विकासका लागि प्राप्त सीमित आर्थिक स्रोतको लगानी अनुत्पादक तथा असन्तोषजनक देखिन्छ। यसले गर्दा शिक्षालाई उचित प्रकारले संचालन गर्न अति जरुरी भैसकेको छ। जसरी रोगको प्रभावकारी चिकित्सा रोगको ठीक लक्षण थाहा पाउनमा निर्भर गर्दछ, यसरी नै शिक्षा पद्धतिको पुनर्गठनका लागि शिक्षाका समस्याहरु पहिल्याउनु अति आवश्यक हुन्छ। यही कुरालाई ध्यानमा राखी यहाँ हाल देखिएका शिक्षाका समस्याहरु छोटकरीमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

## २.३ समस्याहरु

२.३.१ शिक्षाको नीति र लक्ष्यको स्पष्टसँग व्याख्या तथा निर्धारण गरिएको छैन।

(क॰ कसलाई, के, कसरी र कतिसम्म सिकाउने भन्ने कुरा अझसम्म निर्णय भैसकेको छैन।

(ख॰ केबल संख्यात्मक लक्ष्य बढाउने प्रयासले प्राप्त आर्थिक स्रोत पनि व्यापक रुपमा छरिन गएको छ र यसले शिक्षाको स्तरमा प्रतिकूल प्रभाव पारिरहेको छ।

(ग॰ शिक्षालाई उपभोग्य वस्तुको रुपमा व्यवहार गरिएको छ। अरु काममा खर्च गरी बाँकी रकम मात्र शिक्षालाई छुट्याउने आर्थिक नीति छ। शिक्षाको खर्चलाई आर्थिक विकासका लागि अपरिहार्य लगानीको रुपमा लिइएको छैन।

(घ॰ क्षेत्रीय आवश्यकता र संभाव्यताको विचार नगरी नयाँ शिक्षण संस्थाहरु खोलिन्छन्।

(ङ॰ आर्थिक अनुदान दिने निर्णय अव्यावहारिक र अवैज्ञानिक तरिकाले हुन्छ।

२.३.२ वर्तमान शिक्षा पद्धति समाजको अनुत्पादक मान्यताहरुमा आधारित छ।

(क॰ शिक्षालाई शारीरिक परिश्रमबाट छुट्कारा पाउने माध्यमको रुपमा विचार गरिन्छ।

(ख॰ नेपाली जनसमूहका अधिकांश पिछडिएका वर्गहरु शिक्षा पाउने अवसरबाट बञ्चित छन्।

(ग॰ नेपालको वर्तमान शिक्षा—पद्धतिमा साधारण शिक्षाको मात्र प्राधान्य छ।

(घ॰ वर्तमान शिक्षा—पद्धतिका विभिन्न तहहरु स्वयं पूर्ण छैनन्, प्राथमिक र माध्यमिक शिक्षाको एउटै मात्र उद्देश्य उच्चशिक्षामा जानका लागि विद्यार्थी तयार गर्ने भैरहेको छ।

(ङ॰ शिक्षाका अधिकांश सुविधाहरु शहरी क्षेत्रहरुमा मात्र प्राप्त छन्। यस्ता शहरी क्षेत्रका शिक्षण संस्थाहरुबाट शिक्षा उपार्जन गरी निस्कने व्यक्तिहरु शहरी जीवनका सुविधाहरु त्यागी दुर्गम क्षेत्रमा सेवार्थ जान रुचाउँदैनन्।

२.३.३ हालको शिक्षा पद्धति राष्ट्रिय योजनाका लक्ष्यहरुसित सम्पूर्णतया असम्बन्धित छ। यो कार्यमूलक छैन।

(क॰ शिक्षा व्यावसायिक छैन, यसले विद्यार्थीहरुलाई जीविकोपार्जन गर्ने काममा सहायता गर्दैन।

(ख॰ शिक्षाको लक्ष्य मध्यमस्तरीय जनशक्ति उत्पादन गर्ने रहेको छैन। यसको कारण व्यावसायिक कार्यकर्ताहरुको कम इज्जत र तलब हुनु हो। यसले गर्दा पनि प्राप्त विद्यार्थीहरु डिग्रीतर्फ नै बढ्ता आकर्षित हुन गएका छन्।

(ग॰ वर्तमान शिक्षा प्रणाली ज्ञानोपार्जनको प्रभावकारी माध्यम हुन सकेको छैन। वर्तमान परीक्षापद्धतिले विद्यार्थीहरुको कण्ठपार्ने प्रवृत्तिलाई प्रोत्साहित गरेको छ।

(घ॰ वर्तमान शिक्षा प्रणाली विद्यार्थीहरुको यथार्थता र आवश्यकतासँग असम्बन्धित छ। यो प्रणालीबाट देशको वर्तमान समस्या समाधान हुन सक्दैन। किनकी यस प्रणालीमा

विद्यार्थीलाई व्यावहारिक ज्ञान दिनको सट्टा सैद्धान्तिक ज्ञान दिनमा नै बढ्ता जोड दिइएको छ।

२.३.४ वर्तमान अवस्थामा शिक्षण संस्थाहरुको सुदृढीकरणमा जोड नदिइएकाले विभिन्न तहको शिक्षाको संख्यात्मक विकास मात्र हुन गई शिक्षाको गुणात्मक ह्रास हुन गएको छ।

(क॰ विद्यार्थीहरुको संख्यात्मक वृद्धिको अनुपातमा विद्यालयहरुमा भौतिक साधनहरुको व्यवस्था हुन सकेको छैन। यो समस्या शहरी क्षेत्रका शिक्षण संस्थाहरुमा अझ चर्को भैसकेको छ।

(ख॰ तालिम प्राप्त योग्य शिक्षकहरुको कमीले गर्दा आधुनिक शिक्षण पद्धतिको विकासमा ठूलो बाधा पुगिरहेको छ।

(ग॰ शिक्षा क्षेत्रले प्रतिभाशाली र योग्य व्यक्तिहरुलाई आकर्षण गर्न सकेको छैन। शिक्षित वर्गले शिक्षण पेशालाई हेलाँको दृष्टिकोणले हेर्दछन्। अरु पेशाको तुलनामा शिक्षण पेशामा काम गर्नेहरुको तलब कम भएकोले शिक्षकहरु शिक्षण पेशा छाडी अन्य पेशातिर आकर्षित हुन गएका छन्।

(घ॰ स्तरयुक्त पाठ्यपुस्तक र शैक्षिक सामग्रीहरुको कमीले गर्दा स्तरयुक्त शिक्षा प्रदान गर्ने प्रयास निष्क्रिय हुन गएकोछ। उक्त पाठ्यपुस्तक लेख्न तालिम प्राप्त लेखकहरुको ठूलो अभाव छ। पाठ्यपुस्तकहरु देशका कुनाकुनाका शिक्षण संस्थाहरुमा पुग्न सकेका छैनन्।

(ङ॰ हाम्रो वर्तमान परीक्षा प्रणालीले विद्यार्थीहरुको सही मूल्यांकन गर्न सकेको छैन। प्राथमिक र माध्यमिक विद्यालय तहमा परीक्षामा अनुत्तीर्ण हुँदा पनि माथिल्लो कक्षामा जान रोकिंदैन। एस.एल.सी. परीक्षामा उत्तीर्ण हुनु उच्चशिक्षामा प्रवेश गर्ने अधिकार पाउनु हो भन्ने धारणा छ।

(च॰ धैरैजसा शिक्षण संस्थाहरु व्यापारिक संस्था जस्तै नाफा गर्ने उद्देश्यले चलाइएका छन्। शिक्षण संस्थाहरु चलाउन चाहिने न्यूनतम भौतिक तथा शैक्षिक साधनहरुको प्रकार र स्तर निर्धारण नभएकाले विद्यालय संचालनमा जथाभावी भैरहेकोछ।

(छ॰ शिक्षण पेशामा काम गर्नेहरु आफ्नो कार्यक्षेत्रमा आधुनिकतम हुने उत्साह देखाउँदैनन्। यसको कारण पदोन्नति र प्रोत्साहन धैरै मात्रामा नोकरी वर्षको आधारमा हुन्छ, व्यक्तिगत कार्यक्षमता र कार्यकुशलताको आधारमा हुँदैन।

२.३.५ वर्तमान शिक्षा पद्धतिमा जम्मा हुँदै गइरहेका कमजोरीहरुको प्रभाव वर्तमान शिक्षण संस्थाहरुमा नराम्रो सामाजिक तथा आर्थिक परिणाम निकाल्ने शैक्षिक नोक्सानीको रुपमा प्रतिबिम्बित भएको छ।

(क॰ बीचमा विद्यालय छाड्ने, पुनः कक्षा दोहोऱ्याउने, अनुत्तीर्ण हुने र बेकार रहेका स्नातकहरु जस्ता शैक्षिक नोक्सानीहरु धैरै छन्। यदि यी सबै कुराको हिसाब गऱ्यो

भने शिक्षा क्षेत्रमा आर्थिक स्रोतको महत्वपूर्ण भाग वर्षेनी यसै प्रकारले नोक्सान भैरहेको अनुभव हुन्छ।

(ख॰ बीचमा विद्यालय छाड्ने अधिकांश विद्यार्थीहरु पिछडिएका वर्गका केटाकेटीहरु नै भएकाले यस प्रवृत्तिलाई यथावत रहन दिएमा यसको प्रभाव दीर्घकालिन दृष्टिकोणबाट नेपाली समाजको सन्तुलित विकासका लागि अनुकूल हुने देखिदैन।

२.३.६ अन्ततोगत्वा पूर्व उल्लिखित धेरैजसा समस्याहरु वास्तवमा शिक्षा प्रशासनको कमजोरीबाट नै उत्पन्न भएका देखिन्छन्।

(क॰ शिक्षा प्रशासनको वर्तमान पद्धति कार्यमूलक छैन। प्रशासनको ध्यान मूख्यतः आर्थिक अनुदान वितरण गर्नु, नयाँ शिक्षण संस्थाहरु खोल्न अनुमति प्रदान गर्नु, कर्मचारीको नियुक्ति र सरुवा गर्नु, व्यक्तिगत दर्खास्त र उजूरीहरुको छानवीन गर्नु आदि कुराहरुमा नै बढी अल्झिएको पाइन्छ।

(ख॰ शिक्षाको प्रशासनिक रुप अत्यधिक केन्द्रीकृत छ। शिक्षा सम्बन्धी प्रायः धेरैजसो विभाग, शाखा र योजना कार्यकलापहरु उपत्यकाभित्र सीमित छन् र ती मध्ये पनि धेरैजसो केन्द्रीय सचिवालयमा नै केन्द्रीत छन्। शिक्षाको क्षेत्रमा स–साना निर्णयहरु पनि केन्द्रीय कार्यालयहरुबाट नै लिइन्छन्।

(ग॰ शिक्षा प्रशासक र अधिकृतहरुको कार्यक्षेत्र, अधिकार र जिम्मेवारीको स्पष्ट व्याख्या भएको देखिन्न। कार्य विभाजनको अस्पष्टताले शिक्षा प्रशासनमा एक प्रकारको अन्यौलको वातावरण पैदा गरिदिएको छ, जसले गर्दा शिक्षा प्रशासनलाई छिटो छरितो गराउनमा गतिरोध उत्पन्न भइरहेको छ।

(घ॰ प्रशासनका उच्चतम एकाईहरुमा अनावश्यक रुपमा प्रशासनिक शक्ति केन्द्रीत हुन गएको छ। फलस्वरुप कर्मचारीहरुको सरुवा र बिदा, व्यक्तिगत दरखास्त र उजूरीहरु, आर्थिक अनुदान जस्ता साधारण र दैनिक प्रशासनका सामान्य कुराहरु पनि माथिल्लो स्तरमा निर्णय र स्वीकृतिका लागि पुग्दछन्। यसैले गर्दा उच्चस्तरीय अधिकृतहरु विभागीय समन्वय र कार्यक्रमको विस्तृत मूल्यांकन र नीति निर्देशन जस्ता मौलिक कुराहरुमा समय दिन प्रायः असमर्थ देखापरेका छन्।

(ङ॰ केन्द्रीय र क्षेत्रीय कार्यालयहरुको संगठनमा पनि प्रशस्त असन्तुलन पाइन्छ। यदि केन्द्रीय विभागहरुमा तालिम प्राप्त बहुसंख्यक तर पूर्ण रुपमा प्रयोग हुन नसकेका अधिकृतहरु नियुक्त छन् भने क्षेत्रीय शाखाहरुमा चाहिंदो दरबन्दीको पनि अभाव देखिन्छ। साथै उक्त शाखाहरु धेरैजसो कम तालिम प्राप्त र तल्ला स्तरका कर्मचारीहरुबाट संचालित भैरहेका छन्। यसमा पनि केन्द्रबाट चाहिंदो अधिकारहरु उक्त शाखाहरुलाई प्रत्यायोजन नहुँदा तिनीहरुले शिक्षाको प्रसार र विकासमा प्रभावकारी भूमिका खेल्न सकेका छैनन्।

(च॰ शिक्षा प्रशासन अन्तर्गत पर्ने विभिन्न शाखा, उपशाखा र कार्यक्रमहरु, साथै केन्द्रीय र जिल्लास्तरीय कार्यालयहरुका बीच प्रभावकारी संचारको अभावले गर्दा एक प्रकारको असामञ्जस्य उत्पन्न हुन गएको छ। प्रायः संचार माथिबाट तल्लो तहमा मात्र गइरहेको पाइन्छ। टिप्पणी र लिखित आदेशहरुले नै बढी समय लिएको देखिन्छ। अधिकृतहरुकाबीच कार्यक्रम सम्बन्धी व्यक्तिगत भेटघाट र औपचारिक छलफलको धैरै नै अभाव देखिन्छ।

(छ॰ केन्द्रीय कार्यालयबाट क्षेत्रीय कार्यक्रमहरुको धैरै कम निरीक्षण भएको देखिन्छ। उच्च तहका कर्मचारीहरु विशेषतः केन्द्रमा नै रहन मन पराउँदछन्, धैरैकम समय क्षेत्रीय भ्रमण र निरीक्षणका लागि दिन्छन्। यिनै कुराहरुले गर्दा शिक्षा प्रशासनमा एक प्रकारको शिथिलता उत्पन्न हुन गएको छ। शिक्षा प्रशासन विकास उन्मूख भूमिका खेल्न असमर्थ प्रायः देखिन्छ।

# राष्ट्रिय विकासका लागि शिक्षानीति

३.१ प्रस्तावित राष्ट्रिय शिक्षा पद्धतिको लक्ष्य यस प्रकार हुनेछः–

(क) विभिन्न आर्थिक र सामाजिक स्वार्थहरुका बीच सामञ्जस्य ल्याई, बहुभाषीय परम्पराहरुलाई व्यापक राष्ट्रियतासँग आवद्ध गराई, आर्थिक र सामाजिक गतिशीलतालाई अझ बढी प्रोत्साहित गरी, नेपालको भूराजनैतिक एकाईलाई सकारात्मक भावनात्मक अखण्डतामा परिणत गराई, देश र राजमुकुटप्रति भक्ति र ईमान्दारीको भावनालाई अझ सुदृढ बनाउने।

(ख) राष्ट्रिय एकता अझ बढी सुदृढ र विकसित तुल्याउन हाल देशमा प्रचलित पूरानो र नयाँ शिक्षाका विभिन्न पद्धतिहरुलाई एउटा राष्ट्रिय शिक्षा प्रणाली अन्तर्गत ल्याई देशको बौद्धिक परम्पराहरुमा एकरुपता प्रदान गर्ने।

(ग) राष्ट्रिय विकासलाई चाहिने जनशक्तिको आवश्यकतालाई पूरा गर्ने, राष्ट्रिय संस्कृति र पञ्चायती व्यवस्थामा अझ बढी आस्था जगाउने।

३.२ उपर्युक्त उद्देश्यहरुको प्राप्तिका लागि निम्नलिखित कदमहरु अपनाइनेछन् :–

## (क) प्राथमिकताको निर्धारण

(१) राष्ट्रिय योजनाको सफल कार्यान्वयनलाई चाहिने प्राविधिक जनशक्तिको आवश्यकता पूरा गर्ने उद्देश्यले व्यावसायिक शिक्षामा जोड दिइनेछ।

(२) उच्चशिक्षालाई भविष्यमा उपलब्ध हुन सक्ने कार्य अवसरसँग सम्बन्धित गरिनेछ।

(३) शिक्षाको गुणात्मक प्रगतिलाई संख्यात्मक प्रगतिसँग सन्तुलन गरिनेछ। क्रमशः शिक्षाका नयाँ सुविधाहरु योजनाबद्ध तरिकाले दुर्गम क्षेत्रहरुमा प्रसार गरिनेछन्।

(४) शिक्षाको स्तर बढाउन आवश्यक शैक्षिक सामग्रीहरुको उत्पादन र वितरणमा जोड दिइनेछ।

(५) प्रोत्साहनको व्यवस्था समेत गरी शिक्षण पेशाको स्तर बढाइनेछ र त्यसलाई अरु पेशाको दाँजोमा ल्याइनेछ।

(६) शिक्षा प्रशासनमा निरीक्षण व्यवस्थालाई सुदृढ तुल्याइनेछ।

(७) शिक्षण संस्थाहरुमा अतिरिक्त कार्यकलापहरुको उचित व्यवस्था गरी त्यहाँ बौद्धिक वातावरण कायम गर्ने र विद्यार्थीहरुलाई राष्ट्र निर्माणमा सक्रिय भाग लिन लगाइनेछ।

## (ख) पाठ्यक्रमलाई स्तरयुक्त बनाउने

(१) विभिन्न तहका पाठ्यक्रम देशभरी केन्द्र-निर्देशित तथा समान हुनेछन्।

(२) पाठ्यपुस्तक र सहायक पुस्तकहरुको निर्माण र छनौट शिक्षाको स्तर बढाउने उद्देश्यले मात्र हुने होइन कि सबै विद्यार्थीहरुलाई एउटै प्रकारको ज्ञान र अनुभव दिनका लागि पनि हुनेछ।

(३॰ विभिन्न स्थानीय भाषाहरुबाट शब्द तथा बोलीहरु लिएर राष्ट्र भाषालाई अझ बढी सुदृढ बनाइने छ र राष्ट्र भाषालाई प्रभावकारी पढाइको माध्यमका रुपमा विकास गरिनेछ।

### (ग॰ शिक्षाको स्तरमा समानता ल्याउने

(१॰ शिक्षाको प्रत्येक तहको लक्ष्य स्पष्ट गरिनेछ।

(२॰ आन्तरिक मूल्यांकन, सामयिक परीक्षाहरु साथसाथै चलाइनेछन्।

(३॰ प्रत्येक तहको अन्तमा अन्तिम परीक्षा हुनेछ र अर्को तहमा उक्लन उक्त परीक्षामा उत्तीर्ण हुनु अनिवार्य हुनेछ।

(४॰ एस.एल.सी. परीक्षापछि उच्चशिक्षा प्रवेश परीक्षाको संचालन गरिनेछ। यस परीक्षामा प्रत्येक विद्यार्थीले देखाएको योग्यताका आधारमा उच्चशिक्षाको अवसर दिइनेछ।

### (घ॰ शिक्षाको अवसर धेरैलाई दिने

(१॰ कम साधनयुक्त कमस्तरका विद्यालयहरुको स्तरमा वृद्धि गरिनेछ। कम साधनयुक्त गरीब विद्यालय र राम्रा खर्चिला विद्यालयहरुका बीच रहेको अन्तरलाई क्रमशः घटाउँदै लाने दिशातर्फ प्रभावकारी कदम उठाइनेछ।

(२॰ प्रतिभाशाली, तर गरीब विद्यार्थीहरुले आफ्नो शिक्षा पूर्ण गर्न सकून् भन्ने हेतुले छात्रवृत्तिहरुको व्यवस्था गरिनेछ।

# शिक्षाको राष्ट्रिय उद्देश्य

दलविहिन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अनुकूल न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना राष्ट्रिय शिक्षा प्रणालीको स्वस्थ र सुनियोजित आयोजनाबाट मात्र सम्भव भएकोले नेपाल अधिराज्यमा शिक्षाका राष्ट्रिय उद्देश्यहरु देहाय बमोजिम निर्दिष्ट गरिएका छन् :–

(१॰ राष्ट्र र राष्ट्रियताप्रति वफादार रही राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने तथा पञ्चायती व्यवस्था अनुकूल आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सक्रिय रहने नागरिक तयार गर्ने,

(२॰ देशको आर्थिक विकासका लागि आवश्यक ज्ञान, विज्ञान, प्राविधिक दक्षता र सीपको विकास, संरक्षण, सम्बर्द्धन र प्रसार गरी देश विकासको प्रत्येक कार्यक्षेत्रमा आवश्यक योग्य कार्यकर्ताहरु तयार गर्ने,

(३॰ प्रत्येक व्यक्तिमा निम्नलिखित कुराहरुको विकास गर्नेः–

(क॰ नैतिक चरित्र,

(ख॰ परिश्रम गर्ने बानी,

(ग॰ स्वावलम्बी हुने बानी,

(घ॰ सिर्जनात्मक प्रबृत्ति,

(ङ॰ वैज्ञानिक ढंगले विचार गर्ने प्रबृत्ति,

(च॰ अरुको असल भावना र विचारको कदर गर्ने बानी,

(छ॰ कुशल कला र सौन्दर्यप्रति अनुरागपूर्ण भावना,

(ज॰ विश्ववन्धुत्वको भावना।

(४॰ राष्ट्र भाषा, संस्कृति, साहित्य र कलाको विकास, संरक्षण, सम्बर्द्धन र प्रसार गर्ने।

# शिक्षाको संगठन

उपर्युक्त उद्देश्य प्राप्तिका लागि शिक्षाको संगठन पनि उद्देश्य सुहाउँदो हुनु पर्दछ। हालको शिक्षाको संगठनमा प्रत्येक तहको स्पष्ट उद्देश्य छैन र विभिन्न तह निश्चित उद्देश्य प्राप्तिका लागि गठन गरिएको छैन।

प्राथमिक शिक्षाको हालको अवधि ५ वर्षको छ। यो अवधि साक्षरताको सीप मात्र सिकाउनलाई बढी र अरु सीप, प्रवृत्ति र ज्ञान सिकाउनलाई अपर्याप्त छ। अब नयाँ शिक्षा संगठन यस प्रकार हुनेछः–

(१॰ प्रथम तह— कक्षा १ देखि कक्षा ३ सम्म .प्राथमिक शिक्षा॰ यस तहको शिक्षाको उद्देश्य साक्षरताको शिक्षा दिनु हुनेछ।

(२॰ दोस्रो तह— कक्षा ४ देखि कक्षा ७ सम्म .निम्नमाध्यमिक शिक्षा॰ यस तहको शिक्षाको उद्देश्य देशभक्ति, राजभक्ति सिकाई चरित्र निर्माण गर्नु हुनेछ र पूर्वव्यावसायिक शिक्षाको प्रारम्भ गर्नु हुनेछ।

(३॰ तेस्रो तह— कक्षा ८ देखि कक्षा १० सम्म .माध्यमिक शिक्षा॰ यो तहको शिक्षाको उद्देश्य व्यावसायिक शिक्षामा जोड दिई उत्पादनशील र उपयोगी नागरिक तयार गर्नु हुनेछ। वर्तमान शिक्षा संगठन र नयाँ शिक्षा संगठको फरक तल देखाइन्छः

## वर्तमान शिक्षाको संगठन

प्राथमिक

| | | | | |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |

मिडिल

| | | |
|---|---|---|
| ६ | ७ | ८ |

हाई

| | |
|---|---|
| ९ | १० |

### नयाँ शिक्षाको संगठन

प्राथमिक

| | | |
|---|---|---|
| १ | २ | ३ |

निम्नमाध्यमिक

| | | | |
|---|---|---|---|
| ४ | ५ | ६ | ७ |

माध्यमिक

| | | |
|---|---|---|
| ८ | ९ | १० |

## उच्च शिक्षाको तह

उच्चशिक्षालाई निम्नबमोजिम चार तहमा संगठन गरिनेछः–

(क॰ प्रमाणपत्र तह,

(ख॰ डिप्लोमा तह,

(ग॰ डिग्री तह,

(घ॰ अनुसन्धान तह।

## उच्चशिक्षाको उद्देश्य

उच्चशिक्षाको मूख्य उद्देश्य तालिम प्राप्त जनशक्ति तयार गर्नु हो। तसर्थ उच्चशिक्षाको प्रत्येक तहलाई प्रचलित तालिम प्राप्त जनशक्तिका तहहरुसँग सम्बन्धित गर्ने व्यवस्था हुनेछ।

(क॰ प्रमाणपत्र तह पास गर्ने व्यक्ति निम्नस्तरीय जनशक्ति हुनेछ।

(ख॰ डिप्लोमा तह पास गर्ने व्यक्ति मध्यमस्तरीय जनशक्ति हुनेछ।

(ग॰ डिग्री तह पास गर्ने व्यक्ति उच्चस्तरीय जनशक्ति हुनेछ।

(घ॰ अनुसन्धान तह पास गर्ने व्यक्ति अनुसन्धान जनशक्ति हुनेछ।

सम्पूर्ण शिक्षाको संगठन अर्को पानामा देखाइएको छ।

कक्षा ७ सम्म देशभरी सबै बालबालिकाहरुको लागि एकै प्रकारको शिक्षा दिने व्यवस्था हुनेछ। कक्षा ८ देखि विविधीकरण प्रारम्भ हुनेछ।

## माध्यमिक शिक्षा तीन प्रकारका हुनेछन्:

(१॰ **साधारण माध्यमिक शिक्षाः** यसमा व्यावसायिक विषयहरु कम र साधारण शिक्षाका विषयहरु बढी सिकाइने छन्।

(२॰ **व्यावसायिक माध्यमिक शिक्षाः** यसमा व्यवसायिक विषयहरु बढ्ता र साधारण शिक्षाका विषयहरु कम सिकाईने छन्।

(३॰ **संस्कृत माध्यमिक शिक्षाः** यसमा संस्कृत भाषामा बढ्ता जोड दिइनेछ र विदेशी भाषामा कम जोड दिइनेछ।

## माध्यमिक शिक्षामा अरु निम्नलिखित व्यवस्थाहरु गरिनेछन्:

(१॰ **विद्यार्थी सल्लाह र निर्देशन सेवा .**Student Guidance and Counselling Service)
माध्यमिक शिक्षा पाउने विद्यार्थीहरुलाई उनीहरुको रुचि, झुकाउ र सामर्थ्य अनुसार उपयुक्त माध्यमिक शिक्षा दिन र विद्यार्थीहरुको व्यावसायिक पढाई सफल पार्न विद्यार्थी सल्लाह तथा निर्देशन सेवालाई सुदृढ पारिनेछ।


(२) **माध्यमिक विद्यालय प्रवेश परीक्षा**

कक्षा ७ पछि माध्यमिक विद्यालयमा भर्ना गर्नको लागि प्रवेश परीक्षा लिनु आवश्यक छ। यस्तो परीक्षाको उद्देश्य योग्यता पुगेको विद्यार्थीले उपयुक्त माध्यमिक शिक्षा पाउने व्यवस्था गर्नु हुनेछ।

## उच्च शिक्षाका विभिन्न तहको अवधिः

उच्चशिक्षाको ४ तह मध्ये प्रत्येक तह कति वर्षको हुनेछ भन्ने निर्णय सम्बन्धित विषयमा विश्वविद्यालयमा गठन हुने इन्स्टिटच्यूटहरुले गर्नेछन्। प्रत्येक तहको अवधि विभिन्न विषयमा आवश्यकतानुसार फरक फरक हुन सक्तछन्।

## शिक्षा संगठन



## राष्ट्रिय शिक्षा समिति

राष्ट्रिय शिक्षा योजनालाई कार्यान्वयन गर्न एउटा उच्चस्तरीय राष्ट्रिय शिक्षा समिति गठित हुनेछ। उक्त समितिले श्री ५ महाराजाधिराज स्वयम् को निगरानीमा अथवा मौसूफ सरकारबाट तोकिबक्सेको निर्देशन र नेतृत्व दिन सक्ने अति प्रभावशाली र अति उच्चस्तरीय व्यक्तिको रेखदेखमा काम गर्नेछ। उक्त समितिमा श्री ५ महाराजाधिराजबाट मनोनित गरी बक्सेबमोजिम सदस्यहरु रहनेछन्। उक्त समितिको आफ्नो एउटा सचिवालय रहनेछ।

उक्त समितिले राष्ट्रिय शिक्षा योजना कार्यान्वित गर्न निम्न बमोजिम काम गर्नेछः

(क॰ आवश्यक नीति निर्धारण गर्ने र निर्देशन दिने,

(ख॰ राष्ट्रिय शिक्षा योजना लागू गर्दा त्रिभुवन विश्वविद्यालय, शिक्षा मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयहरुको काममा समन्वय र सामञ्जस्य कायम गर्ने,

(ग॰ शिक्षाको सम्पूर्ण कार्यक्रमको प्रगतिको सामान्य मूल्याङ्कन गर्ने,

(घ॰ समय समयमा शिक्षाको प्रगति बारे श्री ५ महाराजाधिराजमा जाहेर गर्ने, र

(ङ॰ यस योजनामा कुनै कुरा स्पष्ट गर्न आवश्यक परेमा समितिले नै गर्नेछ।

समितिको विस्तृत नियम समितिले नै बनाउनेछ र श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेमा लागू हुनेछ।


## विश्वविद्यालयको संगठन

उच्चशिक्षाका लागि प्रमुख विषयहरुमा निम्न बमोजिम इन्स्टिच्यूटहरु गठन हुनेछन्। सबै इन्स्टिच्यूटहरुको सामूहिक रुप नै त्रिभुवन विश्वविद्यालयको नयाँ स्वरुप हुनेछ।


ती इन्स्टिच्यूटहरु राम्रो रुपमा चली तिनको मूल्यांकन गर्दा आवश्यक स्तर कायम गर्न सक्षम भइसकेपछि ती इन्स्टिच्यूटहरुलाई श्री ५ महाराजाधिराजबाट राजकीय इन्स्टिच्यूटको बडापत्र बक्सेमा ती इन्स्टिच्यूटहरुले शाही इन्स्टिच्यूटको रुपमा नामाकरण गर्न पाउनेछन्।

१. कृषि इन्स्टिच्यूट
२. वन विज्ञान इन्स्टिच्यूट
३. इन्जिनीयरिङ्ग इन्स्टिच्यूट
४. चिकित्सा शास्त्र इन्स्टिच्यूट
५. व्यावहारिक विज्ञान र प्रविधि इन्स्टिच्यूट
६. कला, मानविकी र सामाजिक शास्त्र इन्स्टिच्यूट
७. विज्ञान इन्स्टिच्यूट
८. ललितकला इन्स्टिच्यूट
९. व्यापार प्रशासन र वाणिज्य शास्त्र इन्स्टिच्यूट
१०. संस्कृत अध्ययन इन्स्टिच्यूट
११. शिक्षा शास्त्र इन्स्टिच्यूट

१२. कानून इन्स्टिटच्यूट
१३. पशुविज्ञान इन्स्टिटच्यूट
१४. नेपाल अध्ययन इन्स्टिटच्यूट
१५. एशियाली अध्ययन इन्स्टिटच्यूट
१६. जन प्रशासन इन्स्टिटच्यूट



# विश्वविद्यालय संगठन



## इन्स्टिच्यूटहरुको संख्या

माथि उल्लिखित इन्स्टिच्यूटहरुको संख्या आवश्यकतानुसार थपघट हुन सक्तछ। जति जति देश विकास हुँदै जान्छ देश विकासका लागि विभिन्न प्रकारका जनशक्ति आवश्यक हुँदै जान्छन् र नयाँ नयाँ इन्स्टिच्यूटहरु खडा गर्नु पर्ने स्थिति आउँछ। तसर्थ कुनै इन्स्टिच्यूटमा प्रमाणपत्र तहदेखि अनुसन्धान तहसम्म र कुनै इन्स्टिच्यूटमा डिग्री र अनुसन्धान तहसम्म मात्र अध्ययन गर्ने व्यवस्था हुनेछ।

तसर्थ हाललाई निम्न इन्स्टिच्यूटहरु निम्न तहहरुमा चलाउने व्यवस्था हुनेछः–

१. कृषि इन्स्टिच्यूट .डिप्लोमा स्तरसम्म॰
२. वन विज्ञान इन्स्टिच्यूट .प्रमाणपत्र स्तरसम्म॰
३. इन्जिनीयरिंग इन्स्टिचयूट .प्रमाणपत्र स्तरसम्म॰
४. चिकित्सा शास्त्र इन्स्टिचयूट .प्रमाणपत्र स्तरसम्म॰
५. व्यावहारिक विज्ञान र प्रविधि इन्स्टिच्यूट .प्रमाणपत्र स्तरसम्म॰
६. कला मानविकी र सामाजिक शास्त्र इन्स्टिच्यूट .अनुसन्धान स्तरसम्म॰
७. विज्ञान इन्स्टिच्यूट .अनुसन्धान स्तरसम्म॰
८. ललितकला इन्स्टिच्यूट .प्रमाणपत्र स्तरसम्म॰
९. व्यापार प्रशासन र वाणिज्य शास्त्र इन्स्टिच्यूट .डिग्री स्तरसम्म॰
१०. संस्कृत अध्ययन इन्स्टिच्यूट .अनुसन्धान स्तरसम्म॰
११. शिक्षा शास्त्र इन्स्टिच्यूट .डिग्री स्तरसम्म॰
१२. कानून इन्स्टिच्यूट .डिप्लोमा स्तरसम्म॰
१३. पशुविज्ञान इन्स्टिच्यूट .प्रमाणपत्र स्तरसम्म॰
१४. नेपाल अध्ययन इन्स्टिच्यूट .अनुसन्धान स्तरसम्म॰
१५. एशियाली अध्ययन इन्स्टिच्यूट .अनुसन्धान स्तरसम्म॰
१६. जन प्रशासन इन्स्टिच्यूट .डिप्लोमा स्तरसम्म॰

भविष्यमा हिमाली वास्तुकला इन्स्टिच्यूट खोल्ने सम्भावना बारे विचार गरिने छ।

त्रिभुवन विश्वविद्यालय संचालन

१. राष्ट्रिय शिक्षा समितिले बनाएको नीति, नियम र निर्देशन अन्तर्गत त्रिभुवन विश्वविद्यालय एउटा स्वशासित संस्था हुने छ।
२. श्री ५ को सरकार शिक्षा मन्त्रालयले राष्ट्रिय योजना आयोगसँग सम्पर्क राखी देशमा आवश्यक हुने जनशक्तिको समय समयमा अनुमान गर्ने छ।
३. शिक्षा मन्त्रालयले निर्धारण गरेको जनशक्तिको आवश्यकता अनुसार त्रिभुवन विश्वविद्यालयले विभिन्न विषयमा विभिन्न तहका उच्च शिक्षाको व्यवस्था गर्ने छ।

४.     त्रिभुवन विश्वविद्यालयलाई श्री ५ को सरकारले निश्चित रकम आर्थिक अनुदान दिने छ र विश्वविद्यालय सभाले त्रिभुवन विश्वविद्यालयको बजेटको स्वीकृति गर्ने छ।

| त्रिभुवन विश्वविद्यालय | प्रमाणपत्र | डिप्लोमा | डिग्री | अनुसन्धान |
|---|---|---|---|---|
| १. नेपाल अध्ययन इन्स्टिटच्यूट | | | | ■ |
| २. एशियाली अध्ययन इन्स्टिटच्यूट | | | | ■ |
| ३. जन प्रशासन इन्स्टिटच्यूट | | ■ | | |
| ४. कानून इन्स्टिटच्यूट | ■ | ■ | | |
| ५.कला, मानविकी र सामाजिक शास्त्र इन्स्टिटच्यूट | ■ | ■ | ■ | ■ |
| ६. विज्ञान इन्स्टिटच्यूट | ■ | ■ | ■ | ■ |
| ७. व्यापार प्रशासन र वाणिज्य शास्त्र इन्स्टिटच्यूट | ■ | ■ | ■ | |
| ८. संस्कृत अध्ययन इन्स्टिटच्यूट | ■ | ■ | ■ | ■ |
| ९. शिक्षा शास्त्र इन्स्टिटच्यूट | ■ | ■ | ■ | |
| १०. कृषि इन्स्टिटच्यूट | ■ | ■ | | |
| ११. वन विज्ञान इन्स्टिटच्यूट | ■ | | | |
| १२. इन्जिनीयरिङ्ग इन्स्टिटच्यूट | | | | |
| १३. चिकित्सा शास्त्र इन्स्टिटच्यूट | ■ | | | |
| १४. व्यावहारिक विज्ञान र प्रविधि इन्स्टिटच्यूट | ■ | | | |
| १५. ललितकला इन्स्टिटच्यूट | ■ | | | |
| १६. पशुविज्ञान इन्स्टिटच्यूट | ■ | | | |

५.     त्रिभुवन विश्वविद्यालयभित्र विकेन्द्रित प्रशासन हुनेछ। विश्वविद्यालय अन्तर्गत गठन हुने प्रत्येक इन्स्टिटच्यूटलाई आवश्यक प्रशासकीय र आर्थिक अधिकारहरु दिइने छन्।

## विश्वविद्यालयका पदाधिकारीहरु

त्रिभुवन विश्वविद्यालयका हाल भएका पदाधिकारीहरुमध्ये कोषाध्यक्ष बाहेक अरु सबै पदाधिकारीहरु यथावत् रहने छन्, तर उप–कुलपतिलाई शैक्षिक कुराहरुमा सहायता गर्न तथा इन्स्टिटच्यूटहरुको काममा समन्वय स्थापना गर्न एउटा शिक्षाध्यक्ष थपिने छ र प्रत्येक इन्स्टिटच्यूटको प्रमुखको रुपमा डीनहरु रहने छन्।

## त्रिभुवन विश्वविद्यालय सभा

त्रिभुवन विश्वविद्यालयको सम्पूर्ण कार्यक्रममा छलफल गरी विश्वविद्यालयलाई सधैं देशको आवश्यकता र वास्तविकता अनुरुप जागरुक बनाउन, उच्चशिक्षाको स्तर उच्च बनाउने प्रयास गर्न र उच्चशिक्षा सम्बन्धी देशको गतिविधिमा रेखदेख गर्न बढीमा ५० जवान सदस्य भएको एउटा विश्वविद्यालय सभा रहने छ।

हाल भएका सिनेट, सिण्डीकेट र एकेडेमिक काउन्सिल रहने छैनन्।

## त्रिभुवन विश्वविद्यालय सभाका सदस्यहरु यस प्रकार हुनेछन् :

| | | | |
|---|---|---|---|
| श्री कुलपति | अध्यक्ष | १ | |
| श्री सहकुलपति | उपाध्यक्ष | १ | |
| श्री उपकुलपति | सदस्य | | १ |
| श्री शिक्षा सचिव | सदस्य | | १ |
| श्री शिक्षाध्यक्ष | सदस्य सचिव | | १ |
| श्री रजिष्ट्रार | सदस्य | | १ |
| श्री डीनहरु | सदस्य | | १७ |
| **निर्वाचित सदस्यहरु** | | | |
| स्नातक प्रतिनिधि | सदस्य | | ५ |
| प्राध्यापक प्रतिनिधि | सदस्य | | २ |
| **कुलपतिबाट मनोनित सदस्यहरु** | | | |
| राष्ट्रिय पञ्चायतका माननीय सदस्यहरुबाट | सदस्य | | २ |
| श्री ५ को सरकारका सेवामा रहेका | | | |
| अधिकृत मध्येबाट | सदस्य | | ४ |
| व्यापारी वर्गबाट | सदस्य | | २ |
| पत्रकारहरु मध्येबाट | सदस्य | | २ |
| विद्यार्थीहरु मध्येबाट | सदस्य | | २ |
| चन्दादाता मध्येबाट | सदस्य | | २ |
| अरु मनोनित | सदस्य | | ६ |
| जम्मा | | ५० | |

विश्वविद्यालय सभाको काम र कर्तव्य

(क॰ विश्वविद्यालय ऐन र नियम अर्न्तगत विश्वविद्यालय सञ्चालनको लागि आवश्यक आन्तरिक नियमहरु बनाउने।

(ख॰ इन्स्टिच्यूटहरुमा डीनहरुको नियुक्ति गर्ने।

(ग॰ विश्वविद्यालयले वर्षभरिमा सञ्चालन गर्ने अनुसन्धान कार्यक्रम स्वीकृत गर्ने।

(घ॰ विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरु स्वीकृत गर्ने।

(ङ॰ डिग्री, डिप्लोमा, प्रमाणपत्र आदि प्रदान गर्ने गराउने।

(च॰ विश्वविद्यालयको विकासको लागि आवश्यक परेमा अस्थायी समिति आदि बनाउने र विघटन गर्ने।

(छ॰ राष्ट्रिय विकास सेवाका नियमहरु बनाउने, संशोधन गर्ने र खारेज गर्ने।

(ज॰ आन्तरिक र बाह्य सबै प्रकारका परीक्षाहरुका नियमहरु बनाउने।

(झ॰ इन्स्टिच्यूटहरुको कामको रेखदेख गर्न निरीक्षणको व्यवस्था गर्ने र रिपोर्ट प्राप्त गरी निर्णय गर्ने।

(ञ॰ विश्वविद्यालयको बजेट स्वीकृत गर्ने।

(ट॰ हालको सिनेट, सिन्डीकेटले गरिआएका अरु कामहरु गर्ने।

**प्राविधिक सम्मेलन**

प्रत्येक वर्ष सबै इन्स्टिटच्यूटका डीनहरु र उप–कुलपतिले तोकेका अरु व्यक्तिहरुको सम्मेलन हुने छ। उक्त सम्मेलनले सबै इन्स्टिटच्यूटका शैक्षिक कार्यक्रमहरु मूल्याङ्कन गर्ने, समन्वय स्थापित गर्ने र नयाँ कार्यक्रमको तर्जुमा गर्नेछ। उक्त सम्मेलनबाट पास भएका कुराहरु विश्वविद्यालय सभामा पेश गरी पास भए बमोजिम हुने छ।

**फेकल्टी बोर्ड**

प्रत्येक इन्स्टिटच्यूटमा एउटा फेकल्टी वोर्ड रहनेछ। उक्त फेकल्टी वोर्डले पाठ्यक्रम तयार गर्ने, भर्ना गर्ने नियम र जाँच गर्ने नियम आदि सबै प्राविधिक कुराहरुको आयोजना गर्नेछ।

**विश्वविद्यालय सेवा आयोग**

विश्वविद्यालय र त्यस अन्तर्गतका इन्स्टिटच्यूटहरुमा प्राध्यापकहरु तथा अरु कर्मचारीहरुको नियुक्ति र पदोन्नति गर्न विश्वविद्यालय सेवा आयोग गठन हुने छ।

**समानस्तर कायम गर्ने व्यवस्था**

कुनै विद्यार्थीले विदेशबाट डिग्री, डिप्लोमा र कुनै पनि तहको प्रमाणपत्र प्राप्त गरी नेपाल अधिराज्यभित्र अध्ययन गर्न वा काम गर्न खोजेमा र यसरी विदेशका विश्वविद्यालय तथा अन्य शिक्षण संस्थाहरुबाट प्राप्त डिग्री, डिप्लोमा र प्रमाणपत्रलाई त्रिभुवन विश्वविद्यालय र नेपाल अधिराज्यका अरु शिक्षण संस्थाको डिग्री, डिप्लोमा र प्रमाणपत्रसँग समानस्तर कायम गर्न आवश्यक परेमा विश्वविद्यालय वा एस.एल.सी. वोर्डले आफ्ना आफ्ना तहको समानस्तर घोषित गर्न यस सम्बन्धमा एउटा समिति बनाई यसले समानस्तर कायम गरिदिने छ।

यसरी समानस्तर कायम गर्दा विदेशबाट अध्ययन गरी फर्केका व्यक्तिले नेपाल अधिराज्यभित्र अनिवार्य भएका विषयमा शिक्षा पाएको रहेनछ भने काम गर्नु अगाडि त्यस्ता विषयमा परीक्षा पास गर्नु पर्ने गरी तोकिदिनेछ। उदाहरणार्थ, कुनै विद्यार्थीले पञ्चायत र व्यावसायिक विषयमा पहिले शिक्षा पाइसकेको छैन भने यस्ता विषयहरुमा तोकिएको जाँच पास गरेपछि मात्र अध्ययन गर्न वा काम गर्न पाउने गरी तोकिदिनेछ।

**एउटा व्यवासायबाट अर्को व्यवसायको शिक्षामा जाने व्यवस्था**

त्रिभुवन विश्वविद्यालय अन्तर्गत एउटा विषयको इन्स्टिच्यूटबाट पास गरी सकेपछि अर्को विषयको इन्स्टिच्यूटमा अध्ययन गर्न चाहनेलाई प्रवेश परीक्षा पास गरी अध्ययन गर्न पाउने व्यवस्था गरिनेछ। कुनै व्यक्तिको इच्छा र योग्यता भएमा यसरी व्यावसायिक क्षेत्र हेरफेर गर्न पाउने अवसर दिने व्यवस्था हुनेछ।

**इन्स्टिच्यूटको संगठन**

इन्स्टिच्यूटको संगठन यस प्रकार हुनेछः–

(क॰ हाल चलिरहेका विद्यालयहरु तथा विभिन्न मन्त्रालय अन्तर्गत चलिरहेका माध्यमिक शिक्षा भन्दा माथिका शिक्षालयहरुलाई क्रमशः मिलाएर आवश्यक इन्स्टिच्यूटहरु खडा गरिनेछन्। एकैचोटी सबै महाविद्यालयहरुलाई इन्स्टिच्यूटभित्र सम्मिलित गर्न सम्भव नहुने जस्तो भएमा कुन शर्तमा कति समयसम्म इन्स्टिच्यूट बाहिर पनि उच्चशिक्षा संस्थाहरु रहन पाउँछन्, त्यसको विस्तृत योजना विश्वविद्यालयले बनाउनेछ।

चलिरहेका उच्चशिक्षण संस्थाहरुलाई इन्स्टिच्यूटमा परिवर्तन गर्न राष्ट्रिय स्तरमा कार्यक्रम बनाई सोही कार्यक्रम मुताविक गरिनेछ।

(ख॰ प्रत्येक इन्स्टिच्यूटको एउटा केन्द्रीय शिक्षण संस्था हुनेछ। यस्तो केन्द्रीय शिक्षालय विश्वविद्यालय क्याम्पसभित्र अथवा अन्यत्र पनि हुन सक्तछ। यस्ता केन्द्रीय शिक्षण संस्था नेपालको जुनसुकै भागमा पनि खडा हुन सक्तछन्, तर विश्वविद्यालयको सोझै रेखदेख र प्रशासनमा हुनेछन्।

(ग॰ इन्स्टिच्यूटहरु खोल्दा श्री ५ को सरकारको जुन प्रकारका विकास आयोजनाहरु जहाँ जहाँ चलेका छन्, ती ठाउँहरुमा उपयुक्त इन्स्टिच्यूटहरु खोलिने छन् र विभिन्न इन्स्टिच्यूट विभिन्न अञ्चलमा खोल्ने प्रयास हुनेछ। प्रत्येक अञ्चलमा इन्स्टिच्यूटहरु खोल्ने सुनियोजित प्रयास गरिनेछ।

(घ॰ जनशक्तिको आवश्यकता बढी भई बढी विद्यार्थीहरुलाई शिक्षा दिन कुनै इन्स्टिच्यूटको पढाई विभिन्न ठाउँहरुमा एकैचोटी गर्नु आवश्यक भएमा डिप्लोमा स्तरसम्म पढाउने इन्स्टिच्यूटहरु आवश्यकतानुसार ठाउँ ठाउँमा खोलिने छन्। तिनीहरुको नामाकरण यस प्रकार हुनेछः

त्रिभुवन विश्वविद्यालय, कृषि इन्स्टिच्यूट .डिप्लोमा स्तर॰ बिराटनगर क्याम्पस अथवा नेपालगन्ज क्याम्पस

(ङ॰ विश्वविद्यालय प्रशासनले इन्स्टिच्यूटहरुको पाठ्यक्रम निर्धारण, परीक्षा संचालन, निरीक्षण, मूल्याङ्कन र सामान्य प्रशासन आदि गर्नेछ।

**उच्चशिक्षाको पाठ्यक्रम**

(क॰ इन्स्टिच्यूटहरु गठन गर्न सर्वप्रथम विश्वविद्यालयले सम्बन्धित विशेषज्ञ तथा प्राध्यापकहरु समेत भएका पाठ्यक्रम समितिहरु गठन गरी प्रत्येक इन्स्टिच्यूटहरुको पाठ्यक्रम तर्जुमा गर्नेछ।

(ख॰ पाठ्यक्रम बनाउँदा अन्तर्विषयक दृष्टिकोण (Inter-Disciplinary Approaches) अपनाइने छ। प्रत्येक महाविद्यालयमा विद्यार्थीहरुले मूल विषयका साथसाथै अरु विषयहरु लिन पाउने व्यवस्था हुनेछ।

(ग॰ सम्पूर्ण शिक्षालाई व्यवसायमूलक बनाउने सिद्धान्तका साथसाथै साधारण शास्त्र विषयमा पनि स्तरयुक्त पाठ्यक्रम र पढाई हुनु पर्ने कुरामा ध्यान दिइनेछ। प्राविधिक विषयमा उच्च शिक्षण संस्थाहरुमा पनि मानवीय र सामाजिक शिक्षा जस्ता साधारण शिक्षाका विषयहरुको एक पत्र अनिवार्य पढाई गर्ने व्यवस्था  गरिनेछ।

(घ॰ हालको उच्चशिक्षाको पढाई ज्यादै किताबी र सैद्धान्तिक छ। जति जति विद्यार्थीहरु माथिल्ला कक्षाहरुमा पुग्दछन् उति उति उनीहरु वास्तविकताभन्दा पर किताबी संसारमा विचरण गर्न थाल्दछन्। तसर्थ डिग्री तहको प्रत्येक विषयको उच्चशिक्षामा व्यावहारिक अथवा प्रयोगात्मक अनुभव दिने प्रकारको कार्यक्रम हुनुपर्दछ। उदाहरणको निमित्त साहित्य वा अर्थशास्त्र इत्यादि पठन पाठन गर्दा अहिले प्रचलित पाठ्यक्रममा विद्यार्थीहरुले अरुहरुले लेखेका उत्तम वा श्रेष्ठ साहित्य र अरुको विचार अध्ययन मात्र गरी जाँच दिन्छन्। यसो गर्नाले उच्च शिक्षाको अर्थ खाली अरुहरुले दिएको विचारलाई ग्रहण गर्ने प्रक्रिया मात्र भइरहेको छ। यसो गर्नाले शिक्षा खाली उपभोग गर्ने कुरा जस्तै भइरहेको छ। यसलाई सुधार गर्न साहित्यको अध्ययन गर्दा वा अरु सामाजिक शास्त्रको अध्ययन गर्दा यदि पाठ्यक्रममा आठवटा पत्र वा विषयहरु छन् भने एकपत्र सिर्जनात्मक साहित्यकृति .रचना॰ अथवा तथ्यहरुका आधारमा आफ्नै सिर्जनात्मक विचार लेख्ने विषयमा दिनु आवश्यक छ।

(ङ॰ विश्वविद्यालयले विभिन्न विषयमा विभिन्न तहका लागि चाहिने पाठ्यपुस्तकहरु र सहायक पुस्तक पुस्तिकाहरुको विकास गर्न प्राध्यापकहरुलाई समावेश गरी पुस्तकहरु लेखाउने काम गराउनेछ। विभिन्न विषयमा नयाँ विषय र ज्ञानलाई प्रोत्साहित गर्न प्राविधिक पत्र पत्रिकाहरु प्रकाशित गरिनेछन् र प्राध्यापकहरुले नियमित तबरमा लेखहरु लेख्नु पर्ने व्यवस्था गरिनेछ।

(च॰ प्रत्येक विषयमा प्रत्येक तहमा प्राध्यापकहरुले आफ्नो बौद्धिक स्तर उठाउन निरन्तर प्रयास गर्नु पर्नेछ र यसरी आफ्नो बौद्धिक स्तर माथि उठाउनेहरुलाई पदोन्नति, प्रोत्साहन, कदर आदि गर्ने व्यवस्था विश्वविद्यालयले गर्नेछ। प्राध्यापकहरुको बौद्धिक स्तर माथि उकाल्न विभिन्न तालिम, सेमिनार, वर्कशप, सिम्पोजियम आदिको व्यवस्था विश्वविद्यालयले गर्नु पर्नेछ।

**जनशक्तिको अनुमान**

देशका विभिन्न कामहरुका लागि विभिन्न प्रकारका जनशक्तिको आवश्यकताको अनुमान गर्ने व्यवस्था हुनेछ।

उक्त अनुमान अनुसार विभिन्न विषयमा शिक्षा दिन विद्यार्थी संख्या शिक्षा मन्त्रालयले तोक्नेछ, सोही बमोजिम मात्र विश्वविद्यालयले उच्च शिक्षाको व्यवस्था गर्नेछ।

**उच्चशिक्षाको मौका**

नयाँ शिक्षा योजना अन्तर्गत उच्चशिक्षाको प्रत्येक तह निश्चित कामको लागि तयार गर्ने रुपमा, अर्थात् (Self-terminating) हुन्छ। एक तह पास गरेपछि माथिल्लो तहमा योग्यताका आधारमा मात्र प्रवेश पाउने व्यवस्था गरिनेछ। प्रत्येक तहको व्यक्तिलाई माथिल्लो तहमा जानमा योग्यता बाहेक अरु प्रकारको बाधा हुने छैन। विश्वविद्यालयले विभिन्न तह पास गर्ने व्यक्तिहरुलाई विभिन्न प्रकारबाट उच्चशिक्षाको अवसर प्रदान गर्ने व्यवस्था गर्नेछ।

**विश्वविद्यालयबाट विशेष डिग्रीको व्यवस्था**

विश्वविद्यालयको निर्धारित आवश्यकता पूरा नगरी यदि कुनै व्यक्तिले आफ्नै अन्तरनिहित प्रतिभा र क्षमताको आधारमा ज्ञानको कुनै पनि क्षेत्रमा यदि उत्कृष्ट खालको उल्लेखनीय मौलिक देन दिएको छ भने त्यस्ता व्यक्तिहरुलाई त्रिभुवन विश्वविद्यालयले विभिन्न तहका प्रमाणपत्र, डिप्लोमा वा विशेष उपाधि प्रदान गर्ने प्रथा चालू गर्नेछ। यो विशेष उपाधि सम्मानार्थ दिइने डिग्री वा औपचारिक शिक्षा पूरा गरी प्राप्त गरी गरिएको डिग्री भन्दा भिन्नै हुनेछ। उपर्युक्त कुराको व्यवस्था गर्न विश्वविद्यालय सभाले समय समयमा आफ्ना सदस्यहरुबाट सिफारिस गर्न विशेष समिति गठन गर्नेछ।

**उच्चशिक्षामा जान कार्य अनुभव अनिवार्य गर्ने**

उच्चशिक्षाको एक तह पास गरेपछि केही वर्ष सम्बन्धित क्षेत्रमा काम गर्नु पर्ने र निश्चित अवधिसम्म काम गरिसकेपछि प्रवेश परीक्षा पास गरेर मात्र माथिल्लो तहमा पढ्ने मौका दिने व्यवस्था क्रमशः गरिनेछ।

**उच्चशिक्षा प्रवेश परीक्षा**

एस.एल.सी. जाँच वास्तवमा माध्यमिक शिक्षाको योग्यता भएको नभएको जाँच गर्ने परीक्षा हो। त्यसैले उच्चशिक्षा प्रवेश गर्न योग्य छ छैन भन्ने निश्चित निधोको लागि बेग्लै प्रवेश परीक्षा विश्वविद्यालयले गर्नेछ।

**सबै प्रकारका उच्चशिक्षा एउटा प्रशासन अन्तर्गत रहनेछन्**

हाल विभिन्न प्राविधिक उच्चशिक्षा संस्थाहरु प्राविधिक मन्त्रालयहरुका अन्तर्गत छन्। यसबाट सामञ्जस्यको कमी र दोहोरोपन प्रशस्त देखा परिसकेको छ। तसर्थ सबै उच्चशिक्षा संस्थाहरु इन्स्टिच्यूटका अंगका रुपमा रहनेछन्। सेवाकालिन तालिम केन्द्रहरु मात्र अब प्राविधिक मन्त्रालयहरु अन्तर्गत रहन सक्तछन्।

**तालिमपछि खटाउने व्यवस्था**

देशभित्र र बाहिर सबै प्रकारका तालिम पाउनेहरुको लगत कायम गर्ने र सम्बन्धित ठाउँहरुबाट माग भए बमोजिम खटाउने व्यवस्था गर्ने तर्फ प्रयास गरिनेछ।

# पाठ्यक्रम

पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो। माथि उल्लिखित शिक्षाको उद्देश्य र नीति अनुसार पाठ्यक्रम निर्धारित हुनुपर्दछ। तसर्थ पाठ्यक्रम निम्न कुराहरुमा आधारित हुनुपर्दछ।

(१॰ प्राथमिक कक्षाहरुमा भाषा र गणितका प्रारम्भिक सीपहरु सिकाउनमा जोड दिने र विद्यार्थीहरुको वास्तविक जीवनसँग सम्बन्धित पेशाको विशेष गरी कृषिको प्रारम्भिक ज्ञान पनि दिइनेछ।

(२॰ निम्नमाध्यमिक कक्षाहरुमा चरित्र निर्माणमा जोड दिने र श्रम प्रति आदरको भावनाको विकासमा जोड दिने।

(३॰ माध्यमिक कक्षाहरुमा व्यावसायिक ज्ञानको विकासमा जोड दिने।

(४॰ उच्चशिक्षा कार्यक्रम जनशक्तिको आवश्यकता पूर्ति गर्ने उद्देश्यले निर्माण गर्ने।

(५॰ सबै कक्षाहरुमा शारीरिक शिक्षा र व्यावहारिक स्वास्थ्य शिक्षामा जोड दिने।

प्राथमिक कक्षाहरुमा सिकाईने विषयहरु .कक्षा १ देखि ३ सम्म॰

| विषय | विद्यालय घण्टाको प्रतिशत | पूर्णाङ्क |
|---|---|---|
| नेपाली भाषा | ४० | ३०० |
| गणित शिक्षा | ३० | २०० |
| सामाजिक शिक्षा | २० | १०० |
| शारीरिक शिक्षा, सफाई, हस्तकला र चित्रकला | १० | ५० |

शारीरिक शिक्षा, सरसफाई, हस्तकला र चित्रकला आदि पाठ्यपुस्तकबाट सिकाउने होइन विभिन्न कार्यकलापद्वारा सिकाइनु पर्दछ।

**निम्नमाध्यमिक कक्षाहरुमा सिकाइने विषयहरु .कक्षा ४ देखि ७ सम्म॰**

| विषय | विद्यालय घण्टाको प्रतिशत | पूर्णाङ्क |
|---|---|---|
| नेपाली भाषा | ३० | २०० |
| (नेपाली भाषा<br>सरल संस्कृत भाषा) .कक्षा ६ र ७ मा ॰ | २५<br>५ | १७०<br>३० |
| संयुक्त राष्ट्रसंघीय भाषाहरुमध्ये एक | १० | १०० |

| विषय | विद्यालय घण्टाको प्रतिशत | पूर्णाङ्क |
|---|---|---|
| सामाजिक शिक्षा | १३ | १०० |
| गणित | २० | १५० |
| विज्ञान | १० | १०० |
| पूर्व व्यावसायिक शिक्षा | १० | १०० |
| शारीरिक शिक्षा र स्वास्थ्य शिक्षा | ७ | ५० |

यो तह चरित्र निर्माण गर्ने उपयुक्त समय हो। तसर्थ कक्षाभित्रको पढाईमा देशका विभूतिहरुको जीवनी र देशको रक्षा र विकासमा राजपरिवारको देन विषयमा जोड दिएर पढाउने र अतिरिक्त क्रियाकलापद्वारा देशभक्ति, राजभक्ति र अनुशासनको भावना, प्रवृत्ति र सीपको विकास गर्नमा जोड दिइनेछ।

त्यस्तै आत्मनिर्भर हुने, जवाफदेही लिने, इमान्दार हुने, सहयोग गर्ने बानी बसाल्नमा यसै तहमा जोड दिनुपर्दछ। यो तहमा श्रम प्रति इज्जत र प्रेम जगाउने वास्तविक काम शुरु गर्नुपर्दछ। शिक्षकहरुले कुनै उपयोगी काम गराउने योजना बनाउनु पर्दछ। जस्तो काठको सामान बनाउने, कागतको फाइल, खाम आदि बनाउने र खेतमा लगी बाली उत्पादनमा सहायता गराउने काम आदि गराउनु पर्दछ। शिक्षालाई व्यवसाय उन्मूख (Vocational Oriented) अथवा समाजको लागि उपयोगी बनाउने योजना यसै तहबाट शुरु हुनु पर्दछ।

**साधारण माध्यमिक विद्यालयमा सिकाइने विषयहरु .कक्षा ८ देखि १० सम्म॰**

| विषय | विद्यालय घण्टाको प्रतिशत | पूर्णाङ्क |
|---|---|---|
| नेपाली भाषा | १२ | १०० |
| संयुक्त राष्ट्रसंघीय भाषा मध्ये एक | १२ | १०० |
| गणित | १२ | १०० |
| भूगोल र इतिहास | १२ | १०० |
| व्यावहारिक स्वास्थ्यशिक्षा | ५ | ५० |
| पञ्चायत | ५ | ५० |
| विज्ञान | १२ | १०० |
| व्यावसायिक विषयहरु मध्येबाट एक | २० | २०० |
| इच्छाधीन विषय .तलका विषय मध्येबाट एक॰ | १० | १०० |

इच्छाधीन विषय समूहः– संस्कृत, अंग्रेजी, फ्रेन्च, रसियन, जर्मन, जापानी, पुर्तगाली, स्पानीश, चीनियाँ, हिन्दी, तिब्वती, उर्दू, अरबी, फारसी, मैथिली, भोजपुरी, नेवारी, अतिरिक्त गणित, भौतिक

शास्त्र, रसायन शास्त्र, जीव शास्त्र, मानव शरीर शास्त्र, ग्रामीण अर्थ शास्त्र, गार्हस्थ विज्ञान .छात्राहरुका निमित्त॰ व्यावसायिक विषयहरु निम्न बमोजिम हुनेछन्। ती सबै विषयहरु तुरुन्त विद्यालयहरुमा राख्न सम्भव हुँदैन। हाललाई स्थानीय इलम तथा पेशाहरुको ऐतिहासिक परम्परा, स्रोत, देखा परेको खपत हुन सक्ने बजारको क्षमता, स्थानीय विकास कार्यक्रम आदि सबैको आधारमा निम्न विषयहरु मध्ये एक अथवा दुई विषयहरु विद्यालयहरुमा सिकाउने व्यवस्था हुनुपर्दछ। हाम्रो देश कृषि प्रधान भएकोले गाउँका धेरैजसो विद्यालयमा कृषि र कृषिसँग सम्बन्धित विषयहरु सिकाउने व्यवस्था गर्नु वान्छनीय छ तापनि विशेषतः अधिराज्यका उत्तरी भेगमा पशुपालन, मध्ये पहाडी क्षेत्रहरुमा फलोद्यान र तराई क्षेत्रमा उन्नत कृषिका तरिकाहरु सिकाउनु पर्ने व्यवस्था हुनुपर्दछ। एवं रीतले शहरी क्षेत्रका विद्यालयहरुमा त्यस्ता क्षेत्रहरुको विशेषता हेरी मात्र अन्य मिसिन तथा औद्योगिक विषयहरुको व्यावसायिक पढाईको व्यवस्था मिलाउनु पर्ने कुरा पनि स्पष्ट छ। पञ्चायती व्यवस्थाले यसै वर्ष एक दशक पूरा गरेको उपलक्ष्यमा श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको भाषणमा हुकुम बक्सेको छ, "आफैं कुनै असल पेशामा दक्ष भई आफ्नु पेट पाली चरित्रवान् बनी, आफ्नै खुट्टामा उभिन सक्ने तुल्याउने शिक्षा तर्फ विशेष ध्यान दिन, दिलाउन नितान्त आवश्यक भएको छ।"

व्यावसायिक शिक्षाको व्यापक रुपमा प्रसार नगरुन्जेल उपरोक्त महान उद्देश्यको परिपूर्ति गर्न सम्भव नहुने भएकोले यी विषयहरुमा शिक्षकहरुलाई स्तरयुक्त तालिम दिने व्यवस्था गरिने छ र विद्यालयहरुमा स्तरयुक्त व्यावसायिक शिक्षा दिलाइने व्यवस्था गरिने छ।

वास्तवमा नेपाल अधिराज्य र नेपाली राष्ट्रियताका जन्मदाता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट आफूले अर्जिबक्सेको मुलुकको स्वतन्त्रता सदा अक्षुण्ण रहोस् भन्नाका लागि दिव्य उपदेशमा हुकुम बक्सेको थियो, "आफ्नो देशका कपडा बन्न जान्यालाई नमुना देखाई सघाउनू र बन्न लाउनू र यसो भया नगद विदेश जाँदैन।" बीसौं शताब्दीमा दरिद्रता र अज्ञानले ग्रसित नेपालले यो रोगबाट मुक्ति पाउन उपरोक्त महानवाणीको अनुसरण गर्दै व्यावसायिक शिक्षामा विशेष जोड दिनु परेकोले यस्तो व्यवस्था गरिएको हो।

व्यावसायिक विषयहरु

(१॰ अन्न खेती (Agronomy)

२॰ पशुपालन र दुग्ध व्यवसाय (Animal husbandary and Dairy industry)

(३॰ वागवानी (Horticulture)

(४॰ कुखुरा पालन (Poultry)

(५॰ मत्स्य पालन (Fisheries)

(६॰ पर्यटन र होटेल व्यवसाय (Tourism and Hotel Management)

(७॰ हस्तकला र काष्ठकला (Handicraft and Wood craft)

(८॰ भाँडा वर्तन बनाउने कला Ceramics and Pottery)

(९॰ साधारण धातुको काम (Metal Work)

(१०॰ वस्त्र सिलाइ र बुनाइ (Clothing, Tailoring and Knitting)

(११॰ छालाको काम (Tanning and Leather work)

(१२॰ डकर्मी, ईटँ पोल्ने र भवन निर्माण (Masonry, Brick building and Architecture)

(१३॰ वन सम्बन्धी कार्य (Forestry)

(१४॰ मोटर मेकानिक्स (Auto-mechanics)

(१५॰ माहुरी पालन (Bee-Culture)

(१६॰ संगीत र नृत्य Music and Dance)

(१७॰ सर्टहैण्ड र टाइपिङ्ग (Shorthand and Typing)

(१८॰ चित्रकला र फोटोग्राफी (Drawing and Photography)

(१९॰ रेडियो मेकानिक्स (Radio mechanics)

(२०॰ नर्सिङ्ग (Nursing)

(२१॰ स्वास्थ्य कार्यकर्ता (Health workers)

(२२॰ छपाइ (Printing trades technology)

(२३॰ बिजुलीको फिटिङ्ग (Electrical Installation)

(२४॰ घडी बनाउने (Watch and clock repair)

(२५॰ पानीको धाराको काम गर्ने (Plumbing)

(२६॰ फर्निचर बनाउने (Furniture and Cabinet making)

(२७॰ आद्यौगिक डिजाइन र व्यापारिक कला (Industrial design and Commercial Art)

(२८॰ स्टेशनरी बनाउने (Stationary making)

(२९॰ खाद्य विज्ञान (Food technology and Catering)

(३०॰ वस्त्र निर्माण विज्ञान (Textile Technology)

(३१॰ कार्यालय सञ्चालन (Office management)

(३२॰ लेखा (Accounting)

(३३॰ वेत र बाँसको काम (Cane and Bambo works)

(३४॰ पर्वतारोहण (Mountaineering)

पर्वतारोहण हुने स्थानहरुमा मात्र यो विषयको पढाइ हुने छ।

**व्यावहारिक ज्ञान**

प्रत्येक व्यावसायिक विषय सिकाउँदा त्यसको व्यावहारिक पक्ष (Experimental Work) पनि सिकाउनु अनिवार्य छ। कृषि शिक्षा दिन, खेत र अरु विषय सिकाउन आवश्यक सामग्रीको जरुरत पर्दछ।

**व्यावसायिक माध्यमिक विद्यालयमा सिकाइने विषयहरु**

| विषय | विद्यालय घण्टाको प्रतिशत | पूर्णाङ्क |
|---|---|---|
| नेपाली भाषा | १२ | १०० |
| संयुक्त राष्ट्रसंघीय भाषामध्ये एक | १२ | १०० |
| गणित | १२ | १०० |
| विज्ञान र स्वास्थ्य शिक्षा | १२ | १०० |
| सामाजिक शिक्षा .इतिहास, भूगोल र पञ्चायत समेत◦ | १२ | १०० |
| व्यावसायिक शिक्षा | ३० | १०० |
| इच्छाधीन विषय .तलका विषयहरुमध्ये एक◦ | १० | १०० |

.रसायन शास्त्र, भौतिक शास्त्र, जीव शास्त्र, अतिरिक्त गणित र थप व्यावसायिक विषय एक◦

साधारण माध्यमिक विद्यालयमा २० प्रतिशत विद्यालय घण्टा मात्र व्यावसायिक शिक्षाको लागि र ८० प्रतिशत समय अरु साधारण विषयहरुको पढाइमा विताइन्छन्। साधारण शिक्षा बढ्ता पढेका विद्यार्थीहरुमा व्यावसायिक प्रवृत्ति र सीप पर्याप्त मात्रामा विकास हुन सक्तैन। तसर्थ पूर्णतया व्यावसायिक प्रवृत्ति र सीप सिकाउने व्यवस्था व्यावसायिक माध्यमिक विद्यालयहरुमा गरिएको छ। यी व्यावसायिक माध्यमिक विद्यालयहरुबाट पास हुने विद्यार्थीहरु व्यवसायतिर लाग्न चाहेमा पनि पूर्णतया तालिम पाएका हुन्छन् र प्राविधिक विषयमा उच्च शिक्षामा जान चाहेमा पनि बढ्ता योग्य हुन्छन्। यस प्रकारका विद्यालयमा विज्ञानमा पनि बढ्ता जोड दिइएको छ। व्यावसायिक ज्ञानको जग पनि विज्ञान नै भएकोले विज्ञान शिक्षामा बढ्ता जोड दिइएको हो।

व्यावसायिक माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरुलाई कार्यशालाको बढ्ता अनुभव दिनु पर्दछ। तसर्थ प्रत्येक व्यावसायिक विद्यालयमा अनिवार्यतः कार्यशाला हुनुपर्दछ र कृषिको शिक्षा दिन प्रयोगात्मक खेत हुनुपर्दछ।

**संस्कृत माध्यमिक विद्यालयमा सिकाइने विषयहरु**

| विषय | विद्यालय घण्टाको प्रतिशत | पूर्णाङ्क |
|---|---|---|
| नेपाली भाषा | १० | १०० |
| संस्कृत शिक्षा | ३० | ३०० |
| गणित | १० | १०० |
| सामाजिक शिक्षा .इतिहास, भूगोल र पञ्चायत◦ | १० | ५० |
| विज्ञान, स्वास्थ्यशिक्षा र शारीरिक शिक्षा | १० | ५० |
| व्यावसायिक शिक्षा | २० | २०० |

| | | |
|---|---|---|
| इच्छाधीन विषय .तलका मध्येबाट एक॰ | १० | १०० |

.अंग्रेजी, फ्रेन्च, चीनियाँ, हिन्दी, रसियन, स्पानिस, जर्मन, जापानी, पुर्तगाली, तिब्बती, उर्दू, अरवी, फारसी, मैथिली, भोजपुरी, नेवारी, राई, लिम्बू, गुरुङ्ग, मगर र तामाङ॰

हाल चलिरहेको संस्कृत शिक्षा प्रणालीलाई पनि राष्ट्रिय शिक्षा पद्धतिको अभिन्न अंगका रुपमा समावेश गरी देशभरि एउटै राष्ट्रिय शिक्षा पद्धति लागू गर्नु पर्ने र संस्कृत भाषाको प्रचार गरी हाम्रो संस्कृति र धर्मको ज्ञान पनि दिन उपरोक्त पाठ्यक्रम बनाइएको छ। यसमा संस्कृत भाषामा बढ्ता जोड दिइने छ र संस्कृत पढ्ने विद्यार्थीले अर्को एक स्वदेशी अथवा विदेशी भाषा पढ्नुपर्ने व्यवस्था भएको छ। प्रत्येक विद्यार्थीले व्यावसायिक ज्ञान लिन अनिवार्य हुने सिद्धान्त यहाँ पनि समान रुपले लागू हुनेछ।

हाल चलिआएका संस्कृत पाठशालाहरुलाई उपर्युक्त बमोजिम पुनर्गठन गरिने छ।

**पाठ्यक्रम विकास कार्यक्रम**

एकपटक निर्माण भएको पाठ्यक्रम सँधैका लागि उही ठीक हुँदैन। पाठ्यक्रममा बदलिंदो राष्ट्रिय आवश्यकता, आकांक्षा र मान्यताहरु समय अनुसार परिवर्तन भइरहनुपर्दछ। त्यस्तै पाठ्यक्रममा नयाँ नयाँ ज्ञानहरु समावेश हुँदै जानुपर्दछ। यसरी पाठ्यक्रमको विकास र सुधारका लागि एउटा पाठ्यक्रम विकास केन्द्रको स्थापना गरिने छ र उक्त केन्द्रले विश्वविद्यालय, शिक्षक तालिम केन्द्र, पाठ्यपुस्तक लेखक केन्द्र आदिसँग सम्पर्क राखी निरन्तर पाठ्यपुस्तक अनुसन्धान गर्ने र सुधार गर्ने काम गरिरहने छ।

**शिक्षाको माध्यम**

प्राथमिक शिक्षा र माध्यमिक शिक्षासम्म पढाइको माध्यम नेपाली हुनेछ। यसभन्दा फरक व्यवस्था गर्नु परेमा श्री ५ को सरकारको पूर्व स्वीकृति प्राप्त गर्नुपर्नेछ। तर अरु भाषा सिकाउँदा पढाइको माध्यम सोही भाषानै हुनसक्ने छ।

श्री ५ को सरकारले अरु निर्णय नगरेसम्म उच्च शिक्षा दिने शिक्षण संस्थाहरुमा पढाइको माध्यमको हकमा हाल प्रचलित व्यवस्था नै कायम रहने छ।

जुन क्षेत्रमा नेपाली भाषाको प्रचार अझ व्यापक हुन सकेको छैन र बालबालिकाहरुलाई नेपाली बुझ्न कठिनाइ हुन्छ, यस्ता क्षेत्रहरुमा पढाइको माध्यम र पाठ्यपुस्तक नेपाली भाषाकै भए पनि शिक्षकहरुले क्षेत्रीय भाषामा विद्यार्थीहरुलाई बुझाउन सक्नेछन्।

**पूर्व प्राथमिक शिक्षा**

पूर्व प्राथमिक शिक्षा दिने उद्देश्यले कुनै व्यक्ति वा संस्थाले शिक्षण संस्था खोल्न चाहेमा श्री ५ को सरकारले तोकेको अधिकारीको स्वीकृति लिई खोल्न पाउने व्यवस्था गरिने छ। पूर्व प्राथमिक शिक्षाको पढाइको तरीकामा उन्नति गर्नमा श्री ५ को सरकारले पाठ्यक्रम र शिक्षक तालिम आदिको कार्यसम्म गर्ने छ र पूर्व प्राथमिक विद्यालय खोल्ने जिम्मेवारी हाल श्री ५ को सरकारको हुने छैन।

# शिक्षण पद्धति

हाल हाम्रा विद्यालयहरुमा सिकाउने तरीका ज्यादै पुरानो किसिमको छ। प्रत्येक नयाँ तरीकाले सिकाउने पद्धतिको विकास गराउन निम्नलिखित व्यवस्था गरिनेछ ः

१. शिक्षण सुधार र अनुसन्धान आयोजनाहरु गठन गर्ने ः

   विद्यालय तथा इन्स्टिच्यूटमा सिकाइने प्रत्येक विषयमा .साधारण र व्यावसायिक० पाठ्यक्रमको उपयुक्तताको मूल्यांकन गर्ने, शिक्षण तरीकामा सुधार ल्याउने, शिक्षण सामग्रीको विकास गर्ने तथा मूल्यांकनको उपयुक्त तरीकाको विकास गराउने उद्देश्यले विषय शिक्षण सुधार र अनुसन्धान आयोजनाहरु गठन गरिने छन्। उक्त आयोजनाले छोटो अवधिको शिक्षक तालिम कार्य आदि पनि गर्नेछ।

२. नयाँ शिक्षण तरीकाको प्रसार गर्ने ः

   नयाँ शिक्षण तरीका देशभरि एकैपटक लागू गर्नुभन्दा केही छानिएका जिल्लाहरुमा लागू गर्नुपरेको छ र क्रमशः देशभरि फैलाउनु परेको छ। एउटा विद्यालयले जति विषयमा नयाँ तरीका लागू गर्न सक्तछ त्यति विषयमा लागू गर्न पाउने व्यवस्था गर्दै जानु परेकोछ। नयाँ शिक्षा योजना लागू भएका ठाउँमा नयाँ शिक्षण विधि पनि लागू गर्दै लगिने छ।

३. यस्ता अनुसन्धान आयोजनाहरुले आम रुपमा उक्त शिक्षण विधि लागू गर्ने सिफारिस गरेपछि शिक्षा मन्त्रालयका सम्बन्धित शाखाहरुमा उक्त कार्यक्रम हस्तान्तरण हुनेछ।

# शिक्षण सामग्री

नयाँ तरीकाबाट सिकाउन बढ्ता शिक्षण सामग्रीहरुको प्रयोग हुनुपर्दछ। शिक्षण सामग्रीहरुको विकास गर्न निम्न व्यवस्था अपनाइने छ।

पाठ्यपुस्तक

पाठ्यपुस्तक सबैभन्दा महत्वपूर्ण शिक्षण सामग्री हो। यो देशभर प्रचलित एउटै मात्र शिक्षण सामग्री हो। तसर्थ पाठ्यपुस्तकलाई सकेसम्म उच्च स्तरको बनाउने प्रयास गर्नु परेको छ। जनक शिक्षा सामग्री केन्द्र, सानो ठिमीलाई स्वशासित संस्था बनाई सबै प्रकारका पुस्तकहरु लेखाउने, छपाउने र वितरण गर्ने जिम्मा दिइने छ।

१. पाठ्यपुस्तक पाठ्यक्रम र नयाँ शिक्षण विधिलाई पूरा ध्यानमा राखेर तालिम प्राप्त योग्य व्यक्तिले मात्रै लेख्न पाउने व्यवस्था गरिनेछ।

२. पाठ्यपुस्तकको साथमा विद्यार्थीहरुका लागि अभ्यास गर्ने पुस्तिका .Work book॰ शिक्षकहरुलाई उक्त पाठ्यपुस्तक प्रयोग गर्न शिक्षक निर्देशन पुस्तिका .Teacher Guide॰ पनि साथै तयार गर्नु अनिवार्य हुनेछ।

३. प्रत्येक विषयको पाठ्यपुस्तक लेख्दा राख्नु पर्ने तस्वीर, चार्ट र उदाहरणहरु बारे विस्तृत नियम हुनुपर्दछ। त्यस्तै अक्षरको प्रकार, कागतको प्रकार र जिल्लाको प्रकार आदिको विस्तृत नियम बनाइने छ।

४. अहिले जस्तै बजारमा भएका किताबबाट छानी पुस्तक सूची निकाल्ने प्रथा ठीक देखिंदैन। तसर्थ निश्चित उद्देश्यका लागि किताब लेखाउने व्यवस्था हुनुपर्दछ। उपलब्ध किताबबाट छान्ने प्रथा बन्द गरिनेछ।

५. प्राथमिक शिक्षाका सबै विषयका किताबहरु र माध्यमिक शिक्षाका सबै मुख्य विषयका किताबहरु श्री ५ को सरकारले नै नमूनाका लागि प्रथम पटक लेखाउने, छपाउने र वितरण गर्ने व्यवस्था हुनुपर्दछ। त्यसपछि जनक शिक्षा सामग्री केन्द्रले नभ्याउने भए विज्ञान, गणित र व्यावसायिक विषयहरुमा बाहेक अरु किताबहरु जनक शिक्षा सामग्री केन्द्रबाट प्रकाशित किताब नमूना अनुसार अरु प्रकाशकहरु द्वारा छपाउने र वितरण गराउने व्यवस्था गरिने छ।

६. किताब लेखाउनका निमित्त सम्बन्धित विषयमा विशेषज्ञहरुलाई पाठ्यक्रम बमोजिम किताबको रुपरेखा पेश गर्न आव्हान गर्ने र सबभन्दा राम्रो रुपरेखा तयार गर्ने व्यक्तिलाई जनक शिक्षा सामग्री केन्द्रका लेखक र सम्पादकको रेखदेखमा पुस्तक लेखाइनेछ। जनक शिक्षा सामग्री केन्द्रका लेखक सम्पादकहरुले बाहिरका लेखकले पेश गरेका पाण्डुलिपिहरुमा पाठ्यक्रम र नयाँ शिक्षण विधि अनुसार बडो सावधानीपूर्वक

सम्पादन गर्नुपर्दछ। आवश्यक परेमा सरकारी लेखकहरुले पनि पुस्तक तयार गर्न सक्ने छन्।

७. यदि शिक्षण सुधार अनुसन्धानका लागि बनेका आयोजनाहरुद्वारा पाठ्यपुस्तकहरु लेखिएका रहेछन् भने आयोजनाहरुले आम रुपमा छपाउन उचित ठहऱ्याएका किताबहरुलाई जनक शिक्षा सामग्री केन्द्रले छपाई वितरण गर्नेछ।

८. जुनसुकै भाषामा लेखिने किताबमा पनि एउटा विषयमा देशभरी एकै प्रकारका विषयवस्तुहरु रहने छन्।

९. नाम तौल सम्बन्धी ज्ञान दिन लेखिने पुस्तकहरुमा श्री ५ को सरकारले प्रचलनमा ल्याइसकेको दशमलव पद्धतिलाई अपनाई लेखिनु परेको छ र त्यस्तै, जुनसुकै विषयमा पनि श्री ५ को सरकारको नीति र नियम अनुसार मिल्ने गरी किताबहरु लेखिनु परेकोछ।

**पाठ्यपुस्तक वितरण**

जनक शिक्षा सामग्री केन्द्रबाट ठाउँ ठाउँमा पुस्तक वितरण केन्द्र खोली पुस्तकहरु वितरण गर्ने व्यवस्था हुनेछ।

तोकिएका ठीक ठीक किताबहरु विद्यालयमा पढाइएका छन् छैनन्, शिक्षा अधिकारीहरुबाट नियमित समयमा प्रतिवेदन प्राप्त गर्ने व्यवस्था गरिनेछ।

**किताब निःशुल्क वितरण**

पाठ्यपुस्तकहरु शिक्षा प्रचारका लागि नभै नहुने न्यूनतम सामग्रीहरु हुन्। तसर्थ पाठ्यपुस्तक विना गरीब तथा दुर्गम स्थानका बालक बालिकाहरुले पढ्न नपाउने स्थित नहोस् भन्नाका लागि तोकिएका दुर्गम जिल्लाहरुमा कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तकहरु निःशुल्क वितरण गर्ने व्यवस्था गर्नु पर्दछ। अरु जिल्लामा पनि गरीब विद्यार्थीहरुलाई प्राथमिक शिक्षाका पाठ्यपुस्तकहरु निःशुल्क वितरण गर्ने व्यवस्था हुनुपर्दछ र अरु जिल्लामा बिक्री गरिनेमा पनि प्राथमिक शिक्षाका पाठ्यपुस्तकहरु सकेसम्म कम मोलमा बिक्री गर्ने व्यवस्था गरिनेछ।

**अरु शैक्षिक सामग्रीहरुको व्यवस्था**

१. वैज्ञानिक तरिकाबाट पढाई गर्नुभन्दा बढी सामग्रीहरु कक्षामा प्रयोग हुनु पर्दछ। तसर्थ जनक शिक्षा सामग्री केन्द्रले प्रत्येक विषय सिकाउनका लागि आवश्यक शैक्षिक सामग्रीहरु पर्याप्त मात्रामा उत्पादन गरी वितरण गर्ने अथवा नमूना सेटहरु बनाई पठाउने र ती सामग्रीहरु बनाउने तरिकाको निर्देशन पुस्तिका बनाई वितरण गर्ने व्यवस्था गर्नेछ। यसका अतिरिक्त शिक्षकहरुलाई शिक्षण सामग्रीहरु आफै बनाउने कामको तालिम दिनु पर्दछ। शिक्षकहरुले विद्यार्थीहरुलाई व्यावसायिक शिक्षा कार्यक्रम अन्तर्गत शैक्षिक सामग्रीहरु बनाउन लगाउन सक्तछन्।

२.	विज्ञान र व्यावसायिक शिक्षाहरु सिकाउन विशेष गरी फिल्म, फिल्मस्ट्रिप, स्लाइड, ओपेक प्रोजेक्टरहरुको प्रयोग गर्नु राम्रो हुनेछ। यस्ता सामग्रीहरुलाई देशभरीका विद्यालयहरुमा तुरुन्तै उपलब्ध गराउन गाह्रो होला, तर जिल्लामा अथवा अञ्चलमा यस्ता सामग्रीहरुको केन्द्र राखेर विद्यालयहरुलाई पालोपालो गरी यी सामग्रीहरु प्रयोग गर्ने मौका दिने व्यवस्था गरिने छ।

**व्यावसायिक शिक्षा तथा विज्ञान प्रयोगशाला सामग्रीहरु**

व्यावसायिक शिक्षाको पढाइ गर्न र विज्ञान शिक्षाको पढाइ गर्न कार्यशाला तथा प्रयोगशाला नभै नहुने कुराहरु हुन्। तर विभिन्न विद्यालयहरुले कसरी कम पैसाले कार्यशाला तथा विज्ञान प्रयोगशालाहरु बनाउन सक्नेछन्, सो सिकाउनका लागि शिक्षा मन्त्रालयले विभिन्न तरीकाहरु र न्यूनतम आवश्यक सामग्रीहरुको सूची विद्यालयहरुलाई दिने र ती सामग्रीहरु सकेसम्म विद्यालयले आफैंले बनाउने, यदि विद्यालयले नसक्ने भएमा मन्त्रालयबाट नेपालभित्रै बनाउन लगाउने र नभै नहुने कुराहरु मात्र विदेशबाट झिकाइने छ।

व्यावसायिक शिक्षाका लागि सबैजसो कृषि औजारहरु अब वीरगञ्ज कृषि औजार कारखानाले तयार गर्न सक्तछ। अरु मेकानिकल शिक्षाका लागि पनि केही सामग्रीहरु बालाजु यन्त्रशाला आदिमा तयार हुन सक्तछन्। सकेसम्म यस्ता वस्तुहरु यस्तै व्यावसायिक संस्थाहरुबाट उत्पादन गराउने व्यवस्था गरिनेछ।

प्रत्येक माध्यमिक विद्यालयमा विज्ञानको प्रयोगशालाको व्यवस्था गरिने छ र प्राथमिक र निम्नमाध्यमिक विद्यालयमा पनि विज्ञानका न्यूनतम सामग्रीहरु उपलब्ध गराइने छ। यस्ता न्यूनतम सामग्री शिक्षा मन्त्रालयले तोक्नेछ र स्थानीय साधनबाट उपलब्ध हुने वस्तुहरुबारे निर्देशन पनि दिनेछ; साथै अरु सामग्रीहरु प्राप्त गर्ने उपाय पनि बताउनेछ।

**रेडियोद्वारा शिक्षा**

रेडियो पनि शिक्षाको एउटा प्रभावकारी साधन हुन सक्तछ। हाम्रो जस्तो यातायातको कठिनाइ भएको देशमा रेडियोद्वारा कुना कुनासम्म हामीले चाहेको कुरा पुऱ्याउन सकिन्छ। सर्वप्रथम रेडियोको माध्यमबाट कुना कुनाका शिक्षकहरुलाई बराबर राम्रो पढाइ गर्ने तरीका सिकाउने, यसपछि माध्यमिक स्तरका विद्यार्थीहरुका लागि कार्यक्रम चलाउने र प्रौढ शिक्षाको कार्यक्रम प्रभावकारी ढङ्गबाट तर्जुमा गर्ने व्यवस्था गरिने छ।

**शिक्षा सामग्रीको आवश्यकताबारे निर्देशन दिने**

शिक्षा मन्त्रालयबाट एउटा विद्यालयमा नभै नहुने न्यूनतम सामग्रीहरुको एउटा सूची बनाई प्रत्येक विद्यालयले ती सामग्रीहरु तुरुन्तै राख्ने र अरु सामग्रीहरु क्रमशः थप्दै जाने निर्देशन निकाल्नु अति जरुरी छ। शिक्षा निरीक्षकहरुले निरीक्षण गर्दा शैक्षिक सामग्रीहरु आवश्यक मात्रामा रहन गएका छन् छैनन् जाँच गर्ने र तिनको उचित प्रयोग भएको छ छैन प्रतिवेदन दिने व्यवस्था गर्नुपर्दछ।

**विद्यालय–पुस्तकालय**

प्रत्येक माध्यमिक विद्यालयमा अनिवार्यतः पुस्तकालय राख्ने र प्राथमिक र निम्नमाध्यमिक विद्यालयमा पनि पुस्तकको केही संकलन गर्नु पर्ने व्यवस्था गर्नु पर्दछ।

# पाठ्यपुस्तक उत्पादनका लागि
# जनक शिक्षा सामग्री केन्द्रलाई स्वशासित संस्था बनाउने

- पाठ्यपुस्तकको मस्यौदा तयार गर्ने
  - बाहिरका लेखकले तयार गरेको पाण्डुलिपि सम्पादन गर्ने
    - पाठ्यपुस्तक छाप्ने
      - आवश्यक तस्वीर र अरु व्यवस्था मिलाउने
        - पाठ्यपुस्तक देशभरी वितरण गर्ने व्यवस्था गर्ने

पाठ्यपुस्तक बारे नीति

(१) प्रमुख विषयका सबै पुस्तकहरु लेखाउने, छपाउने र वितरण गर्ने र अरु विषयमा अरु प्रकाशनबाट नमूना अनुसार पुस्तक छाप्ने र वितरण गराउने व्यवस्था गर्ने।

(२) देशभरी सुपथ मोलमा पाठ्यपुस्तक वितरण गर्ने र दुर्गम क्षेत्रमा र गरीब विद्यार्थीलाई निःशुल्क पुस्तक वितरण गर्ने।

(३) पाठ्यपुस्तकको उन्नतिका लागि अनुसन्धानलाई प्रोत्साहन गर्ने।

तुरुन्तै उपलब्ध गराउन गाह्रो होला, तर जिल्लामा अथवा अञ्चलमा यस्ता सामग्रीहरुको केन्द्र राखेर विद्यालयहरुलाई पालोपालो गरी यी सामग्रीहरु प्रयोग गर्ने मौका दिने व्यवस्था गरिने छ।

# शिक्षक तालिम

हाल शिक्षक तालिममा दुइवटा प्रमुख समस्याहरु छन्ः .१॰ आवश्यकता अनुसार तालिम प्राप्त शिक्षकको संख्या बढाउने र .२॰ तालिमको स्तर बढाउने। शिक्षक तालिमबारे विचार गर्न प्रशासन, निरीक्षण, मूल्यांकन र तालिमको समन्वय गर्न एउटा समिति गठन गरिने छ।

**तालिम प्राप्त शिक्षकको संख्या बढाउने व्यवस्था**

(क॰ सबै विद्यालयहरुमा तालिम प्राप्त शिक्षक राख्न क्रमशः अनिवार्य गरिनेछ र नयाँ योजना लागू भएका जिल्लाहरुमा यी नियम लागू हुनेछन्।

(ख॰ तत्कालै धेरै संख्यामा शिक्षकहरु तयार गर्न एस.एल.सी. वा सो सरह पास भएका, आइ.ए. वा सो सरह पास भएका तथा बी.ए. वा सो सरह पास भएका व्यक्तिहरुलाई एक एक वर्षको तालिम दिई क्रमशः प्राथमिक शिक्षक, निम्नमाध्यमिक शिक्षक र माध्यमिक शिक्षकका लागि तयार गरिनेछ।

(ग॰ हाल काम गरिरहेका अनुभवी शिक्षकहरुको पनि न्यूनतम योग्यता पुग्दछ भने सेवाकालीन तालिमको माध्यमबाट तालिम दिइनेछ।

(घ॰ प्रत्येक शिक्षकलाई शारीरिक अभ्यास र शारीरिक शिक्षाको तालिम अनिवार्य हुनेछ।

तालिमको स्तर बढाउने व्यवस्था

(क॰ शिक्षक शिक्षणको पाठ्यक्रम वर्तमान आवश्यकता सुहाउँदो निर्धारण गर्ने व्यवस्था गरिनेछ।

(ख॰ प्रत्येक विषयमा नेपालको वास्तविक परिस्थिति र आवश्यकता सुहाउँदा पाठ्यपुस्तकहरु तयार गराउने व्यवस्था हुनेछ।

(ग॰ शिक्षण तरिकाको साथसाथै विषय शिक्षणमा पनि पर्याप्त जोड दिनु जरुरी भएकोले शिक्षक तालिम महाविद्यालयमा विभिन्न विषयमा उपयुक्त फेकल्टीहरुको विकास हुनु पर्दछ।

(घ॰ शिक्षक शिक्षण तरिकामा अनुसन्धानलाई प्रोत्साहन दिनु आवश्यक छ र शिक्षा शास्त्रलाई नेपालको परिस्थितिसँग मिल्ने गरी विकास गर्ने प्रयास हुनुपर्दछ।

(ङ॰ शिक्षक शिक्षण विधिको तालिम लिन आउनेहरुको न्यूनतम योग्यता बढाउनु जरुरी छ। तसर्थ दुर्गम क्षेत्रमा बाहेक अन्यत्र प्राथमिक शिक्षक हुन एस.एल.सी. वा सो सरह, निम्नमाध्यमिक शिक्षक तालिम लिन आइ.ए. वा सो सरह र माध्यमिक शिक्षक तालिम पाउन बी.ए. वा सो सरह भएमा उचित हुनेछ।

(च॰ शिक्षकहरुलाई नयाँ तरीकाले जाँच गर्ने विषयमा तालिम लिनु अनिवार्य हुनेछ।

(छ॰ प्रधानाध्यापक र शिक्षा निरीक्षकको तालिमको पनि योजना हुनु पर्दछ।

**सेवाकालीन विशेष तालिम**

विज्ञान, गणित आदि सबै विषयमा शिक्षकहरुलाई विशेष तालिम दिनु पर्दछ। देशभरीमा शिक्षकहरुलाई यस्ता तालिम क्रमशः उपलब्ध गराउने व्यवस्था गरिनेछ।

**तालिमपछि काममा खटाउने व्यवस्था**

(क॰ तालिम प्राप्त शिक्षकहरुलाई शिक्षा मन्त्रालयले सम्बन्धित विद्यालयमा खटाउनेछ। सम्बन्धित विद्यालयले उक्त शिक्षकलाई लिन अनिवार्य हुनेछ।

(ख॰ शिक्षकहरुले तालिम पाए बमोजिम ठीक तरिकाले सिकाउने गरेका छन् छैनन् शिक्षा निरीक्षकले मूल्यांकन गरी शिक्षा मन्त्रालय तथा शिक्षक तालिम केन्द्रमा प्रतिवेदन पठाउनेछन्।

(ग॰ तालिम प्राप्त गरेको निश्चित अवधिपछि शिक्षकहरुलाई पुनः सेवाकालिन तालिमको व्यवस्था हुनुपर्दछ।

**व्यावसायिक शिक्षकहरु**

व्यावसायिक शिक्षकहरुलाई तालिम दिने व्यापक कार्यक्रम हुनेछ। हालको भन्दा व्यावसायिक तालिमको स्तर क्रमशः बढाउँदै लैजाने व्यवस्था गरिनेछ।

व्यावसायिक शिक्षाको पढाईमा विशेष जोड दिने यस योजनाको उद्देश्य भएकोले व्यावसायिक शिक्षा विषयमा शिक्षक तालिममा पनि विशेष ध्यान दिइनेछ। अधिराज्यका प्रत्येक विद्यालयका शिक्षकहरुलाई व्यावसायिक शिक्षा सिकाउने तरिकामा स्तरयुक्त तालिम दिइनेछ र सबै विद्यालयका शिक्षकहरुलाई पालो पालो गरेर तालिम उपलब्ध गराइनेछ।

व्यावसायिक विषयहरुमा डिग्री वा डिप्लोमा प्राप्त गर्ने व्यक्तिहरुलाई शिक्षण तरिकाको तालिम दिई व्यावसायिक शिक्षक बनाउने व्यवस्था हुनेछ।

**शिक्षक तालिमका लागि छात्रवृत्ति**

शिक्षक तालिमका लागि हाल दिइआएको छात्रवृत्तिलाई क्रमशः समाप्त गर्ने प्रयास गरिनेछ। गरीब र दुर्गम क्षेत्रका विद्यार्थीहरुले मात्र छात्रवृत्ति पाउने व्यवस्था क्रमशः लागू गरिनेछ।

# शिक्षकहरुको सेवामा सुधार

शिक्षाको सुधार र उन्नति गर्न योग्य व्यक्तिहरुलाई शिक्षक बनाउनु र उनीहरुलाई शिक्षामा नै बस्न राजी गराउनु ज्यादै जरुरी छ। तसर्थ शिक्षकहरुको सेवामा सुरक्षा, पदोन्नतिको आशा र तलवको दर सन्तोषजनक बनाउने कार्यक्रमलाई योजनाकालमा विशेष प्राथमिकता दिइनेछ।

**सेवाको सुरक्षा**

हाल सरकारी शिक्षकहरु र प्राध्यापकहरु लोकसेवा आयोगबाट नियुक्त हुन्छन् र निजामति सेवा ऐन र नियमावली अन्तर्गत उनीहरुको सेवामा सुरक्षा छ। हाम्रो देशमा सरकारी स्कूल र कलेजहरुभन्दा पब्लिक कलेजहरु तथा स्कूलहरु धैरै मात्रामा छन्। यसरी पब्लिक स्कुल र कलेजमा रहेका शिक्षक तथा प्राध्यापकहरुको सेवामा सुरक्षा प्रदान गर्नु अति आवश्यक छ।

**शिक्षकहरुको सेवाको सुधार गर्न तलका व्यवस्थाहरु हुनेछन्:**

**१. शिक्षकहरुको सेवाको गठन**

प्रत्येक जिल्लामा शिक्षा सेवा आयोग गठन हुनेछ। उक्त आयोगले जिल्ला शिक्षा सेवा गठन गर्नेछ र जिल्लाभित्रका सबै प्रकारका शिक्षकहरुको दरबन्दी गर्ने, भर्ना गर्ने, पदोन्नति गर्ने, सरुवा र खारेज गर्ने काम जिल्ला शिक्षा सेवा आयोगले गर्नेछ। उक्त आयोगले शिक्षकहरुको विवरण राख्नेछ।

महाविद्यालयका शिक्षकहरु विश्वविद्यालय सेवा आयोग मार्फत भर्ना हुनेछन्।

**२. जिल्ला शिक्षा कोष**

प्रत्येक जिल्लामा एउटा जिल्ला शिक्षा कोष खडा हुनेछ। उक्त कोषमा सरकारी अनुदान, शुल्कबाट उठ्ने रकम, शिक्षा करबाट उठ्ने रकम र चन्दाहरु रहनेछन्। सोही कोषबाट प्रत्येक महिनामा शिक्षकहरुलाई समयमै तलब खुवाउने व्यवस्था हुनेछ।

**३. शिक्षकहरुको तलब स्केल**

शिक्षकहरुको तलब स्केल तोकिंदा समान योग्यता भएका अरु पेशामा काम गर्नेहरुले पाए सरह पाउने व्यवस्था हुनु पर्दछ र बढ्दो बजार भाउ अनुसार तोकिएको तलब दरमा बराबर संशोधन गर्ने व्यवस्था हुनुपर्दछ। शिक्षकहरुको तलब दरमा प्रत्येक वर्षको अनुभव अनुसार थप बृद्धि पाउने तथा विशेष तालिम पाए अनुसार थप भत्ता पाउने व्यवस्था पनि गर्नु राम्रो हुनेछ। दुर्गम स्थानमा खटिई जाने शिक्षकहरुले दुर्गम स्थान भत्ता पाउने व्यवस्था हुनेछ।

## ४. विद्यालयमा शिक्षकहरुको दरबन्दी

### प्राथमिक विद्यालयमा

| दर्जा | संख्या | न्यूनतम योग्यता | तलब | तालिम | भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रधानाध्यापक | १ | एस.एल.सी. वा सो सरह र तालिम प्राप्त | १५५। | १५।– | २५।– | प्र.अ. भत्ता |
| शिक्षक | ३ | ,, | १५५।– | १५।– | | |

### निम्नमाध्यमिक विद्यालयमा

| दर्जा | संख्या | न्यूनतम योग्यता | तलब | तालिम | भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रधानाध्यापक | १ | आई. एड. अथवा आई. ए. अथवा सो सरह र तालिम प्राप्त | २५०।– | | ५०।– | प्र.अ.भत्ता |
| शिक्षक | ३ | आई.एड. अथवा आई.ए. अथवा सो सरह र तालिम प्राप्त | २५०।– | | | |
| शिक्षक | १ | एस.एल.सी. वा सो सरह र तालिम प्राप्त | १५५।– | १५।– | | |

### माध्यमिक विद्यालयमा

| दर्जा | संख्या | न्यूनतम योग्यता | तलब | तालिम | भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रधानाध्यापक | १ | बी.एड. अथवा बी.ए. वा सो सरह र तालिम प्राप्त | ६००।– | | | |
| शिक्षक | १ | बी.एस्सी. | ४७५।– | | | |
| शिक्षक | १ | बी.एड. अथवा बी.एस्सी. अथवा बी.ए. र तालिम प्राप्त | ४७५।– | | | |
| शिक्षक | १ | बी.ए. वा सो सरह र व्यावसायिक शिक्षामा तालिम प्राप्त | ४७५।– | | | |
| शिक्षक | १ | बी.ए. वा सो सरह | ४००।– | | | |
| शिक्षक | १ | राष्ट्रिय विकास सेवाबाट जाने | २०० | | | |

उच्च शिक्षण संस्थाहरुको दरबन्दी, न्यूनतम योग्यता तथा तलब त्रिभुवन विश्वविद्यालयले तोके बमोजिम हुनेछ।

**५. छात्र शिक्षक अनुपात**

प्राथमिक शिक्षामा १:३०, निम्नमाध्यमिक र माध्यमिक शिक्षामा १:२५ र उच्चशिक्षामा १:१५ शिक्षक विद्यार्थी अनुपात निर्धारण गरिएको छ।

**६. पदोन्नतिको व्यवस्था**

शिक्षकहरुको पदोन्नति गर्दा निम्नलिखित कुराहरुको आधारमा गरिनेछः–

(क॰ शैक्षिक योग्यता,

(ख॰ नोकरी वर्ष अथवा अनुभव,

(ग॰ उल्लेखनीय काम गरे बापत पाएको तक्मा वा कदरपत्र,

(घ॰ स्वास्थ्य,

(ङ॰ दुर्गम क्षेत्रमा काम गरेको अनुभव,

(च॰ विभागीय प्रमुखको सिफारिस,

(छ॰ सेवाकालिन तालिम,

(ज॰ अनुसन्धान कार्य।

**७. अवकाश प्राप्त भएपछिको व्यवस्था**

गैरसरकारी विद्यालयहरुका शिक्षकहरुले अवकाश प्राप्त गरेपछि निवृत्तिभरण नपाउने भएकाले हाललाई एक मुष्ट आर्थिक अनुदान दिने व्यवस्था गर्नेतर्फ विचार हुनेछ।

**८. अरु सुविधा**

प्रतिवर्ष निश्चित संख्यामा शिक्षकहरुलाई तक्मा, विभूषण दिने परम्परा बसालिनेछ।

# परीक्षा पद्धति

परीक्षा पद्धतिको सुधारका लागि निम्नलिखित व्यवस्था हुनेछः–

**१. आन्तरिक मूल्यांकन प्रथा चलाइने**

(क॰ प्राथमिक, निम्नमाध्यमिक र माध्यमिकमा सिकाइने प्रत्येक पाठको अन्तमा विद्यार्थीहरुले बुझेका छन् छैनन् मूल्यांकन गर्ने कुराहरु पाठ्यपुस्तक तथा पाठ्यक्रम निर्देशन पुस्तिकामा दिइनेछन्।

(ख॰ प्रत्येक ३.३ महिनामा विद्यार्थीहरुको प्रगतिको मूल्यांकन गर्न परीक्षा गरिनेछ।

**२. शिक्षकहरुले विद्यार्थीहरुको प्रगति विवरण राख्ने**

प्रत्येक विद्यार्थीको पढाई तथा अरु कुरामा प्रगति भएको कुरा शिक्षकहरुबाट विवरण कार्ड राख्ने व्यवस्था गरिनेछ र विद्यार्थीलाई परीक्षाको नतिजा दिंदा विद्यार्थीको प्रगति विवरण पनि दिने व्यवस्था गरिनेछ।

**३. प्रश्नहरुलाई सकेसम्म बैज्ञानिक बनाइनेछ।**

विद्यार्थीमा जुन कुराको मूल्याङ्कन गर्ने हो त्यसका लागि उपयुक्त प्रकारले मूल्याङ्कन गर्ने प्रश्नहरु पनि निर्माण गर्नमा जोड दिइनेछ। मिल्ने विषयहरुमा स्तरयुक्त प्रश्नहरु .standaridised test॰ को विकास गरिनेछ।

**४. विद्यार्थीहरुको उत्तर कापी परीक्षण गर्ने प्रथामा सुधार गरिनेछ**

विद्यार्थीहरुको उत्तर कापी परीक्षण गर्ने तरिका सकेसम्म वैज्ञानिक बनाउने प्रयास गरिनेछ।

**अन्तिम परीक्षाहरु**

१. प्राथमिक शिक्षाको अन्तमा जिल्ला शिक्षा निरीक्षक कार्यालयको टोलीले गरेको जाँचको आधारमा विद्यार्थीहरुलाई कक्षा चढाउने गरिनेछ।

२. निम्नमाध्यमिकको अन्तमा अञ्चलस्तरीय परीक्षा गरिनेछ।

३. एस.एल.सी. को टेष्ट परीक्षा जिल्लास्तरीय हुनेछ।

**एस.एल.सी. परीक्षा**

एस.एल.सी. परीक्षालाई निम्नबमोजिम सुधार गरिनेछः–

परीक्षा नियन्त्रण कार्यालयमा परीक्षा सुधार र अनुसन्धान शाखा गठन हुनेछ। उक्त शाखाले प्रश्नपत्रको स्तरपरीक्षा गर्ने तरिकामा सुधार ल्याउने आदि प्रयास गर्नेछ।

आन्तरिक मूल्यांकनको २५ प्रतिशत नम्बर एस.एल.सी.को परिणाम निकाल्दा जोड्ने व्यवस्था हुनेछ।

कक्षा ८ देखि विद्यार्थीहरुको रजिष्ट्रेशन रेकर्ड राखिनेछ।

**उच्चशिक्षामा परीक्षा**

उच्चशिक्षा तहमा पनि परीक्षाको सुधार अत्यावश्यक भइसकेको छ।

**उच्चशिक्षा तहमा निम्नबमोजिम परीक्षा सुधार गरिनेछः**

१. परीक्षालाई पढाईको अभिन्न अंगको रुपमा स्वीकार गरी असल पढाईद्वारा विद्यार्थीहरुमा आएको अनुकूल परिवर्तनको मूल्याङ्कन गर्ने साधनको रुपमा परीक्षाको सुधार गरिनेछ। परीक्षा सुधारको प्रारम्भिक कार्य शिक्षालयमा काम गर्ने अवधि बढाउने र पढाइमा सुधार ल्याउने हुनेछ।

२. परीक्षालाई बढ्ता विकेन्द्रीकरण गरिनेछ। शिक्षण संस्था र शिक्षकहरुलाई विद्यार्थीहरुको मूल्याङ्कनमा सरीक गराउने र जिम्मेवारी दिने व्यवस्था गरिनेछ।

**परीक्षाको तरिका**

(क॰ हाल अपनाइ आएको दुई दुई वर्षको अन्त्यमा अन्तिम परीक्षा गर्ने प्रथालाई त्यागी ६६ महिनामा परीक्षा लिने .सेमेष्टर॰ प्रथा कायम गरिनेछ।

(ख॰ विद्यार्थीहरुलाई परीक्षा पास गरेको प्रमाणपत्रका साथमा विद्यार्थीको शैक्षिक र अन्य प्रगतिको मूल्याङ्कन स्पष्ट हुने गरी विस्तृत प्रगति विवरण प्रदान गरिनेछ।

(ग॰ प्रत्येक जाँचमा केही प्रतिशत आन्तरिक मूल्याङ्कन र केही प्रतिशत वाहृय परीक्षाद्वारा विद्यार्थीहरुको मूल्याङ्कन गरिनेछ। शुरुमा आन्तरिक मूल्याङ्कनलाई २० प्रतिशत महत्व दिने र क्रमशः आन्तरिक मूल्याङ्कनलाई ५० प्रतिशतसम्म महत्व दिने र ५० प्रतिशत वाहृय परीक्षामा कायम गरिनेछ।

विद्यार्थीको कुनै विषयको आन्तरिक र वाहृय परीक्षाको नतिजामा धेरै अन्तर आएमा यस्ता विद्यार्थीहरुको अन्तिम मूल्याङ्कन विश्वविद्यालय परीक्षा समितिबाट गरिनेछ। कुनै महाविद्यालयको आन्तरिक परीक्षाको नतिजामा र वाहृय परीक्षाको नतिजामा ठूलो अन्तर भएमा यस्ता महाविद्यालयको कार्यविधिमा उचित छानविन गरिनेछ।

# **शिक्षा** प्रशासन

शिक्षाद्वारा प्राप्त गर्न खोजिएको राष्ट्रिय उद्देश्य प्राप्तिका लागि मानिस र भौतिक साधनहरुको परिचालन गर्ने विधि नै प्रशासन हो। तसर्थ वैज्ञानिक शिक्षाको कार्यक्रम बनाउनका साथै तिनलाई सफलतापूर्वक लागू गर्न शिक्षाको प्रशासन व्यवस्थालाई पनि सक्षम तुल्याउनु आवश्यक छ।

शिक्षा नीतिलाई कार्यान्वित गर्न निम्नलिखित चार कुराहरु साथसाथै जानुपर्दछः–

१. योजना र कार्यक्रम बनाउने,

२. कार्यान्वित गर्न सामान्य प्रशासन गर्ने,

३. कार्यान्वित गर्न प्राविधिक प्रशासन गर्ने,

४. मूल्याङ्कन र नियन्त्रण गर्ने।

शिक्षा मन्त्रालयको मुख्य कार्यकारी अधिकारी सचिव हो। निजले उपर्युक्त चारवटा काम गर्नुपर्दछ। तसर्थ सचिवलाई उपरोक्त कामहरु गर्नमा सहायता गर्न निम्न चार शाखाहरु रहनेछन्ः–

१ योजना कार्यक्रम र बजेट शाखा,

२. सामान्य प्रशासन शाखा,

३. प्राविधिक प्रशासन शाखा,

४. मूल्याङ्कन अनुसन्धान र लेखा परीक्षण शाखा।


कार्यान्वयनको मुख्य काम क्षेत्रीय निर्देशनालयहरुबाट हुन्छ। देशलाई पूर्वाञ्चल, पश्चिमाञ्चल र मध्यमाञ्चल गरी तीन भागमा बाँडी तीनवटा क्षेत्रीय निर्देशनालयहरु खडा गरिनेछन्।

त्यसपछि प्रत्येक जिल्लामा शिक्षा अधिकारी र विद्यालय निरीक्षकहरु रहनेछन्।

प्रस्तावित प्रशासकीय संगठनमा शिक्षा सचिवले प्रशासन मात्र गर्ने होइन, सम्पूर्ण कार्यक्रमलाई नेतृत्व प्रदान गर्नु पर्ने कुरा स्पष्ट देखाइएको छ।

शिक्षाको राष्ट्रिय उद्देश्य र नीति अनुसार उपयुक्त शिक्षाको योजना र कार्यक्रम बनाउने, योजना र कार्यक्रम कार्यान्वित गर्ने कार्यान्वयनको ठीक ठीक मूल्याङ्कन गर्ने र ती कामहरु गर्न नियुक्त मातहतका कर्मचारीहरुलाई तोकिएको काम तोकिएबमोजिम गराउने जिम्मेवारी सचिवको हुनेछ।

क्षेत्रीय निर्देशकहरु र केन्द्रका शाखाप्रमुखहरु समान तहका हुनुपर्दछ र तिनीहरुमा आपसमा बराबर सरुवा र अदली बदली भैरहनु पर्दछ, जसबाट केन्द्रको कामको तरिका क्षेत्रीय अधिकारीलाई थाहा हुन्छ।


श्री मा शिक्षा मन्त्री
श्री शिक्षा सचिव
निर्देशन, नियन्त्रण र समन्वय
योजना शाखा
प्रशासन शाखा
प्राविधिक
मल्याङकन
१ कार्यक्रम
२ जनशक्ति
३ तथ्याङ्क
४ बजेट
१ उच्च शिक्षा र प्राविधिक शिक्षा
२ माध्यमिक शिक्षा
३ प्राथमिक शिक्षा
४ प्रौढ शिक्षा
५ कर्मचारी प्रशासन
१ पाठ्यक्रम र पाठ्यपुस्तक
२ तालिम
३ परीक्षा
४ शैक्षिक सामग्री
५ शारीरिक शिक्षा
१ निरीक्षण
२ अनुसन्धान
३ लेखापरीक्षण
क्षेत्रीय निर्देशनालय पूर्वाञ्चल
क्षेत्रीय निर्देशनालय मध्यमाञ्चल
क्षेत्रीय निर्देशनालय पश्चिमाञ्चल
कार्यक्रम र बजेट
प्रशासन
प्राविधिक
मूल्याङ्कन र लेखापरीक्षण
जिल्ला शिक्षा अधिकारी

प्रशासन

निरीक्षण

**राष्ट्रिय शिक्षा समिति**

त्रिभुवन विश्वविद्यालय

शिक्षा मन्त्रालय
निर्देशन, नियन्त्रण र समन्वय

योजनशा शाखा | प्रशासन शाखा | प्राविधिक शाखा | मूल्याङ्कन शाखा | पुरातत्व विभाग

| योजनशा शाखा | | प्रशासन शाखा | | प्राविधिक शाखा | | मूल्याङ्कन शाखा | |
|---|---|---|---|---|---|---|---|
| १ कार्यक्रम | १ क राष्ट्रिय योजना कार्यान्वयन गर्ने वार्षिक र मसिक विस्तृत कार्यक्रम बनाउने<br>ख युनेस्कोको सहायता सम्बन्धी कार्यक्रम बनाउने। | १ उच्च शिक्षा र प्राविधिक शिक्षा उपशाखा | १ उच्चशिक्षा सम्बन्धी योजना कार्यन्वयन गर्ने आवश्यक व्यवस्था गर्ने। | १ पाठ्यक्रम र पाठ्यपुस्तक उपशाखा | १ सबै तहको शिक्षाको पाठ्यक्रम बनाउने र सो बमोजिम पाठ्यपुस्तक लेखाउने । | १ निरीक्षण उपशाखा | १ योजना बमोजिम कार्यान्वयन भएको छ छैन मूल्याङ्कन गर्नेऽ निरीक्षण गर्ने गराउने र सम्बन्धित व्यक्तिहरुलाई त्यसको सूचना दिने। |
| २ जनशक्ति उपशाखा | २ देशमा आवश्यक जनशक्तिको अनुमान गर्ने र त्यस सम्बन्धी आवश्यक तथ्याङ्क संकलन गर्ने। | २ माध्यमिक शिक्षा उपशाखा | २माध्यमिक शिक्षा सम्बन्धी योजना कार्यान्वयन गर्ने व्यवस्था गर्ने | २ तालिम उपशाखा | २ सबै तहका शिक्षकहरुको तालिमको व्यवस्था गर्ने। | २ लेखापरीक्षण उपशाखा | २ सरकारी खर्च ठीक सँग गरेको छ छैन लेखा परीक्षण गर्ने र प्रतिवदेन तयार गर्ने। |
| तथ्याङ्क उपशाखा | ३ शैक्षिक तथ्याङ्क संकलन गर्ने, विश्लेषण गर्ने र प्रतिवेदन तयार गर्ने। | ३ प्राथमिक शिक्षा उपशाखा | ३ प्राथमिक शिक्षा सम्बन्धी योजना कार्यान्वयन गर्ने व्यवस्था गर्ने। | ३ शैक्षिक सामग्री उपशाखा | ३ पाठ्यक्रम अनुसार पढाइ गर्ने आवश्यक शैक्षिक सामग्रीहरु तयार गर्ने गराउने। | अनुसन्धान उपशाखा | ३ शिक्षाका विभिन्न समस्याहरु समाधान गर्ने बारेअनुसन्धान गर्ने र शिक्षा क्षेत्रमा हुने सबै अनुसन्धानहरुमा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | सामाञ्जस्य ल्याउने। |
| ४ बजेट शाखा | ४ वार्षिक बजेट तयार पार्ने र रकम निकासा गर्ने। | ४ प्रौढ शिक्षा उपशाखा | ४ प्रौढ शिक्षा सम्बन्धी योजना कार्यान्वयन गर्ने व्यवस्था गर्ने | ४ परीक्षा उपशाखा | ४ परीक्षा संचालन गराउने र परीक्षामा सुधार गर्ने व्यवस्था गर्ने। | | |
| | | ५ कर्मचारी प्रशासन उपशाखा | ५ कर्मचारीको नियुक्ति, सरुवा, पदोन्नति आदि गर्ने । | ५ खेलकुद उपशाखा | ५ शारीरिक शिक्षा फैलाउने र खेलकुदको कार्यक्रम कार्यान्वयन गर्ने। | | |

अरु शाखाहरुको कार्य विवरण निम्नबमोजिम हुनेछः–

**१. योजना कार्यक्रम र बजेट शाखा**

यो शाखाले शिक्षाको राष्ट्रिय नीति र उद्देश्य कार्यान्वित गर्न कस्तो योजना र कार्यक्रम बनाउने भन्ने निर्णय गर्नेछ र देशमा जनशक्तिको आवश्यकताको अनुमान गरी आवश्यक जनशक्तिलाई तालिम गर्ने व्यवस्था गर्नेछ।

दीर्घकालीन लक्ष्यको आधारमा वार्षिक, मासिक र दैनिक कार्यक्रम बनाउनेछ। योजना र कार्यक्रमलाई चाहिने वजेटको व्यवस्था पनि यही शाखाले गर्नेछ।

**२. साधारण प्रशासन**

यस अन्तर्गत उच्चशिक्षा, माध्यमिक शिक्षा, प्राथमिक शिक्षा आदि शिक्षाका तहको सामान्य प्रशासन गर्ने काम पर्दछ र साथै भौतिक साधनहरुको प्रशासन पनि यही शाखाबाट हुनेछ।

**३. प्राविधिक प्रशासन**

यस अन्तर्गत पाठ्यक्रम, पाठ्यपुस्तक, तालिम, परीक्षा, शैक्षिक सामग्री आदिको व्यवस्था गर्ने काम हुनेछ।

**४. मूल्याङ्कन र नियन्त्रण शाखा**

यस शाखाले योजना अनुसार केन्द्रबाट अथवा क्षेत्रीय कार्यालयबाट काम भएको छ छैन मूल्याङ्कन गर्ने र नियन्त्रण गर्नेछ।

यस शाखा अन्तर्गत आन्तरिक लेखा परीक्षण शाखा र अनुसन्धान शाखा रहनेछन्। वास्तवमा यी चार शाखाहरु एक अर्काको पूरकका रुपमा र एक अर्काको नियन्त्रण र सन्तुलन राख्ने खालका रुपमा रहनेछन्। एउटा शाखाले योजना बनाउने, दोस्रो र तेस्रो शाखाले योजना कार्यान्वित गर्ने र चौथो शाखाले योजना ठीकसँग लागू भयो भएन मूल्याङ्कन गर्नेछ।

**क्षेत्रीय निर्देशनालयहरु**

कार्यान्वयन गर्ने कार्यालय जति सक्यो उति कार्यान्वयन क्षेत्रमा रहनु पर्ने भएकोले शिक्षा विभागलाई ३ वटा एकाईमा विभाजित गरी पूर्वाञ्चलमा एउटा, पश्चिमाञ्चलमा एउटा र मध्यमाञ्चलमा एउटा गरी जम्मा ३ वटा शिक्षा निर्देशनालयहरु रहनेछन्।

ती निर्देशनालयहरुले शिक्षाको कार्यक्रम र नीतिलाई कार्यान्वयन गर्न आवश्यक निर्देशन, समन्वय र निरीक्षण आदि गर्नेछन्। उच्च शिक्षास्तरीय संस्थाहरु निर्देशनालयबाटै निरीक्षण गर्ने व्यवस्था गरिनेछ र अरु शिक्षण संस्थाहरु जिल्ला शिक्षा अधिकारी मार्फत निरीक्षण गराइने छन्।

निर्देशनालय शिक्षाको स्तर कायम गर्नको निमित्त विभिन्न तालिमको व्यवस्था गर्ने, सेमिनार गर्ने र निरीक्षण गर्ने गराउने कामको जिम्मेवार हुनेछ।

**जिल्ला शिक्षा अधिकारी कार्यालयहरु**

कार्यान्वयन र निरीक्षण प्रमुख साधन जिल्ला शिक्षा कार्यालय हुनेछ। जिल्ला शिक्षा अधिकारीले दुई प्रकारका काम गर्नु पर्नेछ ः

(१) प्रशासन (२) निरीक्षण

१. प्रशासन अन्तर्गत शिक्षकहरुको सेवा गठन गरी शिक्षक भर्ना गर्ने, सरुवा गर्ने, पदोन्नति गर्ने र खारेज गर्ने व्यवस्था गर्ने र भौतिक साधनहरु जस्तै भवन, फर्निचर र सामग्रीहरुको व्यवस्था गर्ने र रेखदेख गर्ने।

२. निरीक्षण अन्तर्गत प्रधान अध्यापक र शिक्षकहरुले शिक्षाको पाठ्यक्रम र अरु शैक्षिक कार्यक्रमलाई उद्देश्य प्राप्तिका लागि सफल तरीकाले लागू गरेका छन् छैनन् निरीक्षण गर्ने, सुझाउ दिने र मूल्याङ्कन गर्ने।

उपरोक्त काम गर्न शिक्षा अधिकारीको कार्यालयमा प्रशासन एकाई र शिक्षाको प्रत्येक तहका विद्यालयमा निरीक्षक रहनेछन्।

जिल्ला शिक्षा अधिकारीले विभागीय नीति निर्देशन शिक्षकसम्म पुऱ्याउने र शिक्षक मार्फत विद्यार्थीहरुसम्म पुऱ्याउने, त्यसको व्याख्या गर्ने व्यवस्था गर्नेछन्; विद्यार्थी र शिक्षकहरुको विचार, सुझाउ र मर्कालाई मन्त्रालयमा पठाउनेछन्।

व्यक्तिगत निरीक्षण, आवश्यक सूचना गर्ने र छलफल आदिद्वारा शिक्षा निरीक्षकले शिक्षाको कार्यक्रमलाई सफलता पूर्वक चलाउने व्यवस्था गर्नेछन्।

**जिल्ला शिक्षा समितिको गठन**

हाल जिल्लाव्यापी जनसंख्या र भौगोलिक स्थिति कस्तो छ, त्यसका आधारमा प्राथमिक विद्यालय, प्राथमिक विद्यालयहरुको अनुपातमा माध्यमिक विद्यालय खोल्ने तथा विकास कार्यहरुको आवश्यकता अनुसार व्यावसायिक शिक्षा दिने आदि गर्नु आवश्यक हुँदा शिक्षाको योजना र व्यवस्था कमसेकम एउटा जिल्लाको आधारमा विचार गर्नु पर्ने हुन आएकोछ। यसरी जिल्लाको आधार विचार गर्न एउटा विद्यालय सीमित सञ्चालक समिति उत्तिको प्रभावकारी हुँदैन। तसर्थ एउटा जिल्लालाई एकाई मानेर एउटा जिल्ला शिक्षा समिति बनाउने व्यवस्था हुनेछ। उक्त जिल्ला समितिको मुख्य अधिकारी जिल्ला शिक्षा अधिकारी हुनेछ।

**विद्यालयका प्रकार**

हाल हाम्रो देशमा मुख्यतया तीन प्रकारका विद्यालयहरु छन् ः

१. सरकारी विद्यालयहरुः– सम्पूर्ण खर्च सरकारले व्यहोर्ने र सरकारी कर्मचारीहरु भएका।

२. पब्लिक विद्यालयहरुः– सरकारबाट केही आर्थिक सहायता प्राप्त गर्ने र शुल्कबाट अथवा चन्दा, अथवा करबाट बाँकी खर्च पूर्ति गर्ने।

३. प्राइभेट विद्यालयहरुः– कुनै धार्मिक मिशनहरु अथवा कुनै व्यक्ति विशेषले खोली चलाएको सरकारी आर्थिक सहायता नपाउने।

**देशभरि एकै प्रकारका विद्यालय सञ्चालन गर्ने**

देशभरि एकै प्रकारका विद्यालयहरु कायम हुनेछन्। देशभरिका सबै विद्यालयहरुमा श्री ५ को सरकारले तोके बमोजिम एकै प्रकारको पाठ्यक्रम र पढाइको तरीका लागू गर्नेछ।

देशमा नमूना देखाउन अथवा प्रयोग गर्न सरकारबाट विशेष प्रकारको विद्यालय खोल्न सकिनेछ। प्रत्येक जिल्लामा एउटा एउटा सम्म नमूनाका लागि विद्यालय खोल्नु उचित हुनेछ। यस्ता मुख्य विद्यालयहरुले शिक्षा मन्त्रालयले तयार पारेको शिक्षणको नयाँ तरीका फैलाउने माध्यमभै काम गर्नेछन्।

**विद्यालय कार्यक्रममा एकरुपता**

१. देशभरि एउटै विद्यालय कार्यक्रम लागू हुनेछ। कार्यक्रमको विस्तृत विवरण निर्देशनालयबाट निरीक्षकलाई र निरीक्षकबाट विद्यालयमा प्राप्त हुनेछ। प्रत्येक तहका निरीक्षकहरु उक्त कार्यक्रम ठीकसँग लागू गर्न जिम्मेवार हुनेछन्।

२. प्रत्येक तहले कार्यक्रमको सुधारको सुझाउ र अरु सुझाउसहित प्रगति विवरण माथिल्लो तहमा पठाउनेछ।

**प्राइभेट विद्यालयहरु मिशनरी स्कूलहरु समेत**

नेपाल अधिराज्यभित्र अबदेखि राष्ट्रिय शिक्षा पद्धतिमा चलाइने बाहेक अरु प्रकारका विद्यालयहरु रहने छैनन्। कुनै प्राइभेट विद्यालयहरुलाई श्री ५ को सरकारले राम्रो स्तरको विद्यालयहरुको रुपमा चल्न सक्ने भनी प्रमाणित गरेमा श्री ५ को सरकारको पूरा निर्देशन र नियन्त्रणमा निश्चित अवधिसम्म चलाउन दिन सकिनेछ। यदि कुनै धार्मिक मिशनले कुनै विद्यालयलाई शिक्षक दिन चाहेमा यस्ता शिक्षकहरु श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई दिन सक्नेछन् र यस्ता शिक्षकहरु शिक्षा मन्त्रालयले विद्यालयहरुमा खटाउनेछ।

**नयाँ विद्यालयहरु खोल्ने व्यवस्था**

नयाँ विद्यालय खोल्दा क्षेत्रीय आवश्यकता र विद्यालय चल्न सक्ने सम्भावनाको पूरा छानवीन गरेर मात्र खोल्ने परम्परा कायम गरिनेछ।

# निरीक्षण व्यवस्था

शिक्षामा सुधार ल्याउन निरीक्षण व्यवस्थालाई सुदृढ पार्नु अति आवश्यक छ। निरीक्षकहरुले समय समयमा विद्यालयमा पुगी शिक्षकहरुको कामको मूल्याङ्कन र शिक्षकहरुलाई राम्रा काम गर्नमा प्रोत्साहन र सल्लाह दिने व्यवस्था भएमा मात्र नयाँ कार्यक्रम विद्यालयमा लागू गरिनेछ।

**विद्यालय निरीक्षण २ प्रकारको हुनेछ**

१. विद्यालयको भौतिक साधन, शिक्षकहरुको पर्याप्तता र उपयोगको निरीक्षण गर्ने,

२. प्रत्येक भैरहेको पढाइको स्तरको मूल्याङ्कन गर्ने,

प्रत्येक वर्ष कमसेकम २ पटक विद्यालय निरीक्षण हुनु पर्दछ

शिक्षा निरीक्षकले सकेसम्म बढी विद्यालयमा पुगी निरीक्षण गर्न सकेमा राम्रो हुन्छ। अतः कमसेकम २ पटक उपरोक्त दुवै प्रकारको निरीक्षण हुनुपर्दछ।

निरीक्षणको तरीका निम्नबमोजिम हुनेछ

१. शिक्षा निरीक्षकले आफैं उपस्थित भै विद्यालयमा भौतिक साधन र शिक्षकहरुको कामको निरीक्षण गर्नेछ।

२. प्रत्येक वर्ष शिक्षकहरुले पढाएको बारेमा निश्चित प्रकारको विवरण राख्नु पर्ने र शिक्षा निरीक्षकले सो विवरण, विद्यार्थीले गरेको पाठको विवरण, स्पष्ट हुने गरी स्तरयुक्त प्रश्नहरु द्वारा .Standaridised test॰ विद्यार्थीको मूल्याङ्कन गरिनेछ।

३. विषय शिक्षकहरु एक ठाउँमा भेला गराएर राम्रो सिकाउने शिक्षकहरुलाई नमूनाका लागि पढाउन लगाउने र छलफल गर्न लगाउने व्यवस्था गर्नु पर्दछ। राम्रा शिक्षकहरुलाई विद्यालयमा पठाई निरीक्षण गर्ने व्यवस्था पनि गर्न सकिनेछ।

४. प्रत्येक विद्यालयबाट सबै प्रकारको विवरण खुल्ने गरी मासिक रिपोर्ट लिने र त्यसको छोटकरी विवरण केन्द्रमा रिपोर्ट गर्ने व्यवस्था गरिनेछ।

**स्तर निर्धारण गर्ने**

शिक्षा मन्त्रालयले देशभरिका विद्यालयहरुलाई ५ वर्षमा पुऱ्याउनु पर्ने स्तर निर्धारण गर्नेछ र प्रत्येक जिल्लाले त्यस स्तरसम्म पुऱ्याउने कार्यक्रम बनाउने छ। प्रत्येक वर्ष कति प्रगति भयो त्यसको मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ।

**निरीक्षण व्यवस्थाको संगठन**

प्रत्येक जिल्लामा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिकका लागि निरीक्षकहरु रहनेछन्। व्यावसायिक शिक्षाका लागि छुट्टै निरीक्षक हुनेछ।

शिक्षा निरीक्षकहरुको योग्यता र स्तर निम्नबमोजिम हुनेछ ः

(क॰ प्राथमिक विद्यालय निरीक्षकको .राजपत्र अनंकित प्रथम श्रेणी, प्राविधिक हुनेछ॰ योग्यता घटीमा आई. एड. वा आई. ए. वा सो सरह र तालिम प्राप्त हुनेछ।

(ख॰ निम्नमाध्यमिक विद्यालयको निरीक्षकको .राजपत्राङ्कित तृतीय श्रेणी, प्राविधिक हुनेछ॰ योग्यता बी. एड. वा बी. ए. वा सो सरह र तालिम प्राप्त हुनेछ।

(ग॰ उच्चमाध्यमिक विद्यालयको निरीक्षकको .राजपत्राङ्कित तृतीय श्रेणी, प्राविधिक र द्वितीय श्रेणी प्राविधिक अथवा प्रशासकीय हुन सक्नेछ॰ योग्यता बी. एड. वा बी. ए. वा सो सरह र तालिम प्राप्त हुनेछ, तर एम. एड. र तालिम प्राप्तहरुलाई ग्राह्ाता दिइनेछ।

शिक्षा निरीक्षक र विद्यालयको अनुपात निम्नबमोजिम हुनेछ ः

**उपत्यका र तराईमा**

३० प्राथमिक विद्यालयलाई एउटा निरीक्षक,

१५ निम्नमाध्यमिक विद्यालयलाई एउटा निरीक्षक,

१० माध्यमिक विद्यालयलाई एउटा साधारण शिक्षा र एउटा व्यावसायिक शिक्षा निरीक्षक

**पहाडमा**

२० प्राथमिक विद्यालयलाई एउटा निरीक्षक,

१० निम्नमाध्यमिक विद्यालयलाई एउटा निरीक्षक,

७ माध्यमिक विद्यालयलाई एउटा साधारण शिक्षा र एउटा व्यावसायिक शिक्षा निरीक्षक।

**विद्यालय र निरीक्षकको वीचमा र निरीक्षक र केन्द्रको बीचमा सञ्चार व्यवस्था**

१. केन्द्रले विद्यालय सञ्चालन र पढाइको नयाँ तरीका र नयाँ विचारहरु शिक्षा निरीक्षकहरुलाई बराबर पठाउने, जसलाई शिक्षाको परिपत्र भनी पठाउनु पर्दछ।

२. केन्द्रले समस्याहरु पत्ता लगाउन प्रश्नावलीहरु शिक्षा निरीक्षक र विद्यालयहरुलाई पठाउनु पर्दछ।

३. प्रत्येक विद्यालयले प्रगति विवरण, तथ्याङ्कहरु शिक्षा निरीक्षक कहाँ पठाउने र शिक्षा निरीक्षकले निर्देशनालयमा र त्यहाँबाट मन्त्रालयमा पठाउने हुनुपर्दछ। त्यसमा समस्या तथा सुझाउहरु उल्लेख हुनुपर्दछ।

# आर्थिक अनुदान

विद्यालय सञ्चालनमा जनसहयोगलाई सम्मिलित गराउने नीति भएकोले विद्यालयलाई श्री ५ को सरकारले दिने खर्च आर्थिक सहायताको रुपमा दिइनेछ। तर जिल्ला स्तरमा यसलाई नियमित बनाई प्रत्येक विद्यालयको बजेट बनाउने र बजेट अनुसार खर्च गराउने व्यवस्था हुनेछ। तसर्थ जिल्लामा जिल्ला शिक्षा समिति गठन गर्ने व्यवस्थाको माथि उल्लेख भैसकेको छ। उक्त जिल्ला शिक्षा समिति अन्तर्गत एउटा जिल्ला शिक्षा कोष रहनेछ। उक्त कोषमा निम्न रकमहरु रहनेछन्–

१. सरकारी आर्थिक अनुदान,

२. शिक्षा कर,

३. शुल्क,

४. चन्दाहरु,

५. स्थायी सम्पत्तिहरुबाट भएको आम्दानी,

६. अरु स्रोतबाट प्राप्त आम्दानीहरु।

**बजेट बनाउने**

प्रत्येक विद्यालयले आफ्नो वार्षिक बजेट जिल्ला शिक्षा अधिकारी कार्यालयमा पेश गर्नु पर्दछ। जिल्ला शिक्षा समितिबाट पास भएको बजेट अनुसार खर्च गर्ने र लेखा परीक्षण गराउने जिम्मेवारी प्रत्येक विद्यालयको प्रधानाध्यापकको हुनेछ।

**आर्थिक अनुदान दिने आधार**

प्रत्येक विद्यालयलाई कति आर्थिक अनुदान दिने भन्ने सिफारिस सम्बन्धित शिक्षा निरीक्षकले गर्नेछन्। आर्थिक सहायता दिंदा विद्यार्थी संख्या, शिक्षक संख्या, शैक्षिक कार्यक्रम, अतिरिक्त क्रियाकलाप तथा परीक्षाको परिणाम आदिका आधारमा आर्थिक अनुदान तोकिनेछ। आर्थिक अनुदान राम्रो कार्यक्रम चलाउने विद्यालयलाई बढाउँदै जाने र नराम्रो कार्यक्रम चलाउनेलाई घटाउँदै लाने व्यवस्था हुनेछ।

**सरकारी आर्थिक अनुदानको प्रतिशत**

भवन, फर्निचर र अरु खर्चका लागि विद्यालयले स्थानीय स्रोतबाट खर्च उठाउनु पर्नेछ र श्री ५ को सरकारले शिक्षकको तलबका लागि निम्नबमोजिम आर्थिक अनुदान दिनेछ। श्री ५ को सरकारले भवन, आदिका लागि सहायता दिनु पर्ने अवस्थामा स्थानीय सहयोगलाई प्रोत्साहन गर्ने गरी दिइनेछ।

**१. प्राथमिक विद्यालय**

तोकिएको दुर्गम स्थानका प्राथमिक विद्यालयहरुमा शिक्षकको तलब र अरु खर्च पनि श्री ५ को सरकारले नै व्यहोर्नेछ। अरु ठाउँमा शिक्षकको तलब मात्र श्री ५ को सरकारले व्यहोर्नेछ।

२. **निम्नमाध्यमिक विद्यालय**

तोकिएका दुर्गम स्थानका निम्नमाध्यमिक विद्यालयका शिक्षकको सम्पूर्ण तलब श्री ५ को सरकारले व्यहोर्नेछ। अरु ठाउँमा शिक्षकको तलबको ७५ प्रतिशत खर्च श्री ५ को सरकारले व्यहोर्नेछ।

३. **माध्यमिक विद्यालय**

तोकिएका दुर्गम स्थानका साधारण माध्यमिक विद्यालय तथा व्यावसायिक विद्यालयको शिक्षकको तलब श्री ५ को सरकारले व्यहोर्नेछ। अरु ठाउँमा व्यावसायिक माध्यमिक विद्यालयमा ७५ प्रतिशत र साधारण माध्यमिक विद्यालयमा ५० प्रतिशत शिक्षकको तलब खर्च श्री ५ को सरकारले व्यहोर्नेछ।

४. **उच्चशिक्षा**

प्राविधिक विषयका उच्चशिक्षाको सम्पूर्ण खर्च श्री ५ को सरकारले व्यहोर्नेछ। अरु विषयका उच्चशिक्षाको हकमा शिक्षक तलबको २५–५० प्रतिशतसम्म खर्च श्री ५ को सरकारले व्यहोर्नेछ।

# अतिरिक्त कार्यकलाप

अतिरिक्त कार्यकलाप विद्यालय कार्यक्रमको अभिन्न अंगको रुपमा चलाउनु अनिवार्य हुनेछ। उक्त कार्यक्रममा सबै शिक्षक तथा विद्यालयहरुले भाग लिनु अनिवार्य हुनेछ। अतिरिक्त कार्यकलापमा भाग लिए नलिएको आधारमा पनि विद्यार्थी र शिक्षकको मूल्यांकन गर्ने व्यवस्था हुनेछ। विभिन्न कार्यक्रम बारे जिल्लाव्यापी, अञ्चलव्यापी र राष्ट्रव्यापी गरी पुरस्कार दिने व्यवस्था गरिनेछ।

सब शिक्षण संस्थाहरुमा निम्नलिखित अतिरिक्त कार्यकलाप लागू गर्नुपर्दछ र अरु कार्यक्रमहरु पनि लागू गर्न शिक्षण संस्थाहरुले व्यवस्था गर्न सक्नेछन्। विभिन्न अतिरिक्त कार्यकलाप गराउने बारे विस्तृत निर्देशन पुस्तिका तयार गराउने व्यवस्था हुनेछ।

**अतिरिक्त कार्यकलापहरुः**

१. अधिराज्यका सबै शिक्षण संस्थाहरुमा यथाशक्य आ–आफ्नो शिक्षण संस्थामा एकै किसिमको पोशाक लगाउनु पर्ने व्यवस्था गर्ने। उक्त पोशाक राष्ट्रियता झल्काउने, कम खर्चिलो, साधारण र स्थानीय हावापानी सुहाउँदो गर्ने प्रबन्ध मिलाउने।

(२॰ प्रत्येक शिक्षण संस्थाहरुमा राष्ट्रिय, भक्तिभावपूर्ण र मनोरञ्जक गीत गाउने प्रथालाई प्रोत्साहित गर्ने प्रबन्ध मिलाउने।

(३॰ प्रत्येक शिक्षण संस्थाले वर्षमा कम्तिमा एउटा नाटक तयार गरी प्रदर्शन गर्ने व्यवस्था गर्ने।

(४॰ राष्ट्रिय कलाहरुप्रति अभिरुचि बढाउने दृष्टिकोणले लोकगीत तथा लोकनृत्यको आयोजना गराउने प्रबन्ध गर्ने।

(५॰ प्रत्येक शिक्षण संस्थाहरुलाई निम्नलिखित प्रतियोगितामा भाग लिन लगाउनेः–

- (क॰ विद्यालयको फूलबारी प्रतियोगिता,
- (ख॰ हाजिरीजवाफ प्रतियोगिता,
- (ग॰ लोकगीत र लोकनृत्य प्रतियोगिता,
- (घ॰ वादविवाद प्रतियोगिता,
- (ङ॰ सरसफाई प्रतियोगिता,
- (च॰ चित्रकला प्रतियोगिता।

(६॰ विद्यार्थीहरुलाई आफ्नो मुलुकको साँस्कृतिक परम्परा र भौगोलिक विशेषताको जानकारी गराउने उद्देश्यले "नेपाल दर्शन" जस्तो शैक्षिक भ्रमणको आयोजना गराउने।

(७॰ प्रत्येक विद्यार्थीहरुलाई पि.टि. अनिवार्य हुनेछ। तसर्थ प्रत्येक शिक्षण संस्थाले विद्यार्थीहरुका लागि पि.टि. र अरु साधारण शारीरिक व्यायामको साथसाथै खेलकूद

समेतको अनिवार्य रुपले व्यवस्था गर्ने। विभिन्न तह र स्थानको खेलकूदको पनि प्रतियोगिता गराइनेछ।

(८॰ राष्ट्रिय चाडपर्वका दिनहरुमा उक्त चाडपर्वको महत्वबारे प्रबचन तथा उपयुक्त सामूहिक भजन, प्रार्थना आदि गराउने।

(९॰ शिक्षण संस्थाहरुका प्रमुखको नेतृत्वमा विद्यार्थीहरुबाट सानातिना निर्माण कार्यहरु गराउने।

(१०॰ उपयुक्त मौसममा विद्यार्थीहरुबाट वृक्षारोपण गराउने।

**गाउँ फर्क राष्ट्रिय अभियान अन्तर्गत सामाजिक सेवा कार्यक्रम**

प्रत्येक विद्यालयले गाउँ फर्क राष्ट्रिय अभियानको कार्यक्रम अनुरुप सामाजिक सेवा कार्यक्रम लागू गर्नु पर्नेछ। सामाजिक सेवा कार्यक्रमको माध्यमबाट अनुशासन, स्वावलम्बन, सहयोग र जवाफदेहीको भावना, प्रवृत्ति र वानीको विकास गराउनु पर्दछ।

सामाजिक सेवा दुई प्रकारका हुनेछन्ः

(क॰ विद्यालयभित्र,

(ख॰ विद्यालय बाहिर समाजमा।

# विद्‌यालयका लागि भौतिक साधनहरु

असल शैक्षिक कार्यक्रमका लागि उपयुक्त भवन, फर्निचर, खेलकूदको मैदान र अरु साधनहरु आवश्यक छन्। शिक्षा मन्त्रालयले विभिन्न ठाउँका लागि र विभिन्न कामका लागि विभिन्न भौतिक साधनहरुको आवश्यकता बारे नियमहरु बनाई लागू गर्ने व्यवस्था गर्नेछ। विभिन्न विद्‌यालयका लागि नभै नहुने न्यूनतम साधनहरुको शर्त तोक्ने र निश्चित अवधिभित्र सो साधन जुटाउन शिक्षा निरीक्षकले व्यवस्था गर्ने नियम हुनुपर्दछ।

**भवन**

विद्‌यालय भवन बनाउँदा नेपाली कला झल्किने गरी बनाउनु पर्दछ। प्रत्येक कक्षाका लागि एउटा कोठा र माध्यमिकमा विद्‌यालय प्रयोगशाला, कार्यशाला र पुस्तकालयको लागि पनि थप कोठाहरुको व्यवस्था हुनु जरुरी छ। विद्‌यालय भवन हावा लाग्ने र प्रकाश पुग्ने हुनुपर्दछ।
विभिन्न स्थानमा कस्तो प्रकारको भवन स्थानीय साधनबाट बनाउन सकिन्छ त्यसको लागि शिक्षा मन्त्रालयले नक्सा र डिजाइन दिने व्यवस्था गर्नेछ।

**फर्निचर**

विभिन्न कक्षाका लागि उपयुक्त फर्निचरको नक्सा र डिजाईनका साथै प्रयोग गर्न सकिने कोठाका बारेमा शिक्षा मन्त्रालयबाट सूचना प्रकाशित गर्ने व्यवस्था गरिनेछ।
क्रमशः प्रत्येक विद्‌यालयमा आवश्यक फर्निचर बनाउन लगाउने व्यवस्था हुनुपर्दछ।

**खेत र बगैंचा**

प्रत्येक विद्‌यालयमा बगैंचा हुनु आवश्यक छ र व्यावसायिक कृषिको पढाई गर्ने माध्यमिक विद्‌यालयमा पहाडमा कम्तिमा २ रोपनी र तराईमा २ विगाहा जमीन हुनुपर्दछ। जमीन उपलब्ध गर्नमा स्थानीय पञ्चायत तथा प्रशासनले सहयोग गर्नेछन्।

**खेल्ने स्थान**

प्रत्येक विद्‌यालयमा खेल्ने उपयुक्त स्थान उपलब्ध हुनु जरुरी छ र खेलकूद गराउनु अनिवार्य छ।

**पुस्तकालय**

पुस्तकालय शिक्षा प्रसारको एउटा महत्वपूर्ण माध्यम भएकोले पुस्तकालयहरुको स्थापना र विकासमा उचित ध्यान दिइनेछ। कुनै व्यक्ति वा संस्थाले सार्वजनिक उपयोगिताको लागि श्री ५ को सरकारको स्वीकृति लिई पुस्तकालय खोल्न सक्नेछ। शिक्षा मन्त्रालयबाट पुस्तकालयहरुको विकास गर्न निर्देशन दिने र निरीक्षण गर्ने व्यवस्था हुनेछ।

**छात्रावास**

शिक्षाको विकासमा छात्रावासको महत्वपूर्ण स्थान छ। विशेष गरी पहाडी क्षेत्रमा टाढा टाढाबाट आई पढ्ने विद्यार्थीहरुलाई छात्रावासको प्रबन्ध भएमा आवश्यक ठाउँहरुमा मात्र विद्यालयहरु खोली योजनाबद्ध तरिकाबाट शिक्षाको प्रसार गर्न सकिने हुन्छ। तसर्थ एउटा विद्यालय अथवा एउटा भन्दा बढ्ता विद्यालयहरुको उपयोगको लागि छात्रावास खोल्नमा प्रोत्साहन दिइनेछ।
श्री ५ को सरकारले छात्रावास खोल्न स्वीकृति दिने, विकासको लागि निर्देशन दिने र निरीक्षण गर्ने व्यवस्था गर्नेछ।

# प्रौढ शिक्षा

प्रौढ शिक्षा दुई प्रकारले संचालन हुनेछः–

(१۰ साक्षरता फैलाउने कार्यक्रम,

(२۰ कार्यमूलक प्रौढ शिक्षा कार्यक्रम।

साक्षरता कक्षाहरु यस्ता कक्षा चलाउन ग्राम र नगर पञ्चायत, वर्गीय संगठनहरु र शिक्षण संस्थाहरुलाई जिम्मा दिइनेछ। यसका लागि चाहिने शिक्षण सामग्री शिक्षा मन्त्रालयबाट तयार गराईनेछन्। करीब वर्षको १ लाख प्रौढ जनताहरुलाई साक्षर बनाउने लक्ष्य राखिनेछ।

कार्यमूलक प्रौढ शिक्षा कार्यक्रम उक्त कार्यक्रम शिक्षा मन्त्रालयले अरु विकास कार्य गर्ने मन्त्रालय, विभाग, संस्थान, कारखाना र एजेन्सीसँग मिलेर चलाउनेछ। यस कार्यक्रम अन्तर्गत काम गर्ने कार्यकर्ताहरु तथा कामसँग सम्बन्धित जनताहरुलाई विकास कार्यमा तीब्रता ल्याउन चाहिने सीप पनि सिकाउने काम हुनेछ। यो कार्यक्रम चलाउन सबै विकास कार्यसँग सम्बन्धित एजेन्सीहरु तथा शिक्षा मन्त्रालयको संयुक्त जिम्मेवारी हुनेछ।

कार्यमूलक प्रौढ शिक्षाको मूल उद्देश्य प्रौढ जनसंख्यालाई उनीहरुको दैनिक काममा मद्दत हुने ज्ञान, सूचना र सीप सिकाउनु हो। हाल विभिन्न मन्त्रालयहरुले आ–आफ्नो ढंगले प्रौढहरुलाई विकास कार्यक्रमबारे शिक्षा दिने व्यवस्था गरिरहेका छन्। कृषि मन्त्रालयले कृषि प्रसार कार्यक्रम अन्तर्गत, स्वास्थ्य मन्त्रालयले स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत र अरु पनि विभाग, मन्त्रालयहरुले आ–आफ्नै ढंगले प्रौढहरुलाई सिकाउने व्यवस्था गरिरहेका छन्। यसरी विभिन्न मन्त्रालयहरुले बेग्लाबेग्लै शिक्षा कार्यक्रम चलाउँदा कहिं दोहोरो पर्न जाने, कहिं एउटाले अर्काको कुरा काट्ने आदि भैरहेको छ। बेग्ला बेग्लै कार्यक्रम चलाउँदा यसको प्रभावकारिता पनि कम भैरहेको छ। तसर्थ प्रौढहरुलाई शिक्षा अथवा सूचना दिने सबै प्राविधिक मन्त्रालयहरुको प्रयास र कार्यक्रमलाई एकत्रित गरी कार्यमूलक प्रौढ शिक्षा नामले संयुक्त कार्यक्रम चलाइनेछ।

यस्तो कार्यक्रमका लागि एउटा समिति बन्नेछ र यसमा विभिन्न मन्त्रालयहरुको प्रतिनिधित्व हुनेछ। उक्त समितिले कार्यक्रम बनाउनेछ, प्रौढहरुलाई शिक्षा र सूचना दिने सबै कार्यक्रमहरु संयुक्त रुपमा एउटा एजेन्सीले मात्र चलाउनेछ। उक्त कार्यक्रमका लागि हाल विभिन्न मन्त्रालयहरुले गरिआएको खर्च एउटै प्रौढ शिक्षा कार्यालयबाट हुनेछ।

कार्यमूलक प्रौढ शिक्षा अरु विकास कार्यक्रम चलेकै ठाउँमा उक्त विकास कार्यक्रमलाई सफल बनाउन आवश्यक सीप र ज्ञान सिकाई श्रमको उत्पादनको दृष्टिकोणले चलाईनेछ।

# राष्ट्रिय विकास सेवा

प्रत्येक उच्च शिक्षा पाउने विद्यार्थीहरुको ज्ञान सिर्फ सैद्धान्तिक र किताबी मात्र नहोस् र विद्यार्थीहरुले पढाइका साथसाथै सेवा गरी देशलाई चिन्ने मौका पाउनु पर्दछ भन्ने उद्देश्यले विद्यार्थीहरुको राष्ट्रिय विकास सेवा गठन गर्ने व्यवस्था गरिएको छ।

**राष्ट्रिय विकास सेवाको गठन**

डिप्लोमा .हालको व्याचलर्स डिग्री॰ को प्रथम वर्ष र डिग्री .हालको माष्टर्स डिग्री॰ को प्रथम वर्ष पास गर्नेहरुले राष्ट्रिय विकास सेवा अन्तर्गत खटाएको ठाउँमा गई एक वर्ष सेवा गर्नु पर्नेछ। प्रारम्भमा डिग्री कोर्षको प्रथम वर्ष पास गर्ने विद्यार्थीहरुलाई पठाइनेछ र यसपछि क्रमशः डिप्लोमाको प्रथम वर्ष पास गर्नेहरुलाई पनि खटाइनेछ।

यो विकास सेवा विश्वविद्यालयको पढाइको अभिन्न अंग हुनेछ। तसर्थ जुन विद्यार्थीले डिप्लोमा अथवा डिग्रीको प्रमाणपत्र प्राप्त गर्न चाहन्छन् तिनीहरुले सेवा दलमा काम गरेपछि मात्र प्रमाणपत्र प्राप्त गर्न सक्नेछन्।

विदेशबाट डिग्री अथवा डिप्लोमा प्राप्त गरी नेपालभित्र अध्ययन गर्न अथवा काम गर्न चाहेमा उपरोक्त बमोजिम एक वर्ष खटाएका ठाउँमा सेवा नगरी अध्ययन र काम गर्न नपाउने व्यवस्था हुनेछ।

यो राष्ट्रिय विकास सेवाका सदस्यहरुलाई निम्नलिखित चार दलमा विभाजन गरिनेछः–

(क॰ शिक्षा सेवा दल,

(ख॰ स्वास्थ्य सेवा दल,

(ग॰ कृषि सेवा दल,

(घ॰ निर्माण दल।

उपरोक्त दलका सदस्यहरुलाई गाउँमा १ वर्षका लागि काममा खटाइने व्यवस्था हुनेछ। काममा खटिंदा सम्बन्धित मन्त्रालयले पारिश्रमिक दिनेछ।

**तालिम**

सबै राष्ट्रिय विकास सेवाका सदस्यहरुलाई ड्रील, शारीरिक व्यायम र व्यावसायिक तालिम दिइनेछ।

पोशाक र चिन्ह

राष्ट्रिय विकास सेवामा खटिई जाने विद्यार्थीहरुले तोकिएको पोशाक र चिन्ह लगाउनु पर्नेछ।

**निरीक्षण र मूल्याङ्कन**

राष्ट्रिय सेवा दलका सदस्यहरुको काममा निरीक्षण र मूल्याङ्कन गर्ने व्यवस्था हुनेछ र राम्रो कामको कदर पनि गर्ने व्यवस्था हुनेछ। राष्ट्रिय विकास सेवामा खटिई गएका कर्मचारीहरुलाई

शैक्षिक कार्य जारी राख्न लगाउन विश्वविद्यालयबाट निर्देशन र शिक्षकबाट निरीक्षण पनि हुनेछ।

**प्रशासन**

राष्ट्रिय विकास सेवाको कार्य संचालन गर्न एउटा केन्द्रीय समिति र एउटा निर्देशनालय रहनेछ।

**अन्य कुराहरु**

महिला विद्यार्थीहरु घरबाट टाढा जान सक्ने परिस्थिति नभएमा घरनजिकै काम गर्न लगाईनेछ र विदेशी विद्यार्थीहरुलाई यसको सट्टामा अरु कुनै शैक्षिक कार्य गर्न दिइनेछ।

# छात्रवृत्ति

गरीब, तर जेहेन्दार विद्यार्थीहरुलाई शिक्षा पाउनमा सहयोग गर्न, तथा शैक्षिक दृष्टिकोणले पिछडिएका क्षेत्र र वर्गका बालक बालिकाहरुलाई शिक्षा पाउनमा सहायता गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ।

जेहेन्दार तर गरीब विद्यार्थीहरुले गरीबिको कारणले पढाई छोड्न नपरोस् भन्ने उद्देश्यले प्राथमिक शिक्षादेखि उच्चशिक्षासम्म जेहेन्दार छात्रवृत्तिको व्यवस्था गरिनेछ। आवश्यक विषयमा विद्यार्थीहरुलाई ऋण छात्रवृत्तिको .Loan Scholarship॰ व्यवस्था गर्नेतर्फ विचार गरिनेछ।

पिछडिएका क्षेत्र र वर्ग भनी शिक्षा मन्त्रालयले तोकेका क्षेत्रका केही बालक बालिकाहरुलाई पनि छात्रवृत्ति उपलब्ध गराइनेछ।

**छात्रवृत्तिको प्रकार**

छात्रवृत्ति दुई प्रकारका हुनेछन्ः

(क॰ पढाई खर्च मात्र दिने।

(ख॰ पढाई र छात्रावास खर्च समेत दिने।

छात्रवृत्ति दिंदा प्राविधिक शिक्षा पाउनेहरुलाई विशेष प्रोत्साहन दिइनेछ। छात्रवृत्ति दिनका लागि छनौट गर्ने तरिका र छान्ने अधिकारी शिक्षा मन्त्रालयले तोक्नेछ।

**मित्रराष्ट्रहरुमा पठाइने छात्रवृत्तिको व्यवस्था**

१. विभिन्न मन्त्रालयहरुले हाल प्रचलित रुपमा आर्थिक बजेटको माग गरेझैं प्रत्येक वर्ष तोकिएको महिनाभित्र आफ्ना आफ्ना मन्त्रालयहरुलाई चाहिने विभिन्न तहका जनशक्तिको आवश्यकताबारे आर्थिक योजना आयोगको जनशक्ति शाखालाई लेख्नेछन्। जनशक्ति शाखाले नेपालको विकास कार्यलाई चाहिने सम्पूर्ण जनशक्तिको अनुमान गर्नेछ। विभिन्न मन्त्रालयहरुको माग र जनशक्ति शाखाको चाहिने जनशक्तिको अनुमानको आधारमा साधारणतया नेपाल अधिराज्यभित्र अध्ययनको व्यवस्था नभएका विषयहरुमा मात्र छात्रवृत्ति उपलब्ध गर्ने व्यवस्था गरिनेछ। विभिन्न मन्त्रालयको मागको आधारमा तालिम अथवा अध्ययन समाप्त गर्नेहरुलाई काम दिने जिम्मेवारी पनि सम्बन्धित विभाग तथा मन्त्रालयको पदाधिकारीमा हुनेछ।

२. छात्रवृत्ति जनशक्ति शाखाको अनुरोधमा परराष्ट्र मन्त्रालय मार्फत माग गरिनेछ।

३. छात्रवृत्ति अन्तर्गत पढ्न पठाउँदा छनौट गर्ने काम श्री ५ को सरकार, शिक्षा मन्त्रालयले गर्नेछ। छात्रवृत्तिबारे पत्रपत्रिकाहरुद्वारा व्यापक प्रचार गरिनेछ। छनौटलाई सुव्यवस्थित तथा पक्षपातरहित गर्न विशेषज्ञहरुको समिति गठन गरिनेछ। उक्त

समितिले प्रचलित निस्पक्ष वैज्ञानिक नियमहरुको आधारमा प्रतियोगिताद्वारा व्यक्तिहरुलाई छान्ने काम गर्नेछ।

४. सरकारी कर्मचारीहरुलाई तालिम तथा अध्ययनका लागि बाहिर पठाउँदा अध्ययन अवधि भरको लागि पूरा तलब दिने व्यवस्था गरिनेछ र भरसक तालिम अवधि पहिले नै किटान गर्ने व्यवस्था गरिनेछ।

५. यसरी छात्रवृत्ति माग गर्दा देश तथा योजनाको आवश्यकतासँग सम्बन्ध नभएका प्रत्यक्ष रुपमा अनुपयोगी हुने अत्याधुनिक विषयहरुमा .Sophisticated॰ भन्दा आधारभूत तथा नेपालको विकासलाई सहायक सिद्ध हुने विषयहरुमा उम्मेदवारहरुलाई उच्चशिक्षाको निम्ति पठाइने कुरामा जोड दिइनेछ।

६. श्री ५ को सरकारको जनशक्ति शाखा बाहेक अन्य कुनै नेपाली नागरिकले मित्रराष्ट्रबाट सोझै छात्रवृत्ति माग गर्ने कुरामा मान्यता दिइने छैन।

छात्रवृत्ति अन्तर्गत तालिम समाप्त गरी आउने व्यक्तिले श्री ५ को सरकारले खटाएको ठाउँमा गई घटीमा ५ वर्ष काम गर्नु पर्नेछ।

# अपाङ्गहरुको निमित्त शिक्षाको व्यवस्था

लाटा, कान नसुन्ने र अन्धा तथा अरु खालका अपाङ्ग विद्यार्थीहरुलाई दिइने शिक्षाको व्यवस्था पनि गरिनु आवश्यक छ। तर यस्ता अपाङ्ग विद्यार्थीहरुलाई दिइने शिक्षा प्राविधिक दृष्टिकोणले छुट्टै ढंगको हुनु पर्ने स्वतः सिद्ध छ। लगभग १,१३,००,००० जनसंख्या भएको अधिराज्यको सबै अञ्चलमा यस्तो व्यवस्था तत्कालै गर्न हाल सम्भव नभएता पनि काठमाडौं जस्तो घना जनसंख्या भएको ठाउँमा श्री ५ को सरकार तर्फबाट यस्तो शिक्षाको तत्कालै शुरु गर्दै लगी पछि क्रमशः यस्तो कार्यक्रम अधिराज्यका अरु ठाउँहरुमा पनि विस्तृत गर्दै लगिनेछ। यस प्रकारको शिक्षा कार्यक्रममा अन्तर्राष्ट्रिय संस्थाहरु र मित्रराष्ट्रहरुबाट पनि सहायता उपलब्ध गर्न सक्दो प्रयास छ।

अपाङ्ग केटाकेटीहरुको शिक्षा कार्यक्रमको संरक्षक होइबक्सन श्री ५ बडामहारानी सरकारमा बिन्ती चढाइनेछ।

# सह–शिक्षाको व्यवस्था

अधिराज्यको संविधानमा महिला र पुरुषमा कुनै भेदभाव नभएको र नेपालको सामाजिक परिपाटी बमोजिम पनि महिलाहरुमा पर्दा वा पृथक गर्ने प्रथा आदि नभई महिलाहरुले दैनिक कार्यक्षेत्रमा स्वस्थरुपले पुरुषहरु समान नै भाग लिइ आएको परम्परालाई ध्यानमा राख्ता राष्ट्रिय शिक्षा पद्धतिमा सह–शिक्षा व्यवस्थालाई ग्राह्यता दिइनेछ।

हाम्रो देशमा योग्य र तालिम प्राप्त शिक्षक र अरु शैक्षिक सामग्रीहरुको कमी भएकाले महिला र पुरुषलाई बेग्लाबेग्लै शिक्षकहरुको व्यवस्था गर्न खर्चिलो र दोहोरो पर्ने हुँदा नेपालमा साधारणतः सबै शिक्षामा सह–शिक्षाको नीति लागू गरिनेछ।

तर हाल महिला र पुरुषहरुका लागि भनी बेग्लाबेग्लै शिक्षण संस्थाहरुको व्यवस्था भई सुव्यवस्थित रुपले चलिरहेका शिक्षण संस्थाहरुलाई यथावत चल्न दिइनेछ।

# विभिन्न तहका अनुमानित विद्यार्थी तथा शिक्षक संख्या

**अनुमानित प्राथमिक विद्यार्थी संख्या**

हालसम्म प्राथमिक शिक्षा १ कक्षादेखि ५ कक्षासम्म र प्राथमिक विद्यालय उमेर ६ वर्षदेखि १० वर्षसम्म मानिएको थियो। यस्तो गर्दा हालसम्ममा प्राथमिक विद्यालय उमेरका जम्मा केटाकेटीहरुमध्ये केबल ३२ प्रतिशतले मात्र प्राथमिक सहुलियत पाएका छन्। तर यस योजनामा प्राथमिक शिक्षाको अवधि ३ वर्षको मात्र गरिएकोले प्राथमिक विद्यालय उमेर पनि ६ वर्षदेखि ८ वर्ष मात्र मानिएको छ। यस योजना अवधिमा बढ्ने प्राथमिक विद्यालयका विद्यार्थीहरु अनुमान गर्दा गत ५ वर्षभित्र प्राथमिक विद्यार्थी संख्या कति मात्रामा बढ्दै आएका छन् त्यसको औसत वृद्धि दर र यस योजनामा गरिने सुधारहरुबाट बीचैमा विद्यालय छोड्ने विद्यार्थीहरुको संख्या घट्न जाने सम्भाव्यता समेतलाई विचार गरी ५ वर्षभित्र बढ्ने प्राथमिक विद्यार्थी संख्या अनुमान गरिएको छ। यसरी अनुमान गर्दा हाल प्राथमिक विद्यालय उमेरका ३२ प्रतिशतले मात्र प्राथमिक शिक्षाको सहुलियत पाएकोमा अब यस योजना अवधिमा ६४ प्रतिशत बालबालिकाहरुलाई प्राथमिक शिक्षा सहुलियत प्रदान गर्न सक्ने देखिन्छ। प्राथमिक शिक्षालाई ३ वर्षको गर्दा प्राथमिक विद्यालय उमेरका विद्यार्थीहरु घट्न गएका र हाल अधिराज्यमा संचालित प्राथमिक विद्यालयहरुमा भएका जम्मा विद्यार्थीहरुको ७६ प्रतिशत बालबालिकाहरु केबल १ देखि ३ कक्षामा मात्र भएकाले हाल प्राथमिक शिक्षाको सहुलियत पाएका ३२ प्रतिशत बालबालिका नै ५२ प्रतिशत पुग्दछन्। उपरोक्त आधारमा यस योजना अवधिमा निम्नलिखित विद्यार्थी हुने अनुमान गरिन्छ।

| साल | प्राथमिक उमेर | प्राथमिक विद्यार्थी | प्रतिशत |
|---|---|---|---|
| २०२८ | ८,६२,५१० | ४,५१,६४५ | ५२ |
| २०२९ | ८,७६,०६१ | ४,७८,७४३ | ५४ |
| २०३० | ८,८९,६१२ | ५,०७,४६७ | ५७ |
| २०३१ | ९,०३,१६३ | ५,४२,९८९ | ६० |
| २०३२ | ९,१६,७१४ | ५,९१,८१५ | ६४ |

**अनुमानित निम्नमाध्यमिक तथा माध्यमिक विद्यार्थी संख्या**

प्राथमिक शिक्षा पाईरहेका मध्येबाट ४० प्रतिशतलाई निम्नमाध्यमिक शिक्षा दिने आधारमा निम्नमाध्यमिक विद्यार्थी संख्या अनुमान गरिएको छ। निम्नमाध्यमिक शिक्षा पाइरहेका विद्यार्थीहरु मध्ये ५० प्रतिशतलाई माध्यमिक शिक्षा दिने आधारमा माध्यमिक विद्यार्थी संख्या अनुमान गरिएको छ। उच्चशिक्षा पाउने जम्मा विद्यार्थी संख्या ६० प्रतिशतलाई

व्यावसायिक शिक्षा र ४० प्रतिशतलाई साधारण शिक्षा दिन व्यवस्था गरिनेछ। यसो गर्दा व्यावसायिक विषयहरु लिई माध्यमिक शिक्षा समाप्त गर्नेहरुको संख्या निकै बढ्न गई नेपालमा भइरहेका विकास कार्यहरुका लागि चाहिने दक्ष कामदारको आवश्यकता निकै मात्रामा पूर्ति हुने अनुमान गर्न सकिन्छ। यस योजना अवधिमा हुने अनुमानित निम्नमाध्यमिक तथा माध्यमिक विद्यार्थी संख्या निम्नअनुसारको हुनेछः–

| साल | अनुमानित निम्नमाध्यमिक विद्यार्थी | अनुमानित माध्यमिक विद्यार्थी |
|---|---|---|
| २०२८ | १,८०,६५८ | ९०,३२९ |
| २०२९ | १,६१,४९७ | ९५,७४८ |
| २०३० | २,०२,९८६ | १,०१,४९३ |
| २०३१ | २,१७,१९५ | १,०८,८९७ |
| २०३२ | २,३६,७२६ | १,१८,३६३ |

आवश्यक निम्नमाध्यमिक तथा माध्यमिक शिक्षक

| साल | अनुमानित निम्नमाध्यमिक शिक्षक | अनुमानित माध्यमिक शिक्षक |
|---|---|---|
| २०२८ | ७,२२६ | ३,६१३ |
| २०२९ | ७,६६० | ३,८३० |
| २०३० | ८,११९ | ४,०६० |
| २०३१ | ८,६८८ | ४,३४४ |
| २०३२ | ९,४६९ | ४,७३५ |

उच्चशिक्षा विद्यार्थी अनुमान

उच्चशिक्षा विद्यार्थी संख्या अनुमान गर्दा २०२६ सालको तथ्यांक अनुसार उच्चशिक्षालयका विद्यार्थी संख्या १७,२०० देखिएको र त्यसपछि नयाँ योजना लागू हुने २०२८ सालसम्ममा उच्चशिक्षालयका विद्यार्थी संख्या करीब २५,००० पुग्ने अनुमान गर्न सकिन्छ। कारण २०२४ सालदेखि ०२६ सालसम्मको तथ्यांकबाट उच्चशिक्षालयका विद्यार्थी संख्या प्रत्येक वर्ष २१ प्रतिशत बढेको देखिएबाट २०२६ र २०२७ सालमा पनि सोही अनुसार बढ्ने अनुमान गर्दा माध्यमिक विद्यालय विद्यार्थी संख्याको २७ प्रतिशत हुन आउँछ। यसरी प्रत्येक वर्ष साधारण उच्चशिक्षाका विद्यार्थी संख्या बढ्न जाने भएकाले यस योजना अवधिमा साधारण शिक्षालयमा विद्यार्थी संख्या घटाउन व्यावसायिक विषयहरुको अध्यापन गराउने, प्राविधिक विषयमा उच्चशिक्षालयहरुलाई सुदृढीकरण गर्ने र आवश्यकता अनुसार प्राविधिक विषयका उच्चशिक्षालयहरु खोल्ने व्यवस्था गरिनेछ। साथै उच्चशिक्षालयहरुको विद्यार्थी संख्यालाई २७

प्रतिशतबाट घटाई १९ प्रतिशतमा राखिनेछ। योजना अवधिमा उच्चशिक्षा दिंदा उच्चशिक्षा पाउने जम्मा विद्यार्थीहरु मध्ये ८० प्रतिशतलाई साधारण शिक्षा र २० प्रतिशतलाई व्यावसायिक तथा प्राविधिक विषयहरुमा पहिलो वर्ष शिक्षा दिने व्यवस्था गरिनेछ। त्यसपछि क्रमशः साधारण शिक्षामा ५ प्रतिशत घटाई प्राविधिक शिक्षातर्फ ५ प्रतिशत बढाउने व्यवस्था गरिनेछ। यस व्यवस्थाबाट साधारण शिक्षामा नियन्त्रण हुनाका साथै प्राविधिक शिक्षाको विकास भई देश निर्माणको लागि चाहिने विभिन्न तहका प्राविधिकहरु समेत तयार हुन सक्नेछन्।

**शिक्षा निरीक्षक**

यस योजनामा उल्लेख गरे अनुसार विद्यालयहरुको निरीक्षण गर्न विभिन्न सालमा चाहिने विभिन्न तहका शिक्षा निरीक्षकहरुको अनुमान निम्न अनुसार हुनेछः–

| साल | प्राथमिक शिक्षा निरीक्षक | निम्नमाध्यमिक शिक्षा निरीक्षक | माध्यमिक शिक्षा निरीक्षक | जम्मा |
|---|---|---|---|---|
| २०२८ | ११ | ५ | ७ | २३ |
| २०२९ | ४२ | २० | २४ | ८६ |
| २०३० | ५४ | २६ | ३१ | १११ |
| २०३१ | ६३ | ३० | ३६ | १२९ |
| २०३२ | ५५ | २७ | ३२ | ११४ |
| | २२५ | १०८ | १३० | ४६३ |

**नयाँ योजना लागू गर्ने कार्यक्रम**

नयाँ योजना लागू गर्दा लिइने जिल्ला संख्या र उक्त जिल्लामा हुने विभिन्न तहका विद्यार्थी तथा चाहिने शिक्षकको अनुमान तल दिइएको छः–

| साल | जिल्ला | प्राथमिक विद्यार्थी संख्या | निम्नमाध्यमिक विद्यार्थी संख्या | माध्यमिक विद्यार्थी संख्या | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| | | | | व्यावसायिक | साधारण | |
| २०२८ | २ | २७,००० | १०,८०० | ३,२४० | २,१६० | ५,४०० |
| २०२९ | १३ | १,००,००० | ४०,००० | १२,००० | ८,००० | २०,००० |
| २०३० | १५ | १,३०,००० | ५२,००० | १५,६०० | १०,४०० | २६,००० |
| २०३१ | २० | १,५०,००० | ६०,००० | १८,००० | १२,००० | ३०,००० |
| २०३२ | २५ | १,३३,००० | ५३,२०० | १५,९६० | १०,६४० | २६,६०० |
| | ७५ | ५,४०,००० | २,१६,००० | ६४,८०० | ४३,२०० | १,०८,००० |

चाहिने शिक्षक अनुमानः

| साल | प्राथमिक शिक्षक | निम्नमाध्यमिक शिक्षक | माध्यमिक | |
|---|---|---|---|---|
| | | | व्यावसायिक | साधारण |
| २०२८ | ९०० | ४३२ | ६५ | १५१ |
| २०२९ | ३,३३४ | १,६०० | २४० | ५६० |
| २०३० | ४,३३४ | २,०८० | ३१२ | ७२८ |
| २०३१ | ५,००० | २,४०० | ३६० | ८४० |
| २०३२ | ४,४३४ | २,१२० | ३१९ | ७४५ |
| | १८,००२ | ८,६३२ | १,२९६ | ३,०२४ |

द्रष्टव्यः– उपरोक्त जिल्लाहरुमा योजना लागू भइसकेपछि विद्यार्थी संख्या बढ्ने भएकोले सो ५ वर्षमा विभिन्न जिल्लाहरुमा बढ्ने विद्यार्थी संख्या र उक्त बढेको अनुपातमा चाहिने शिक्षक निम्नलिखित हुने अनुमान छ।

पाँच वर्षमा विभिन्न जिल्लामा थप हुने विद्यार्थी संख्या र लाग्ने खर्चः

| प्राथमिक | निम्नमाध्यमिक | माध्यमिक |
|---|---|---|
| ५४,००० | २१,६०० | १०,८०० |

| साल | लाग्ने खर्च |
|---|---|
| २०२९ | १०,००,००० |
| २०३० | १५,००,००० |
| २०३१ | १७,००,००० |
| २०३२ | २०,९५,२०० |
| जम्मा | ६२,९५,२०० |

विद्यार्थी संख्याका विभिन्न तह

**उच्च शिक्षा**
**माध्यमिक विद्यालयका विद्यार्थी संख्याको**

**माध्यमिक शिक्षा**
**निम्नमाध्यमिक विद्यालयका विद्यार्थी संख्याको ५०**

**निम्नमाध्यमिक शिक्षा**
**प्राथमिक विद्यालयका विद्यार्थी संख्याको ४० प्रतिशत**

**प्राथमिक शिक्षा**
**प्राथमिक शिक्षा उमेरका बालबालिकाहरुको ६४ प्रतिशत**

## योजना संचालन गर्नका लागि चाहिने खर्चको अनुमान

यस योजनामा उल्लेख गरे अनुसार प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक शिक्षालयहरुलाई आर्थिक अनुदान दिन चाहिने रकमको अनुमान निम्न बमोजिम छः–

| साल | प्राथमिक शिक्षक तलब | निम्नमाध्यमिक शिक्षक तलब | माध्यमिक शिक्षक तलब | बाँकी जिल्लाहरुको निमित्त आ.अ. | जम्मा |
|---|---|---|---|---|---|
| २०२८ | १७,४१,५०० | १०,३६,८०० | ९,६६,४०० | १,८०,००,००० | २,१७,४४,७०० |
| २०२९ | ८३,५२,५४० | ४८,७६,८०० | ५४,८६,४०० | १,५०,००,००० | ३,३७,१५,७४० |
| २०३० | १,७०,९९,४६० | ९८,६८,८०० | १,११,०२,४०० | १,२०,००,००० | ५,००,७०,६६० |
| २०३१ | २,७६,२९,६४० | १,५६,२४,००० | १,७५,८२,४०० | ८०,००,००० | ६,८८,३६,०४० |
| २०३२ | ३,८१,२२,४४० | २,०७,१२,००० | २,३३,२८,००० | | ८,२१,६२,४४० |
| | ९,२९,४५,५८० | ५,२१,१८,४०० | ५,८४,६५,६०० | ५,३०,००,००० | २५,६५,२९,५८० |

## हाल चलेका व्यावसायिक तालिम केन्द्रहरुको व्यवस्था र विश्वविद्यालयलाई अनुदान

हाल चलेका व्यावसायिक प्रशिक्षण केन्द्रहरुलाई योजनामा उल्लेख गरे अनुसार इन्स्टिच्यूटहरुमा परिवर्तन गर्न र तिनीहरुको क्षमता वृद्धि गर्न लाग्ने खर्चको अनुमान तल दिइएको छः–

| साल | चाहिने रकम | त्रिभुवन विश्वविद्यालयलाई अनुदान | जम्मा |
|---|---|---|---|
| २०२८ | १,००,००,००० | १३,००,००० | १,१३,००,००० |
| २०२९ | १,२०,००,००० | १५,००,००० | १,३५,००,००० |
| २०३० | १,५०,००,००० | १७,००,००० | १,६७,००,००० |
| २०३१ | १,७०,००,००० | २०,००,००० | १,९०,००,००० |
| २०३२ | २,००,००,००० | २४,००,००० | २,२४,००,००० |
| | ७,४०,००,००० | ८९,००,००० | ८,२९,००,००० |

**अपाङ्गहरुको निमित्त शिक्षाको व्यवस्था**

| साल | अनुमानित रकम |
|---|---|
| २०२८ | ३,००,००० |
| २०२९ | ३,००,००० |

| | |
|---|---|
| २०३० | ३,००,००० |
| २०३१ | ३,३०,००० |
| २०३२ | ३,००,००० |
| | १५,००,००० |

**व्यावसायिक तथा साधारण उच्चशिक्षाको निमित्त चाहिने खर्चको अनुमान**

उच्चव्यावसायिक शिक्षामा लाग्ने खर्चको अनुमान गर्दा यसै साथ प्रस्तुत गरिएको प्रति विद्यार्थी खर्चको अनुमानको आधारमा गरिएको छ। यसैगरी साधारण शिक्षातर्फ २५ प्रतिशतदेखि ५० प्रतिशतसम्म शिक्षक तलब रकम श्री ५ को सरकारले आर्थिक अनुदान दिने सिद्धान्तको आधारमा प्रति विद्यार्थी शिक्षक तलब अनुमान गरी सोही अनुसार आर्थिक अनुदान दिन चाहिने रकमको अनुमान निम्नलिखित हुन आउँछ।

**व्यावसायिक उच्चशिक्षा**

| साल | विद्यार्थी संख्या | प्रति विद्यार्थी खर्च | चाहिने रकम |
|---|---|---|---|
| २०२८ | ५,००० | १,२६० | ६३,००,००० |
| २०२९ | ६,०५० | १,२६० | ७६,२३,००० |
| २०३० | ७,०५० | १,२६० | ८८,८३,००० |
| २०३१ | ७,९८० | १,२६० | १,००,५४,८०० |
| २०३२ | ८,००० | १,२६० | १,१०,८८,००० |
| | | | ४,३९,४८,८०० |

**साधारण उच्चशिक्षा**

| साल | विद्यार्थी संख्या | प्रति विद्यार्थी शिक्षक खर्च | चाहिने रकम |
|---|---|---|---|
| २०२८ | २०,००० | ५२०।– | ५२,००,००० |
| २०२९ | १८,१५० | ५२०।– | ४७,१९,००० |
| २०३० | १६,४२० | ५२०।– | ४२,६९,२०० |
| २०३१ | १४,८२० | ५२०।– | ३८,५३,२०० |
| २०३२ | १३,२०० | ५२०।– | ३४,३२,००० |
| | | | २,१४,७३,४०० |

**प्राथमिक तथा माध्यमिक शिक्षक तालिममा लाग्ने खर्च**

| साल | प्राथमिक शिक्षक तालिम | लाग्ने खर्च | माध्यमिक शिक्षक तालिम | लाग्ने खर्च | जम्मा |
|---|---|---|---|---|---|
| २०२८ | १,००० | १५,००,००० | १०० | १५,००,००० | ३०,००,००० |
| २०२९ | १,००० | १५,००,००० | १०० | १५,००,००० | ३०,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २०३० | १,००० | १५,००,००० | १०० | १५,००,००० | ३०,००,००० |
| २०३१ | १,००० | १५,००,००० | १०० | १५,००,००० | ३०,००,००० |
| २०३२ | १,००० | १५,००,००० | १०० | १५,००,००० | ३०,००,००० |
| | ५,००० | ७५,००,००० | ५०० | ७५,००,००० | १,५०,००,००० |

प्राथमिक तथा माध्यमिक शिक्षक तालिमतर्फ लाग्ने खर्चको अनुमान गर्दा हाल विद्यार्थीहरुलाई तालिम अवधिमा भत्ता दिने गरेकोमा भत्ता नदिने व्यवस्था गर्दा हालको खर्चको ५० प्रतिशत प्राथमिक शिक्षातर्फ र माध्यमिक शिक्षक तालिमतर्फ ३० प्रतिशत कम हुने अनुमानमा लाग्ने खर्च अनुमान गरिएको छ।

**छात्रवृत्ति**

गरीब तथा प्रतिभाशाली विद्यार्थीहरुलाई छात्रवृत्ति दिने व्यवस्था गर्दा लाग्ने खर्चको अनुमान तल देखाइएको छः–

| साल | चाहिने रकम |
|---|---|
| २०२८ | २०,००,००० |
| २०२९ | २०,००,००० |
| २०३० | २०,००,००० |
| २०३१ | २०,००,००० |
| २०३२ | २०,००,००० |
| | १,००,००,००० |

**छोटो अवधिको तालिम**

विभिन्न विषयहरुमा शिक्षकहरुलाई दिइने छोटो अवधिको तालिम व्यवस्था गर्दा लाग्ने खर्चको अनुमान निम्न लिखित हुन आउँछः–

| साल | छोटो अवधिको तालिम गर्न चाहिने रकम |
|---|---|
| २०२८ | १,७२,६०० |
| २०२९ | १,२०,६०० |
| २०३० | १,२६,६०० |
| २०३१ | १,३७,००० |
| २०३२ | १,४७,००० |
| | ७,०३,८०० |

जनक शिक्षा सामग्री केन्द्र

जनक शिक्षा सामग्री केन्द्रलाई संचालन गर्न लाग्ने खर्चको अनुमान निम्नलिखित हुन आउँदछः–

| साल | चाहिने रकम |
|---|---|
| २०२८ | २०,००,००० |

| | |
|---|---|
| २०२९ | २०,००,००० |
| २०३० | २०,००,००० |
| २०३१ | २०,००,००० |
| २०३२ | २०,००,००० |
| | १,००,००,००० |

**प्राथमिक तथा माध्यमिक विद्यालयहरुलाई शैक्षिक सामग्री**

दुर्गम क्षेत्रका प्राथमिक तथा माध्यमिक विद्यालयहरुलाई शैक्षिक सामग्री तथा विद्यालय सामानको निमित्त आर्थिक अनुदान दिन लाग्ने खर्चः–

| साल | चाहिने रकम |
|---|---|
| २०२८ | २०,००,००० |
| २०२९ | २०,००,००० |
| २०३० | २०,००,००० |
| २०३१ | २०,००,००० |
| २०३२ | २०,००,००० |
| | १,००,००,००० |

**व्यावसायिक माध्यमिक विद्यालयहरुलाई शैक्षिक तथा व्यावसायिक सामग्री**

व्यावसायिक माध्यमिक विद्यालयहरुलाई व्यावसायिक सामग्रीहरु र प्रयोगशाला बनाउन चाहिने रकम आर्थिक अनुदान स्वरुप दिन चाहिने रकमको अनुमान निम्नलिखित हुन आउँछ। कार्यशाला निर्माण गर्दा २३ विद्यालयहरुलाई हुने गरी कार्यशाला निर्माण गरिनेछ। प्रत्येक विद्यालयलाई रु. २० हजार कार्यशाला बनाउन र रु. १० हजार व्यावसायिक सामग्रीको निमित्त दिइनेछ।

| साल | कार्यशाला निर्माण संख्या | कार्यशाला निर्माणको लागि चाहिने रकम | शैक्षिक सामग्रीको लागि चाहिने रकम | जम्मा |
|---|---|---|---|---|
| २०२८ | ३० | ६,००,००० | ३,००,००० | ९,००,००० |
| २०२९ | १३४ | २६,८०,००० | १३,४०,००० | ४०,२०,००० |
| २०३० | १७५ | ३५,००,००० | १७,५०,००० | ५२,५०,००० |
| २०३१ | १७७ | ३५,४०,००० | १७,७७,००० | ५३,१७,००० |
| २०३२ | १३२ | २६,४०,००० | १३,२०,००० | ३९,६०,००० |
| | ६४८ | १,२९,६०,००० | ६४,८७,००० | १,९४,७४,००० |

**शैक्षिक अनुसन्धान तथा सर्वेक्षण**

नेपाल अधिराज्यका शिक्षण संस्थाहरुको सर्वेक्षण गर्ने र शिक्षा क्षेत्रमा अनुसन्धान गर्ने यस योजना
अवधिमा निम्नलिखित रकम लाग्ने अनुमान गरिन्छः–

| साल | चाहिने अनुमानित रकम |
|---|---|
| २०२८ | १०,००,००० |
| २०२९ | १२,००,००० |
| २०३० | १५,००,००० |
| २०३१ | १७,००,००० |
| २०३२ | २०,००,००० |
| | ७४,००,००० |

राष्ट्रिय विद्यार्थी सेवा

नेपाल अधिराज्यका विद्यार्थीहरुलाई सामाजिक सेवा कार्य गर्न पठाउन लाग्ने खर्चको मोटामोटी अनुमान तल दिइएको छ। लाग्ने खर्चको अनुमान गर्दा सेवा कार्यमा पठाउँदा प्रत्येक विद्यार्थीलाई भत्ता मासिक रु. २००।– प्रत्येक विद्यार्थीलाई भ्रमण खर्च रु. ५००।– र सेवामा पठाउँदा तालिम दिन प्रत्येक विद्यार्थीलाई रु. १,०००।– लाग्ने अनुमानको आधारमा निम्नलिखित खर्च लाग्ने अनुमान गरिन्छः–

| साल | पठाउने विद्यार्थी संख्या | भत्ता खर्च | भ्रमण खर्च | तालिम खर्च | जम्मा |
|---|---|---|---|---|---|
| २०२८ | ५०० | १२,००,००० | २,५०,००० | ५,००,००० | १९,५०,००० |
| २०२९ | ५०० | १२,००,००० | २,५०,००० | ५,००,००० | १९,५०,००० |
| २०३० | ५०० | १२,००,००० | २,५०,००० | ५,००,००० | १९,५०,००० |
| २०३१ | ५०० | १२,००,००० | २,५०,००० | ५,००,००० | १९,५०,००० |
| २०३२ | ५०० | १२,००,००० | २,५०,००० | ५,००,००० | १९,५०,००० |
| | २,५०० | ६०,००,००० | १२,५०,००० | २५,००,००० | ९७,५०,००० |

**शिक्षा मन्त्रालयको प्रशासनिक खर्च**

शिक्षा मन्त्रालयको प्रशासनिक खर्चको अनुमान गर्दा यस योजनामा बढ्ने सम्भावित खर्चलाई समेत विचार गरी निम्नलिखित रकम चाहिने अनुमान गरिन्छः–

| साल | चाहिने रकम |
|---|---|
| २०२८ | १,२३,६३,४०० |

| | |
|---|---|
| २०२९ | १,२७,८२,२०० |
| २०३० | १,४५,१८,४०० |
| २०३१ | १,६५,२४,१०० |
| २०३२ | १,८५,६३,७५० |
| | ७,४७,५१,८५० |

**जम्मा चाहिने खर्चको तेरिज**

| | |
|---|---|
| प्राथमिक शिक्षक तलब | ९,२९,४५,५८० |
| निम्नमाध्यमिक शिक्षक तलब | ५,२१,१८,४०० |
| माध्यमिक शिक्षक तलब | ५,८४,६५,६०० |
| विभिन्न विद्यालयहरुलाई आर्थिक सहायता | ५,३०,००,००० |
| व्यावसायिक तालिम केन्द्रहरुको व्यवस्था गर्ने | ७,४०,००,००० |
| विश्वविद्यालयलाई आर्थिक अनुदान | ८९,००,००० |
| प्राविधिक शिक्षा विकास गर्ने | ४,३९,४८,८०० |
| साधारण उच्चशिक्षा विकास गर्ने | २,१४,७३,४०० |
| प्राथमिक शिक्षक तालिम | ७५,००,००० |
| माध्यमिक शिक्षक तालिम | ७५,००,००० |
| छात्रवृत्ति | १,००,००,००० |
| छोटो अवधिको शिक्षक तालिम | ७,०३,८०० |
| जनक शिक्षा सामग्री केन्द्र | १,००,००,००० |
| विद्यालयहरुलाई शैक्षिक सामग्री दिन | १,००,००,००० |
| विभिन्न जिल्लामा थप शिक्षकका लागि | ६२,९५,२०० |
| अपाङ्गहरुका लागि शिक्षा व्यवस्था | १५,००,००० |
| व्यावसायिक माध्यमिक विद्यालयहरुका लागि कार्यशाला निर्माण र व्यावसायिक सामग्री | १,९४,४७,००० |
| शैक्षिक अनुसन्धान | ७४,००,००० |
| राष्ट्रिय विद्यार्थी सेवा | ९७,५०,००० |
| शिक्षा मन्त्रालयको प्रशासनिक खर्च | ७,४७,५१,८५० |
| भैपरी आउने खर्च | ६५,००,००० |
| जम्माः– | ५७,६१,९९,६३० |

**विभिन्न सालमा चाहिने जम्मा रकम**

| | | | | |
|---|---|---|---|---|
| २०२८ | २०२९ | २०३० | २०३१ | २०३२ |
| ७,१५,३०,७०० | ९,१२,३०,५४० | ११,५३,६७,८६० | १३,९६,७२,१४० | १५,८३,९८,३९० |

उपरोक्त खर्चको अनुमानमा ५ प्रतिशत थपघट हुन सक्ने मार्जिन राख्दाः
५ प्रतिशत खर्च बढी भएमा लाग्ने खर्च – ६०,५०,०९,६११
५ प्रतिशत घट्न गएमा लाग्ने खर्च – ५४,७३,८९,६४९

यस योजनामा उल्लेख गरिएको पाँच वर्षको अनुमानमा प्राविधिक उच्चशिक्षा र माध्यमिक व्यावसायिक शिक्षाको कार्यशाला निर्माणका लागि खर्च समावेश गरिएकोछ र साधारणतः अरु प्रकारका भवन निर्माणका लागि खर्च यसमा समावेश गरिएको छैन। उक्त पाँच वर्षमा लाग्ने खर्चको अनुमानभन्दा थप रकम उपलब्ध भएमा मात्र अरु भवन आदिमा खर्च गर्न सकिनेछ।

# आगामी पाँच वर्षका लागि चाहिने विभिन्न तहको जनशक्तिको अनुमान

नेपाल योजनाबद्ध तरिकाबाट देशविकास गर्ने दिशातर्फ लम्कँदैछ। जुनसुकै योजनाको सफलता पनि त्यसको सफल कार्यान्वयनमा भरपर्ने कुरा निर्विवाद छ। योजनालाई प्रभावकारी ढंगबाट संचालन गर्न विभिन्न तहका प्राविधिक तथा व्यावसायिक जनशक्तिको आवश्यकता पर्दछ। त्यस किसिमको जनशक्तिको आवश्यकता पूरा गर्न नेपालको वर्तमान शिक्षा प्रणालीलाई नै नयाँ मोड दिई आवश्यक जनशक्तिको खाँचो पूर्ति गर्नु परेकोछ।

देशको निमित्त जनशक्ति तयार पार्दा त्यस्ता जनशक्ति के कति मात्रामा चाहिन्छन्, त्यसको पनि मोटामोटी अनुमान गर्नु आवश्यक भएकोले नेपालको निमित्त आगामी ५ वर्षभित्र चाहिने जनशक्तिको अनुमान निम्नलिखित आधारमा गरिएको छ। यो आधार युनेस्कोले सन् १९६७ मा दक्षिण पूर्व एशियाली मुलुकहरुका निमित्त १० वर्षका लागि चाहिने जनशक्तिको अनुमान गर्न प्रयोग गरेको थियो।

नेपालको निमित्त चाहिने जनशक्तिको अनुमान पनि यही आधारमा गरेमा नेपालको आर्थिक तथा सामाजिक विकासका लागि चाहिने जनशक्तिको मोटामोटी अनुमान निकाल्न सकिने भएकाले नेपालमा आगामी ५ वर्षका लागि चाहिने जनशक्तिको अनुमान पनि उपरोक्त आधारमा गर्ने प्रयास गरिएको छ। नेपालको निमित्त आगामी ५ वर्षमा चाहिने जनशक्तिको अनुमान निम्न आधारमा गरिएकोछः–

१. नेपालको राष्ट्रिय आम्दानी ५ वर्षमा २० प्रतिशत बढ्ने,

२. भएको जनशक्तिमा ४ प्रतिशत प्रति वर्ष क्षति हुने,

३. उच्च तहको जनशक्ति राष्ट्रिय आम्दानी वृद्धिदरको दोब्बर चाहिने,

४. मध्यमस्तरको जनशक्ति, उच्च तहको जनशक्तिको ५० प्रतिशत बढी चाहिने र निम्न तहको जनशक्ति मध्यम तहको जनशक्तिको दोब्बर चाहिने।

उपरोक्त आधारबाट नेपालको निमित्त आगामी ५ वर्षका लागि चाहिने जनशक्तिको अनुमान निम्न अनुसार हुनेछः–

| जनशक्तिको तह | २०२७।२०२८ मा भएको जनशक्ति | पाँच वर्षको वृद्धि प्रतिशत | पाँच वर्षमा हुन सक्ने जनशक्तिको वृद्धि प्रतिशत |
|---|---|---|---|
| उच्च तहको | ७,६४८ | २० | ४० |
| मध्यम तहको | ५,७६१ | २० | |
| निम्न तहको | ४,३३३ | २० | |

| भएको जनशक्तिमा हुने क्षति २० प्रतिशत | २०३१।०३२ सम्ममा उत्पादन गर्नु पर्ने जनशक्ति | २०३१।०३२ मा चाहिने विभिन्न तहका जनशक्ति | | |
|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न |
| १,५२९ | ४,६८८ | १०,७०७ | १६,०६१ | ३२,१२१ |
| १,१५२ | ११,४१६ | | | |
| ८६६ | २८,६५४ | | | |

उपरोक्त सारिणीबाट नेपालमा हाल भएको विभिन्न तहको जनशक्तिको स्थिति आवश्यकताको विपरित भएको देखिन्छ। उच्च तहको जनशक्ति ७,६४८, मध्यम तहको ५,७६१ र निम्न तहको ४,३३३ भएको देखिएको छ। यसबाट नेपालमा निम्न तहको भन्दा मध्यम तहको र मध्यम तहकोभन्दा उच्च तहको जनशक्ति बढी भएको देखिन्छ। हाम्रो देशको वर्तमान आवश्यकतालाई हेर्दा सबैभन्दा बढी निम्न तह, त्यसपछि मध्यम तह र अनि पछि मात्र उच्च तहको प्राविधिक तथा व्यावसायिक जनशक्ति आवश्यक पर्ने देखिएकाले आगामी ५ वर्षको निमित्त चाहिने जनशक्ति अनुमान गर्दा निम्न तहको जनशक्ति सबभन्दा बढी, त्यसपछि मध्यम स्तरको र अनि त्यसपछि मात्र उच्च तहको प्राविधिक जनशक्तिको आवश्यकता पर्ने देखिन्छ।

# योजना लागू गर्ने कार्यक्रम

नयाँ शिक्षा योजना देशभरी पाँच वर्षभित्र लागू गरिनेछ र कार्यान्वयन अवधिलाई निम्न बमोजिम तीन चरणमा विभाजित गरिनेछः–

१. प्रयोगात्मक चरण,

२. मध्यावधि चरण,

३. स्थायी चरण।

लागू गर्दा प्राथमिक शिक्षाको प्रथम कक्षादेखि क्रमशः लागू गर्दै जाने कुरा राम्रो हो। नयाँ योजना उच्चशिक्षासम्म लागू हुन करीव १२ वर्ष लाग्दछ, तर यतिका समयसम्म पर्खन आवश्यक र सम्भव नहुने भएकोले लागू गर्दा प्राथमिक शिक्षाको प्रथम श्रेणी, निम्नमाध्यमिक विद्यालयको शुरु कक्षामा, माध्यमिक विद्यालयको शुरु कक्षामा र उच्चशिक्षाको शुरु कक्षामा पनि साथसाथै शुरु गर्नु आवश्यक छ। तसर्थ कार्यान्वयनका लागि विभिन्न तहमा साथसाथै योजना गर्नु पर्ने हुन्छ।

यो योजना लागू गर्दा देशभरी एकैचोटी लागू गर्नुभन्दा प्रयोगात्मक चरणको प्रथम वर्ष प्रयोगका लागि २ जिल्ला छान्ने, त्यसपछि दोस्रो वर्ष १३ वटा थप जिल्लामा लागू गर्ने, मध्यावधि चरणको तेस्रो वर्ष १५ वटा थप जिल्लामा, चौथो वर्षमा थप २० जिल्लामा र स्थायी चरणमा पाँचौं वर्षमा २५ जिल्लामा गरी देशभर लागू गरिनेछ। उपरोक्त कार्यक्रम बमोजिम शुरु वर्षहरुमा जुन जुन जिल्लामा यो योजना लागू भएको छैन तापनि कुनै शिक्षण संस्थाले यो योजनाको आधारमा परिवर्तन गर्न चाहन्छ भने त्यसो गर्न स्वीकृति दिइनेछ।

निम्नलिखित जिल्लामा निम्न समयमा योजना लागू हुनेछः–

प्रथम वर्ष २ जिल्लामा लागू हुनेछ

चितवन र कास्की।

दोस्रो वर्ष १३ जिल्लामा लागू हुनेछ

झापा, मोरङ्ग, सप्तरी, धनुषा, बाँके, दाङ्ग, कञ्चनपुर, कैलाली, जुम्ला, बाग्लुङ्ग, रुपन्देही, धनकुटा र काभ्रेपलाञ्चोक।

तेस्रो वर्षमा १६ जिल्लाहरुमा लागू हुनेछ

ताप्लेजुङ्ग, पाँचथर, इलाम, काठमाडौं, पाटन, तेह्रथुम, सुनसरी, संखुवासभा, भक्तपुर, स्याङ्गजा, मनाङ्ग, लमजुङ्ग, तनहुँ, गोर्खा र सिन्धुपाल्चोक।

चौथो वर्षमा २० जिल्लामा लागू हुनेछ

सोलुखुम्बु, ओखलढुंगा, खोटाङ्ग, भोजपुर, उदयपुर, सिराहा, गुल्मी, अर्घाखाँची, पाल्पा, नवलपरासी, कपिलवस्तु, मुस्ताङ्ग, पर्वत, म्याग्दी, नुवाकोट, दोलखा, रामेछाप, सिन्धुली, सर्लाही र महोत्तरी।

पाँचौ वर्षमा २४ जिल्लामा लागू हुनेछ
मकवानपुर, पर्सा, बारा, रौतहट, दैलेख, जाजरकोट, सुर्खेत, बर्दिया, रुकुम, रोल्पा, सल्यान, प्यूठान, डोल्पा, मुगु, हुम्ला, तिबृकोट, दार्चुला, बैतडी, डँडेल्धुरा, बझाङ्ग, बाजुरा, डोटी, अछाम, रसुवा र धादिङ्ग।

**कार्यक्रम**

| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|
| | | ०२८।२९ | २०२९।३० | २०३०।३१ | २०३१।३२ | ०३२।३३ |
| कार्यक्रमबाट लागू हुने जिल्लाहरु | | २ | १३ | १५ | २० | २५ |
| कार्यक्रमबाट फाइदा पाउने विद्‌यार्थी संख्या | प्राथमिक<br>निम्नमाध्यमिक<br>**माध्यमिक**<br>व्यावसायिक<br>साधारण | २७,०००<br>१०,०००<br><br><br>३,२४०<br>२,१६० | १,००,०००<br>४०,०००<br><br><br>१२,०००<br>८,००० | १,३०,०००<br>५२,०००<br><br><br>१५,६००<br>१०,४०० | १,५०,०००<br>६०,०००<br><br><br>१८,०००<br>१२,००० | १,३३,०००<br>५३,०००<br><br><br>१५,९६०<br>१०,६४० |
| कार्यक्रम लागू गर्न चाहिने शिक्षक | प्राथमिक<br>निम्नमाध्यमिक<br>**माध्यमिक**<br>व्यावसायिक<br>साधारण | ९००<br>४३२<br><br>६५<br>१५१ | ३,३३४<br>१,६००<br><br>२४०<br>५६० | ४,३३४<br>२,०८०<br><br>३१२<br>७२८ | ५,०००<br>२,४००<br><br>३६०<br>८४० | ४,४३४<br>२,१२०<br><br>३१९<br>७४५ |
| कार्यक्रम लागू गर्न चाहिने निरिक्षकहरु | प्राथमिक<br>निम्नमाध्यमिक<br>माध्यमिक | ११<br>५<br>७ | ४२<br>२०<br>२४ | ५४<br>२६<br>३१ | ६३<br>३०<br>३६ | ५५<br>२७<br>३२ |
| कार्यक्रम लागू गर्न चाहिने रकम | | ७,१४,७२,२०० | ९,१२,३०,५४० | ११,५३,६७,८६० | १३,९६,७२,१४० | १५,८३,९८,३९० |

**कार्यक्रम**

| | प्रथम चरण २०२८.०२९ | दोस्रो चरण २०२९.०३० | तेस्रो चरण २०३०.०३१ | चौथो चरण २०३१.०३२ | पाँचौ चरण २०३२.०३३ |
|---|---|---|---|---|---|
| पाठयक्रम लागू | प्रथम चरणको जिल्लामा कक्षा १, ४ र ८ मा लागू हुने | दोस्रो चरणको जिल्लामा कक्षा १, ४ र ८ मा, प्रथम चरणको जिल्लामा कक्षा २, ५ र ९ मा लागू हुने | तेस्रो चरणको जिल्लामा कक्षा १, ४ र ८ मा, दोस्रो चरणको जिल्लामा कक्षा २, ५ र ९ मा प्रथम चरणको जिल्लामा कक्षा ३, ६ र १० मा लागू हुने | चौथो चरणको जिल्लामा कक्षा १, ४ र ८ मा, तेस्रो चरणको जिल्लामा कक्षा २, ५ र ९ मा, दोस्रो चरणको जिल्लामा कक्षा ३, ६ र १० मा, प्रथम चरणको जिल्लामा सबै कक्षाहरुमा लागू हुने | पाँचौ चरणको जिल्लामा कक्षा १, ४ र ८ मा, चौथो चरणको जिल्लामा कक्षा २, ५ र ९ मा, तेस्रो चरणको जिल्लामा कक्षा ३, ६ र १० मा, दोस्रो चरणको जिल्लामा सबै कक्षाहरुमा लागू हुन्छन्। प्रथम चरणको जिल्लामा सबै कक्षामा लागू हुने |

# नयाँ शिक्षा योजना संक्षिप्तमा

**१. शिक्षाको उद्देश्य**

राष्ट्र र राजमुकुटप्रति बफादार रही पञ्चायती व्यवस्था अनुकूल आचरण गर्ने नागरिक तयार गर्ने, तथा विज्ञान र प्राविधिक ज्ञानको प्रसार गरी देश विकासका लागि आवश्यक जनशक्तिको पूर्ति गर्नु हुनेछ।

**२. शिक्षाको संगठन**

निश्चित उद्देश्य प्राप्ति गर्ने लक्ष्य राखेर शिक्षाको संगठन गरिनेछ।

**२.१ प्राथमिक शिक्षा कक्षा १ देखि ३ सम्म हुनेछ**

यसको उद्देश्य बालबालिकाहरुलाई साक्षर बनाउनु हुनेछ।

**२.२ निम्नमाध्यमिक शिक्षा कक्षा ४ देखि ७ सम्म हुनेछ**

यसको उद्देश्य विद्यार्थीहरुको चरित्र निर्माण गर्नु हुनेछ।

**२.३ माध्यमिक शिक्षा कक्षा ८ देखि १० सम्म हुनेछ**

यसको उद्देश्य व्यावसायिक शिक्षा दिई दक्ष कार्यकर्ता तयार पार्नु हुनेछ।

**२.४ उच्चशिक्षाको दोस्रो प्रथम तह प्रमाणपत्र तह हुनेछ**

यसको उद्देश्य निम्न तहको प्राविधिक जनशक्ति तालिम गर्नु हुनेछ।

**२.५ उच्चशिक्षाको दोस्रो तह डिप्लोमा हुनेछ**

यसको उद्देश्य मध्यम स्तरीय जनशक्ति तालिम गर्नु हुनेछ।

**२.६ उच्चशिक्षाको तेस्रो तह डिग्री तह हुनेछ**

यसको उद्देश्य स्तरीय जनशक्ति तयार पार्नु हुनेछ।

**३. प्राथमिक शिक्षा**

३.१ यस तहमा बालबालिकाहरुलाई साक्षर बनाई नेपाली भाषाको ज्ञान र सीपको विकास गराउनमा जोड दिइनेछ, गणितको साधारण ज्ञान र आफ्ना राजा, रानी र देशका बारेमा साधारण ज्ञान दिइनेछ।

३.२ देशका ६ देखि ८ वर्षसम्म उमेरका बालबालिकाहरुको जनसंख्या मध्ये आगामी ५ वर्षमा ६४ प्रतिशतलाई प्राथमिक शिक्षाको सहुलियत प्रदान गरिनेछ।

३.३ एस.एल.सी. वा सो सरह र तालिम प्राप्त शिक्षकहरुलाई प्राथमिक शिक्षक बनाइने छ।

३.४ दुर्गम क्षेत्रका विद्यार्थीहरुलाई र गरीब विद्यार्थीहरुलाई निःशुल्क तथा अरुलाई सुपथ मोलमा राम्रो स्तरको पाठ्यपुस्तक उपलब्ध गराईनेछ।

३.५ प्राथमिक शिक्षाको अन्तमा जिल्लास्तरीय परीक्षा गरिनेछ।

३.६ प्राथमिक शिक्षकहरुको सम्पूर्ण तलबलाई आवश्यक रकम श्री ५ को सरकारले आर्थिक अनुदानको रुपमा दिनेछ।

## ४. निम्नमाध्यमिक शिक्षा

४.१ यस तहमा भाषा र गणितका शिक्षालाई अझ विस्तृत पारिनेछ।
राजभक्ति, देशभक्ति, अनुशासन र जिम्मेवारीको भावना सिकाउने उपयुक्त समय यही भएकोले पाठ्यपुस्तक तथा अरु कार्यकलापबाट चरित्र निर्माणमा जोड दिइनेछ। यसै तहमा पूर्व व्यावसायिक शिक्षा दिई श्रमप्रति इज्जत गर्ने भावना र श्रम गर्ने प्रबृत्ति विकास गराउने प्रयास हुनेछ।

४.२ प्राथमिक शिक्षा पाइरहेका विद्यार्थीहरुको ४० प्रतिशत बालबालिकाहरुलाई निम्नमाध्यमिक शिक्षाको सहुलियत दिइनेछ।

४.३ आई.एड., अथवा आई.ए. वा सो सरह र तालिम प्राप्त व्यक्तिहरुलाई निम्नमाध्यमिक शिक्षक बनाइनेछ।

४.४ दुर्गम स्थानमा शत प्रतिशत र अन्य क्षेत्रमा शिक्षक तलबको ७५ प्रतिशत रकम श्री ५ को सरकारले आर्थिक अनुदान दिनेछ।

४.५ निम्नमाध्यमिक शिक्षाको अन्तमा अञ्चलस्तरीय परीक्षा हुनेछ।

## ५. माध्यमिक शिक्षा

५.१ माध्यमिक शिक्षा तहमा सबैले व्यावसायिक ज्ञान हासिल गर्नु अनिवार्य हुनेछ। माध्यमिक शिक्षाबाट दक्ष कार्यकर्ता तयार गर्ने लक्ष्य राखिनेछ। माध्यमिक विद्यालयहरु तीन प्रकारका हुनेछन्।

(क॰ साधारण माध्यमिक विद्यालय— यसमा साधारण शिक्षाका विषयहरुमा ८० प्रतिशत र व्यावसायिक शिक्षामा २० प्रतिशत ज्ञान दिइनेछ।

(ख॰ व्यावसायिक माध्यमिक विद्यालय— यसमा व्यावसायिक शिक्षा ३० देखि ४० प्रतिशतसम्म सिकाइनेछ। साधारण शिक्षामा कम जोड दिइनेछ।

(ग॰ संस्कृत माध्यमिक विद्यालय— यसमा संस्कृत शिक्षामा बढ्ता जोड दिइनेछ।

५.२ प्राथमिक शिक्षा पाइरहेका विद्यार्थीहरुको २० प्रतिशत बालबालिकाहरु तथा निम्नमाध्यमिक शिक्षा पाइरहेका विद्यार्थीहरुको ५० प्रतिशतलाई माध्यमिक शिक्षाको सहुलियत दिइनेछ।

५.३ बी.एड. अथवा बी.ए. वा सोसरह पास गरी तालिम प्राप्त गरेको व्यक्तिलाई माध्यमिक विद्यालयको शिक्षक बनाइनेछ।

५.४ माध्यमिक शिक्षाको अन्तमा हुने राष्ट्रव्यापी जाँचलाई कायम राखिनेछ।

## ६. प्रौढ शिक्षा

प्रौढ शिक्षा दुई प्रकारका हुनेछन् .क॰ साक्षरता फैलाउने .ख॰ कार्यमूलक प्रौढ शिक्षा।

श्री ५ को सरकारले कार्यमूलक प्रौढ शिक्षा चलाउनमा जोड दिनेछ र साक्षरता कार्यक्रम वर्गीय संगठन तथा स्थानीय पञ्चायतहरु मार्फत संयुक्त जवाफदेहीमा चलाईनेछ।

**७. उच्चशिक्षा**

७.१ सम्पूर्ण देशको विकासका लागि आवश्यक जनशक्तिको अनुमान गरी जनशक्तिको आवश्यकतानुसार उच्चशिक्षाको कार्य पूरा व्यवस्था गर्ने हुनेछ। उच्च शिक्षामा पढाईको उच्चस्तर कायम गर्ने लक्ष्य राखिनेछ।

७.२ विश्वविद्यालयबाट उच्चशिक्षाको निम्ति छुट्टै प्रवेश परीक्षाको व्यवस्था हुनेछ।

७.३ उच्चशिक्षाको व्यवस्थाका लागि विश्वविद्यालय अन्तर्गत प्रत्येक विषयमा इन्स्टिटच्यूटहरु गठन हुनेछन्।

७.४ सबै प्रकारका उच्चशिक्षा विश्वविद्यालय अन्तर्गत गठन हुने इन्स्टिटच्यूटका अंग हुनेछन्। इन्स्टिटच्यूट बाहिर कुनै प्रकारको उच्चशिक्षा दिने संस्था राख्न नपाइने व्यवस्था हुनेछ।

७.५ उच्चशिक्षामा ६–६ महिनाको सेमेष्टर प्रथा लागू हुनेछ र प्रत्येक सेमेष्टरमा जाँच गर्ने व्यवस्था हुनेछ।

७.६ निम्नस्तरीय प्राविधिकहरुले उच्चतहको प्राविधिक हुन चाहेमा उच्च तहका प्राविधिक शिक्षण संस्थाहरुले भर्ना गर्दा लिने परीक्षा पास गर्न सकेमा उच्च प्राविधिक शिक्षा उपलब्ध गर्ने मौका दिइनेछ।

७.७ उच्चशिक्षाको एक तह पास गरेपछि माथिल्लो तहमा अध्ययन गर्ने क्षेत्रमा काम गर्न अनिवार्य गरिनेछ।

७.८ उच्चशिक्षामा पढ्ने विद्यार्थीहरु मध्ये क्रमशः कला विषयतर्फ घटाई प्राविधिक विषयतर्फ संख्या बढाउने व्यवस्था हुनेछ।

७.९ त्रिभुवन विश्वविद्यालय एउटा स्वशासित संस्था हुनेछ। शिक्षा मन्त्रालयले जनशक्तिको आवश्यकता अनुमान गर्नेछ र सो बमोजिम जनशक्ति तयार गर्ने जिम्मा त्रिभुवन विश्वविद्यालयको हुनेछ।

७.१० त्रिभुवन विश्वविद्यालयको संचालनको लागि सिनेट र सिण्डीकेटको सट्टामा एउटा विश्वविद्यालय सभा रहनेछ र उक्त सभामा ५० सदस्यहरु रहनेछन्।

**८. राष्ट्रिय शिक्षा समिति**

सम्पूर्ण शिक्षाको नीति निर्धारण गर्न एउटा उच्चस्तरीय “राष्ट्रिय शिक्षा समिति” गठन हुनेछ।

**९. शिक्षण विधि**

शिक्षण तरिकामा सुधार गर्न प्रत्येक विषयमा शिक्षण सुधार र अनुसन्धान गर्ने आयोजना गरिनेछ। उक्त आयोजनाद्वारा वैज्ञानिक ढंगले पढाउने तरिकाको अध्ययन,

अनुसन्धान र प्रयोग गरिनेछ र आवश्यक शैक्षिक सामग्री निर्माण, तालिम र जाँच आदि गरिनेछ।

माध्यमिक शिक्षासम्म पढाइको माध्यम नेपाली भाषा हुनेछ र उच्चशिक्षामा पढाइको माध्यम साधारणतः अंग्रेजी हुनेछ।

**१०. पाठ्यपुस्तक**

जनक शिक्षा सामग्री केन्द्रलाई स्वशासित संस्था बनाउने र उक्त केन्द्रले प्रमुख विषयका सबै पाठ्यपुस्तक लेखाउने, छपाउने एवं वितरण गराउने काम गर्नेछ। बाहिरका प्रकाशकहरुलाई नमूना अनुसार पुस्तक प्रकाशन गर्न प्रोत्साहन गरिनेछ।

**११. शिक्षक तालिम**

आवश्यकतानुसार तालिम प्राप्त शिक्षकहरुको संख्या बढाउन कला विषयमा शिक्षा प्राप्त गरिरहेका व्यक्तिहरुलाई शिक्षक तालिम दिइनेछ र कला महाविद्यालयहरुमा शिक्षण तालिम विषय पनि पढाइनेछ।

शिक्षण तालिमको स्तर बढाउन शिक्षक तालिमको पाठ्यक्रम र पाठ्यपुस्तकहरुको आधुनिकीकरण गरिनेछ र शिक्षण विधिका साथसाथै विषयवस्तुको शिक्षामा जोड दिइनेछ।

**१२. शिक्षकहरुको सेवा शर्तमा सुधार**

गैह्र सरकारी शिक्षकहरुको सेवालाई नियमित र सुरक्षित बनाउन जिल्ला स्तरमा शिक्षक सेवा गठन गरिनेछ र महाविद्यालयका शिक्षकहरु विश्वविद्यालय सेवा आयोगबाट नियुक्त हुनेछन्। शिक्षकहरुको तलब समान योग्यता भएकाले अरु पेशामा पाउने सरह हुनेछ। गैह्र सरकारी शिक्षकलाई पनि अवकाश पाएपछि अनुदान दिइनेछ। शिक्षकहरुको मोशनमा शैक्षिक योग्यता, अनुभव, विशेष काम, स्वस्थ र दुर्गम क्षेत्रमा काम गरेको आदि आधारहरु रहनेछन्।

**१३. परीक्षा**

आन्तरिक मूल्याङ्कन प्रथा लागू गरिनेछ र विद्यार्थीहरुको विवरण राख्ने व्यवस्था हुनेछ। प्रत्येक तहको अन्तमा अन्तिम परीक्षा हुनेछ।

एस.एल.सी. को प्रश्न र जाँच गर्ने तरिकामा सुधार ल्याइनेछ। आन्तरिक परीक्षाको नम्बर एस.एल.सी. जाँचमा पनि गणना हुनेछ।

**१४. शिक्षा प्रशासन**

शिक्षा प्रशासनमा योजना कार्यान्वयन, मूल्यांकन आदि साथसाथै जाने व्यवस्था गरिनेछ। योजना र मूल्याङ्कनको कार्य पूरा केन्द्रीकृत हुनेछ र यसलाई कार्यान्वयन गर्ने काम विकेन्द्रीकृत हुनेछ। कार्यान्वयनलाई छिटोछरितो पार्न पूर्वाञ्चल, मध्यमाञ्चल

र पश्चिमाञ्चलहरुमा क्षेत्रीय निर्देशनालयहरु रहनेछन्। जिल्लामा जिल्ला शिक्षा अधिकारी रहनेछ र जिल्लाका विद्यालयहरुसँग तिनीहरुको सोझै सम्बन्ध रहनेछ।

**१५. निरीक्षण**

केन्द्रले विद्यालयमा हुनुपर्ने साधन तथा पढाइको स्तर निर्धारण गर्नेछ र जिल्ला कार्यालयले वर्षको दुई पटक साधनको पर्याप्तता र पढाइको स्तरको निरीक्षण गर्नेछ। निरीक्षणको प्रतिवेदनका आधारमा विद्यालयको मूल्यांकन हुनेछ र सोही आधारमा मात्र विद्यालयले अनुदान पाउने व्यवस्था हुनेछ।

१६. आर्थिक अनुदानको नीति

शिक्षकको तलबको लागि सरकारले आर्थिक अनुदान दिने, भवन र अरु साधन निजी स्रोतबाट बनाउने शर्त हुनेछ।

**१७. अतिरिक्त कार्यकलाप**

अतिरिक्त कार्यकलापलाई शैक्षिक कार्यक्रमको अभिन्न अङ्गको रुपमा लागू गर्ने र अतिरिक्त कार्यकलापद्वारा विद्यार्थीहरुमा अनुशासन, स्वावलम्बन र जिम्मेवारीको भावना जगाउने प्रयास हुनेछ।

**१८. भौतिक साधनहरु**

विद्यालयमा विद्यालय भवन, फर्निचर र अरु सामानहरु बारे शिक्षा मन्त्रालयले विस्तृत निर्देशन निकाल्नेछ र प्रत्येक विद्यालयमा प्रत्येक कक्षाका लागि एउटा कोठा र माध्यमिक विद्यालयमा थप प्रयोगशाला, कार्यशाला र पुस्तकालय कोठा हुनु पर्नेछ।

**१९. राष्ट्रिय विकास सेवा**

प्रत्येक उच्चशिक्षा पाउने विद्यार्थीमध्ये उच्चशिक्षाको तृतीय वर्ष अथवा पाँचौं वर्ष पास गरेपछि एक वर्षका लागि राष्ट्रिय विकास सेवा अन्तर्गत गाउँ गाउँमा गई सेवा गर्नु पर्ने व्यवस्था गरिनेछ।

राष्ट्रिय विकास सेवालाई चार दलमा विभाजित गरिएको छः–

(क॰ शिक्षा सेवा दल,
(ख॰ स्वास्थ्य सेवा दल,
(ग॰ कृषि सेवा दल,
घ॰ निर्माण दल।

उल्लिखित दलहरुलाई सैनिक तालिम र अरु व्यावसायिक तालिम दिई गाउँ गाउँमा खटाइनेछ। काममा खटिंदा सम्बन्धित मन्त्रालयले पारिश्रमिक दिनेछ।

राष्ट्रिय विकास सेवाका सदस्यहरुको कामको निरीक्षण र मूल्याङ्कन हुनेछ।

२०. छात्रवृत्तिको व्यवस्था

गरीब जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।